# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

श्री आहुति (वि.सं.२०२३) नेपाली साहित्यमा प्रगतिवादी साहित्यकारका रूपमा स्थापित छन् । आधुनिक नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि आधुनिक प्रगतिवादी उपन्यासको क्षेत्रमा एक सफल एवम् सशक्त उपन्यासकारका रूपमा प्रसिद्ध छन् । वि.सं.२०४३ को **दियो** पत्रिकामा **शिलापत्रको हकदार** एकाङ्कीसंगै नेपाली साहित्यमा पर्दापण गरेका आहुतिले साहित्य र राजनीति दुवै क्षेत्रमा आफूलाई अगाडि बढाएका छन् । **तपस्वीका गीतहरू** (कविता सङ्ग्रह : २०४९), **नयाँ घर** (उपन्यास : २०५०), **स्खलन** ( उपन्यास : २०५९), **धुवाँ, आगो र मानिस** (अनुवाद उपन्यास : २०६१) आदि कृतिहरूका माध्यमबाट नेपाली साहित्यलाई सम्पन्न बनाउने कार्यमा आहुतिले महत्वपूर्ण योगदान दिएका छन् । विविध पत्रपत्रिकामा समेत थुप्रै लेख-रचनाहरू प्रकाशित गरेका आहुतिले **नयाँ घर** उपन्यासमा समकालीन राजनैतिक परिवेशका यथार्थ चित्रण गर्नुका साथै अन्याय, अत्याचार, दमन, शोषण आदिका विरुद्ध विद्रोहको स्वरलाई उँचो बनाएका छन् । वामपन्थी राजनैतिक उतारचढाव, चरित्र, दृष्टिकोण मानवतावाद तथा नारी सचेतनालाई माथि उठाउने आहुतिको प्रयास प्रशंसनीय रहेको देखिन्छ । आहुतिको **नयाँ घर** उपन्यासको सामान्य अध्ययन र चर्चाहरू भए तापनि यस उपन्यासका विभिन्न पात्रहरूको विधानको बारेमा अध्ययन हुन सकेको छैन । यसर्थ यस शोधकार्यमा उनको **नयाँ घर** उपन्यासको पात्रविधानको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

आहुतिद्धारा लिखित **नयाँ घर** उपन्यास बारे गहिरो अध्ययन-विश्लेषण नहुनुका साथै औपन्यासिक पात्रविधानबारे छुट्टै अध्ययन नभएकोले यसबारे अध्ययन गर्नु वाञ्छनीय र सान्दर्भिक भएको हुँदा अध्ययन गर्ने प्रयास गरिएको छ । यसर्थ यस शोधकार्यमा उनको उपन्यास **नयाँ घर** मा चित्रित चरित्र/पात्रहरूमा केन्द्रित भई निम्न अनुसारका समस्याहरू उठाउने जमर्को गरिएको छ :-

क. **नयाँ घर** उपन्यासको पात्रविधान के-कस्तो छ ?

ख. आहुतिको उपन्यासकारिता के-कस्तो छ ?

ग. **नयाँ घर** उपन्यास कस्तो प्रकारको उपन्यास हो ?

## १.३ शोधपत्रको उद्देश्य

आहुतिको **नयाँ घर** उपन्यासको पात्रविधानमा केन्द्रित रही अध्ययन गरिने शोधकार्यका उद्देश्यहरू निम्नानुसारका रहेका छन् :

क. **नयाँ घर** उपन्यासको पात्रविधान औपन्यासिक तत्वका आधारमा अध्ययन विश्लेषण गर्ने ।

ख. आहुतिको उपन्यासकारिताको अध्ययन विश्लेषण गर्ने ।

ग. **नयाँ घर** उपन्यासको विश्लेषण-मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

आहुतिको **नयाँ घर** उपन्यासको बारेमा विभिन्न पत्रपत्रिका तथा कृतिमा विभिन्न साहित्यकारहरूले केही चर्चा गरेका छन् ,जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

न्यायिक मञ्च प्रकाशन प्रा.लि. (२०५०) ले **नयाँ घर** उपन्यासको प्रकाशकीय भूमिकामा **नयाँ घर** उपन्यासलाई नेपालको कम्युनिस्ट आन्दोलनलाई केन्द्रबिन्दुमा राखेर लेखिएको पहिलो उपन्यासको रूपमा चित्रण गरिएको छ ।

मोहन विक्रम सिंह (२०५०) ले **एउटा नयाँ र साहसिलो प्रयोग** शीर्षकको भूमिकामा **नयाँ घर** उपन्यासले राजनीतिलाई मात्र आफ्नो विषयवस्तु नबनाई सिधै कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीको कथालाई अगाडि बढाएको छ भनेका छन् ।

चैतन्य (२०५०) ले **नयाँ घर एक नयाँ आयाम** शीर्षकको भूमिकामा **नयाँ घर** उपन्यासले वर्ग संङ्घर्षको हरियो धर्तीमा खडा सजीव र सक्रिय मान्छेहरूका, कम्युनिस्ट आन्दोलनका क्रियाशील तथा सचेत योद्धाहरूका मनोभावहरूलाई संङ्घर्षको गतिमा समेटेर तिनलाई नयाँ उचाइ प्रदान गर्दै एक नयाँ आकारमा अभिव्यक्ति दिने प्रयास गरेको कुरा उल्लेख गरेका छन् ।

खगेन्द्र सङ्ग्रौला (२०५१) ले **वेदना** पत्रिकामा **आहुतिको नयाँ घर एक पाठकको दृष्टिमा** शीर्षकको लेखमा आहुति शोषित र दलित नेपाली जीवनको पींधबाट व्युँझेर आफ्नो वर्गको मुक्तिका निम्ति वर्ग संङ्घर्षको बौद्धिक र व्यवहारिक दुबै मोर्चामा डटेका प्रतिभाशाली

लडाकु युवक हुन् भनेका छन् ।

राजेन्द्र सुवेदी (२०५३) ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक कृतिमा **नयाँ घर** उपन्यासमा निम्नवर्गीय समाजको उपज सर्वहाराकरणको अभियान एकातिर उपन्यासको उद्देश्य रहेको छ भने अर्कोतिर नेपालको कम्युनिस्ट पार्टीको स्वरुप, संस्कार र संरचनामा दिन-प्रतिदिन बढ्दै गएको पूँजीवादी, नवआधुनिकवादी विकृतियुक्त संस्कारलाई सचेततापूर्वक स्थापित गरेको कुरा बताएका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) कृतिमा **नयाँ घर** उपन्यास नेपाली उपन्यासका क्षेत्रमा देखिएको वृहतकायको प्रगतिवादी उपन्यास हो भनेका छन् ।

यसप्रकार आहुतिको **नयाँ घर** उपन्यासको बारेमा विविध चर्चा परिचर्चा भए तापनि **नयाँ घर** उपन्यासको पात्रविधानको बारेमा हालसम्म समग्र अध्ययन-विश्लेषण गर्ने काम कसैले गरेका छैनन् । त्यसकारण यस शोधकार्यमा आहुतिको **नयाँ घर** उपन्यासको पात्रविधानको बारेमा अध्ययन-विश्लेषण गर्ने कार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्व

नेपाली साहित्यका बहुमूखी प्रतिभाका धनी आहुति नेपाली प्रगतिवादी उपन्यासको क्षेत्रमा प्रसिद्ध छन् । उनको **नयाँ घर** उपन्यासको बारेमा विभिन्न व्यक्तित्वहरूले विभिन्न पक्षबाट समीक्षा गरे तापनि यसको पात्रविधानको अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । साथै यस शोधकार्यबाट उनको परिचयका साथै उपन्यासकारिताबारेसमेत अध्ययन-विश्लेषण गरिएको छ भने अर्कातिर उनको **नयाँ घर** उपन्यासमा प्रयुक्त पात्रहरूको पात्रविधान के-कस्तो रहेको छ भन्ने कुराको ज्ञान समेत उपलब्ध गराइएको छ । नेपाली उपन्यासमा रुचि राख्ने सम्पूर्ण पाठक र विशेषगरी उनको **नयाँ घर** उपन्यासको अध्ययन गर्ने पाठकहरूका लागि प्रस्तुत शोधकार्य उपलब्धिमूलक एवम् औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

आहुतिको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै उनको उपन्यासकारिताको अध्ययन-विश्लेषण गरी **नयाँ घर** उपन्यासको पात्रविधानबारे औपन्यासिक तत्वका आधारमा वर्गीकरण -विश्लेषण गरी अध्ययन गर्नु नै यसको क्षेत्र/सीमाङ्कन रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको लागि मुख्यतः उपन्यास कृति र पत्र-पत्रिकाको अध्ययनमा नै जोड दिइने हुनाले सामग्री सङ्कलन विधिमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । साथै आफूभन्दा अगाडिका शोधकार्यलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । आवश्यकतानुसार शोधशीर्षकसँग सम्बन्धित व्यक्तित्व, विशेषज्ञ तथा प्राध्यापक आदिबाट प्राप्त जानकारीलाई पनि यथोचित रूपमा प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यका लागि जीवनीपरक, प्रभावपरक, कृतिपरक अध्ययन पद्धतिलाई यथोचित प्रयोग गरी सङ्कलित सामग्रीहरूको अध्ययन व्याख्यात्मक, विश्लेषणात्मक र विवरणात्मक ढङ्गले गरिएको छ । साथै आवश्यकतानुसार अन्य व्यावहारिक तथा सैद्धान्तिक विश्लेषण र विवेचनात्मक पद्धति पनि अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

यस शोधपत्रमा जम्मा पाँच परिच्छेद रहनेछन् :-

परिच्छेद एक - शोध परिचय

परिच्छेद दुई - उपन्यासको सैद्धान्तिक परम्परा

परिच्छेद तीन - आहुतिको औपन्यासिक यात्रा र प्रवृत्ति

परिच्छेद चार - **नयाँ घर** उपन्यासको पात्रविधान

परिच्छेद पाँच - १. उपसंहार तथा निष्कर्ष

२. सन्दर्भसूची

उपर्युक्त पाँच परिच्छेदलाई आवश्यकता अनुसार शीर्षक, उप-शीर्षकमा विभाजन गरी **नयाँ घर** उपन्यासको पात्रविधानको अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# उपन्यासको सैद्धान्तिक परम्परा

## २.१ परिचय

आधुनिक नेपाली साहित्यका विविध विधाहरूमध्ये एक नवीन विधाका रूपमा उपन्यासलाई अगाडि सार्न सकिन्छ । यसको इतिहास अन्य विधाहरूको तुलनामा छोटो भए तापनि नेपाली साहित्यमा मात्र नभई विश्वसाहित्यमा नै एउटा स्थापित र लोकप्रिय विधाको रूपमा उपन्यास विधालाई लिइएको छ । नेपाली साहित्यको 'उपन्यास' शब्द तत्सम शव्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ्' प्रत्ययसमेत लागेर (उप+नि+अस्+घञ्) उपन्यास शब्दको व्युत्पत्ति भएको हो । संस्कृतमा उपन्यासले कुनै वस्तु कसैको समीपमा राख्नु भन्ने अर्थ बुझाउँछ । यसर्थ जीवन र जगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु विन्यस्त गर्नु नै उपन्यास हो ।

संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रूपमा हेरिएको छ भने गद्य आख्यानको रूपमा प्रचलित अङ्ग्रेजी साहित्यको नोबेल (Nobel) शब्द नेपाली साहित्यको उपन्यास शब्दको पर्यायवाची शब्दको रूपमा आएको प्रतीत हुन्छ । नोवेल शब्द इटालेली भाषाको नोविले (Novelle) बाट आएको हो । इटालेली नोविले शब्द ल्याटिन भाषाको नोवस् (Noves) तथा नोवलस् (Novallows) शब्दबाट आएको हो । अङ्ग्रेजीको यही नोबेल शब्द बंगाली, हिन्दी साहित्यमा स्थापित हुँदै नेपाली साहित्यमा उपन्यास विधाको रूपमा विकसित हुँदै आएको देखिन्छ । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, किस्सा, टिप्पणीमूलक समाचार आदि अर्थलाई बुझाए तापनि आधुनिक साहित्यमा उपन्यासले आफ्नो छुट्टै अर्थ कायम गरेको छ । वास्तवमा उपन्यास निश्चित आयाम भएको गद्यमय आख्यान हो जसमा मानवजीवन र जगत्को यथार्थ पक्षको सजीव चित्रण गरिएको हुन्छ । यसको वस्तुविन्यास व्यवस्थित, शृङ्खलित, सङ्गठित र पूर्ण हुन्छ ।

केही विद्वान्हरूले उपन्यासलाई विभिन्न कोणबाट परिभाषित गरेका छन् :

उपन्यासलाई जीवनको नवीन रस सृजना गर्ने वस्तुका रूपमा लिने गरिन्छ । यसमा जीवनको यथार्थ चित्रणका प्रस्तुतिहरू जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ । वस्तुलाई शिल्पले र शिल्पलाई शैलीले संयोजन गरिदिएको हुन्छ । समाजका जीवनमा आएका परम्परा र साँस्कृतिक पक्षहरू, चिन्तनपरम्परा र मान्यताका मापदण्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ । रचनामा

अन्तर्वस्तु र रूपको समन्वय गरिनुपर्छ भन्ने धारणा प्रस्तुत गरिएको हुन्छ । रचनामा कथ्य र कथनको, भाषा र शैलीको, युग र जीवनको, परिवेश र विचारको, शिल्प र प्रस्तुतिको अवस्थालाई उपयुक्त ढङ्गले मानवजीवनका इतिवृत्तमा बिम्बन गर्ने काम गरिएको हुन्छ (सुवेदी, २०६४: १२) ।

"मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ" (बराल र एटम, २०५६ :८) ।

उपन्यास कल्पित, विशालकाय तथा गद्यमय आख्यान हो जसमा वास्तविक जीवनको यथार्थ चित्रण रहन्छ । (पौड्याल, २०५९: १८६)

यसर्थ यथार्थ जीवनको सम्पूर्ण चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको गद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

## २.२ उपन्यासका तत्त्वहरू

उपन्यासलाई साहित्यिक विधाको रूपमा चिनाउन यसमा प्रयोग गरिने विभिन्न घटक वा अवयवको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा प्रयोग गरिने विभिन्न तत्त्वहरूलाई यसरी चर्चा गर्न सकिन्छ :

### २.२.१ संरचना

कुनै पनि कृतिको बनावट नै संरचना हो । हरेक साहित्यिक विधाको छुट्टाछुट्टै संरचना र संरचक तत्त्वहरू रहने गर्दछन् । उपन्यासकारले आफ्ना भावना, विचार वा सन्देशलाई व्यक्त गर्न पात्र, परिवेश, कथानक आदि मार्फत् आख्यानात्मक योजना तयार गर्दछ, यही योजना नै उपन्यासको संरचना हो । साहित्यमा संरचनाको कुरा गर्दा कुनै खास विधा कथा, उपन्यास, कविता आदिसित सम्बद्ध आवश्यक अङ्गउपाङ्ग, तन्तुहरू, अवयव र उपकरणहरूको अनुशासित र व्यवस्थित सङ्गठनात्मक व्यवस्थापन हो भन्ने बोध हुन्छ (बराल,२०५६:२०) । यसरी संरचना भन्नाले कुनै विधा निर्माणका लागि ती विधाहरूको तत्त्वको व्यवस्थित गठन भन्ने बुझिन्छ । कृतिको संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासको आन्तरिक संरचना अन्तर्गत त्यसका संरचक तत्त्वहरू पर्दछन् भने बाहय संरचना अन्तर्गत उपन्यासको आकारप्रकार, पृ.ष्ठ, अनुच्छेद, पङ्क्तियोजना आदि पर्दछन् ।

## २.२.२ कथावस्तु र कथानक

उपन्यासका संरचक तत्त्वहरूमध्ये कथानक महत्त्वपूर्ण मानिन्छ । यसले उपन्यासलाई सबल र मूर्त तुल्याउँछ । आख्यानमा घटनावलीको भोजन वा ढाँचालाई कथानक भनिन्छ (शर्मा,२०५९: १११) । विना कथानक उपन्यासको कल्पना गर्न सकिदैन तर आजभोलि कथानकविहीन उपन्यासको लेखन गर्ने प्रयोग पनि भइरहेको छ । कथानकहीन उपन्यासको चर्चा चले पनि क्षीणरूपमा भए पनि कथानकको उपस्थिति भएकै पाइन्छ । कथानक कथावस्तुको प्रस्तुतिका क्रममा देखापर्ने घटनाक्रमहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो; यो कार्यव्यापार हो (बराल, २०५६:२८) । कथानकका माध्यमबाट उपन्यासकारले आफूले व्यक्त गर्न खोजेको जीवनदर्शन भनिरहेको हुन्छ । कथानकको घनिष्ठ सम्बन्ध पात्र तथा उद्देश्यसित रहेको हुन्छ । कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा आयोजित भएको हुन्छ । कथावस्तुको गतिक्रमलाई मूर्त र प्रभावकारी बनाउन कथानकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कथानकको निर्माण उपन्यासभित्र घटित विभिन्न सानाठूला, गौण, सामान्य घटनाहरूको संयोजनबाट हुने गर्दछ । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा भएकाले यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५६:३१) । कथानकको विकासका लागि द्वन्द्व र क्रिया अत्यावश्यक छ । चाहे क्षीण होस् वा सबल बिनाकथानक उपन्यास सम्भव छैन ।

### २.२.२.१ कथानकको स्रोत

उपन्यासमा विविध स्रोतका कथानकको उपयोग गरिएको हुन्छ । यस्तो कथानकलाई लेखकले आफ्नो बुद्धि, अनुभूति र तर्कको मिश्रण गरेर उपन्यासमा प्रस्तुत गर्दछ । भिन्न स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नाका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेरमात्र कथानकको सिर्जना गर्दछ (बराल र एटम, २०५८:२४) । परम्परागत मान्यताअनुसार कथानकका प्रख्यात र उत्पाद्य गरी दुईप्रकारका स्रोतहरू रहेका छन् । आधुनिक सिद्धान्तकारहरूले पाँच प्रकारका स्रोतहरू देखाएका छन्- इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना ।

### २.२.२.२ कथानकका आवश्यक उपकरणहरू

कथानकको विकास नभएसम्म उपन्यास पूर्ण बन्न सक्दैन । त्यसका लागि द्वन्द्व र क्रियाको आवश्यकता पर्दछ । कथानक घटनाहरूको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकाले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्व रहन्छ (बराल र एटम, २०५८: २६) । कथानकको विकास हुनका लागि द्वन्द्व अति नै आवश्यक छ । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तरजटिलताको सूचक हो जुन तीन तहमा विभक्त हुन्छ : मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छेमान्छेको विषमताका कारणले दुबैमा वैमनस्यता जन्माउने द्वन्द्व र मान्छेको आफैँभित्र देखापर्ने तनावमूलक द्वन्द्व (सुवेदी, २०५३:१८) । बहुमान्य सिद्धान्तअनुसार द्वन्द्वका दुई प्रकारहरू रहेका छन् : आन्तरिक र बाह्य ।

### २.२.२.३ कथानकको आङ्गिक विकास

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो (बराल र एटम, २०५६: २६) । कथानक विकास हुँदा आदि, मध्य र अन्त्यको शृङ्खलामा भएको हुन्छ । आजभोलि लेखिएका कतिपय उपन्यासहरूमा आदि, मध्य र अन्त्यको शृङखला नपाउन पनि सकिन्छ ।

### २.२.२.४ कथानकको ढाँचा

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनावलीहरूको संयोजनको अवस्था नै कथानकको ढाँचा हो (बराल र एटम, २०५८: २८) । कथानकलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने काम ढाँचामा भर पर्दछ । कथानकको ढाँचा दुई प्रकारको देखिन्छ - रैखिक ढाँचा र वृत्ताकारीय वा वर्तुलित ढाँचा । कथानक सरासरी अगाडि बढेको ढाँचा रैखिक ढाँचा हो । पूर्वदीप्ति शैलीको प्रयोग गरी कथानकलाई, विचलन गराई प्रस्तुत गरिएको ढाँचा वृत्ताकारीय ढाँचा हो ।

### २.२.३ चरित्र र चरित्रचित्रण

पात्र वा चरित्र विना उपन्यासको कल्पना गर्न सकिदैन । आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ (शर्मा, २०५९: ११४) । उपन्यासका पात्रहरू मानवीय र मानवेतर गरी दुई प्रकारका हुन्छन् । उपन्यासकारले पात्रलाई माध्यम बनाएर आफूले उपन्यासमा व्यक्त गर्न खोजेको

जीवन दर्शन प्रस्तुत गरिरहेको हुन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५८: ३०) । उपन्यासमा पात्रको माध्यमबाट परिवेश, पात्रले भोगेको जीवन, राजनीति, समाज, संस्कृति आदिको ज्ञान प्राप्त गर्न सकिन्छ । उपन्यासका पात्रहरूको सम्बन्ध कथावस्तु र उद्देश्यसित रहेको हुन्छ । पात्र तथा चरित्रहरू कथानकको गतिका संवाहक हुन् र कथानकको गति र कार्यअनुरूप चरित्रको चित्रण, विकास, व्यवहार, आरोहअवरोहका क्रियाकलापहरू चारित्रीकरण हो ।

उपन्यासमा प्रयोग गरिएका पात्रहरू विभिन्न सन्दर्भहरूबाट टिप्ने गरिन्छ । उपन्यासमा प्रयुक्त पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस्ता आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, आबद्धता रहेका छन् जसलाई निम्नानुसार हेर्न सकिन्छ (शर्मा, २०५६: ११४) ।

### २.२.३.१ लिङ्गका आधारमा

उपन्यासमा प्रयोग भएका पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार लिङ्ग हो । यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका छन् ।

### २.२.३.२ प्रवृत्तिका आधारमा

पात्रले प्राप्त गर्ने सत् र असत् भूमिकाका आधारमा गरिने वर्गीकरण प्रवृत्तिको आधारको वर्गीकरण हो । यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् - सकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूतिसमेत प्राप्त गर्ने पात्र अनुकूल र नकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूति प्राप्त नगर्ने पात्र प्रतिकूलअन्तर्गत पर्दछन् ।

### २.२.३.३ कार्यका आधारमा

उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिकाका आधारमा पात्रहरूलाई वर्गीकरण गर्ने आधार कार्य हो । यस आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका पात्रहरू हुन्छन् । सबैभन्दा बढी कार्य/भूमिका प्राप्त गर्ने पात्र प्रमुख, प्रमुखभन्दा केही कम भूमिका प्राप्त गर्ने

पात्र सहायक र न्यून भूमिकामा उपस्थित पात्र गौणअन्तर्गत राख्न सकिन्छ । गौणपात्र हटाइदिने हो भने पनि कथानकमा त्यति असर पर्दैन ।

### २.२.३.४ स्वभावका आधारमा

यस आधारमा पात्रहरू गतिशील र गतिहीन हुन्छन् । प्राप्त कार्यभूमिकाका आधारमा परिस्थिति बदलिँदा पनि आद्यन्त उस्तै रहने पात्र गतिहीन र परिवर्तन हुने पात्र गतिशील हुन्छ । गतिशील पात्रहरू परिस्थितिअनुसार स्वभाव बदल्ने गर्दछन् ।

### २.२.३.५ जीवनचेतनाका आधारमा

यस आधारमा पात्र वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गीय पात्रले कुनै न कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छन् भने व्यक्तिगत पात्रले आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको स्वभाव खोज्दछन् ।

### २.२.३.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । यदि बद्ध पात्रलाई उपन्यासबाट झिकिदिने हो भने उपन्यासको संरचना खजमजिन्छ तर मुक्त पात्रलाई झिकिदिने हो भने संरचनामा कुनै परिर्वतन आउँदैन ।

### २.२.३.७ चरित्रचित्रणप्रविधि

उपन्यासमा पात्रको चित्रण के-कस्तो किसिमले गरिएको छ भनी पर्गेल्ने काम चरित्रचित्रणप्रविधिले गर्दछ । उपन्यासमा साधारणतयाः प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ (बराल र एटम, २०५८:३५) ।

## २.२.४ भाषाशैली

उपन्यासमा विभिन्न विचार र भावनाअनुसार भिन्नभिन्न भाषा र शैलीको प्रयोग गरिन्छ । उपन्यास साहित्यिक गद्य विधा भएकोले यसमा प्रायः सरल भाषाको प्रयोग गरिन्छ । भाषाशैली अन्तर्गत शब्द विन्यास, वाक्य रचना र त्यससम्बन्धी तत्त्वहरू पर्दछन् । भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषा शैली हो । भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो ।

भाषाका यही गुणले वाङ्मय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासका सबै तत्वहरूलाई सङ्गठित गर्दछ । शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तयारी हो । उपन्यासकारको निजत्वको विशिष्ट रूप नै शैली हो । रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ, भन्ने समीक्षक मोहनराज शर्माको विचार छ । शैली उपन्यासको सूक्ष्म तत्त्व हो भने भाषा यसको स्थूल तत्त्व हो । शैली भाषा प्रयोगको मौलिक तरिका भएकाले भाषा र शैली एकै तत्त्व हो । भाषा साहित्यको सर्वस्व हो । भाषाको शक्तिमै उपन्यासको गौरव अडेको हुन्छ । उपन्यासकारले भाषालाई नयाँ र मौलिक ढङ्गले प्रयोग गर्दछ । भाषाको त्यही मौलिकता नै उपन्यासकारको प्रस्तुतिको शैली हो । उपन्यासको भाषा गद्य हुन्छ तर यस प्रकारको भाषालाई पनि आलङ्कारिक तथा काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यासको भाषा पात्रको स्तर परिस्थिति अनुकूल स्वभाविक, विश्वसनीय र सम्प्रेषणीय हुनुपर्दछ । "एउटै भावका लागि अनेक शब्दहरूको प्रयोग अर्थात् केवल शब्दाडम्बरले मात्र उपन्यासको भाषाशैली सुन्दर हुन सक्दैन त्यहाँ त यस्ता शब्द हुनुपर्दछ जसलाई कुनै पनि अवस्थामा हटाउन नसकियोस् जहाँ विचारको गम्भीरता, भावको रोचकता, अर्थको स्पष्टता र सुगमता हुनुपर्छ "(न्यौपाने, २०४९ :२१९) । उपन्यासमा व्याकरणिक मानक भाषालाई भाँचभुँच गरी कथ्य भाषासमेतका प्रयोग गरिन्छ । कथा वस्तुलाई रोचक र यथार्थ बनाउन पात्रको स्तर अनुसारको भाषा प्रयोग गरेर उपन्यासकारले नयाँ शैली देखाउन खोज्छ । आधुनिक उपन्यासको भाषामा नयाँ, नयाँ शैलीको प्रयोग भएको देखिन्छ । वर्णनात्मक, विवरणात्मक, आत्मकथात्मक, नाटकीय, पत्रात्मक, दैनिकी तथा चेतनाप्रवाह शैलीको प्रयोग हुनु आधुनिक उपन्यासको भाषाशैलीगत उपलब्धि मान्नुपर्ने हुन्छ । उपन्यासमा भाषा र शैली एक अर्काका पूरक र अनिवार्य तत्त्व हुन् ।

### २.२.५ परिवेश

उपन्यासमा पात्रहरूले कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरणलाई भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ (बराल र एटम, २०५६:३५) । औपन्यासिक घटना खास स्थान विशेषमा घटित हुन्छ । त्यसलाई देश र घटना घट्ने समयको सन्दर्भ बुझाउनेलाई काल भनिन्छ ।

परिवेशको सफल प्रस्तुतिले उपन्यासमा सहजता, स्वभाविकता र सार्थकता झल्कन्छ । यसले उपन्यासलाई विश्वसनीय र संवेद्य तुल्याउँछ । औपन्यासिक कथावस्तुलाई यथार्थ, विश्वसनीय र प्रभावपूर्ण ढङ्गले विकास गराउन र पात्रलाई सजीव र जीवन्त रूपमा चित्रण गर्न सार्थक वातावरण, परिवेश तथा परिस्थितिले आवश्यक पृ.ष्ठभूमि निर्माण गर्दछ (पौड्याल, २०५९: १९३) । उपन्यासकारले प्रायशः देश, कालको प्रस्तुतिका लागि चित्रात्मक शैलीको प्रयोग गरेको पाइन्छ । उपन्यासमा देश, कालको प्रधान्यता रहनाले उपन्यास आञ्चलिकतातर्फ उन्मुख हुने गर्दछ । उपन्यासको परिवेश अर्थात् देशकाल र वातावरण समय र स्थानको सीमा हो । यसै अन्तर्गत उपन्यासले आफ्नो आधारभूमि सिर्जना गर्दछ । परिवेशलाई आन्तरिक तथा बाह्य गरी दुई भागमा वर्गीकरण गरिन्छ । बाह्य परिवेशमा सामाजिक, राजनैतिक तथा प्राकृतिक पर्दछन् र आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत् पर्दछ । परिवेश चित्रणले उपन्यासको लोकप्रियता तथा विश्वसनीयतालाई बढाएको पाइन्छ । यसले मानव विश्वमा कुनै समयमा घट्ने सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक, बौद्धिक परिवेश र यसैको सेरोफेरोमा व्यक्तिको आन्तरिक परिवेशको जीवन चित्रण गरेको पाइन्छ । परिवेशको सजीव चित्रणले उपन्यासलाई साहित्यिक, काव्यात्मक र आलङ्कारिकसमेत बनाउँछ । यसर्थ परिवेश उपन्यासको एक अभिन्न अङ्गका रूपमा देखा पर्दछ ।

## २.२.६ उद्देश्य

उपन्यासकारले जीवन भोगाइका क्रममा प्राप्त गरेको अनुभव र अनुभूतिलाई कुनै माध्यमद्वारा उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ । यस मार्फत उसले आफ्ना आस्था, मान्यता र जीवन जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गर्दछ । प्रायशः उपन्यासकारहरूले मूल नायकमार्फत् आफ्ना उद्देश्यहरू प्रस्तुत गरेको पाइन्छ । लेखकले आफ्नो जीवनदर्शन कलापूर्ण र प्रभावपूर्ण रूपमा प्रस्तुत गर्नुपर्दछ । "कृष्णचन्द्रसिंह प्रधानका विचारमा उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूका माध्यमबाट जीवनजगत्प्रतिको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिएको हुन्छ । यसरी हेर्दा उपन्यासमा चित्रित जीवनजगत्को दर्शन नै उपन्यासको उद्देश्य हो । पाठकलाई आनन्द दिनुको साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित

निष्कर्ष निकाल्दै पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, पुण्य कमाउनु र आर्थिक लाभगर्नु उपन्यास लेखनको पारम्परिक उद्देश्य हो भने समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोऱ्याउनु उपन्यास लेखनको आधुनिक उद्देश्य हो । यसर्थ समाजलाई सुधारको सन्देश दिनु, सामाजिक समस्याको यथार्थ चित्रण गर्दै त्यसको निकास खोज्नु, व्यक्ति तथा समाजमा विद्यमान् विकृति र विसङ्गतिको चिरफार गर्नु राजनैतिक, सांस्कृतिक, आर्थिक चेतनाका लागि प्रचार-प्रसार गर्नु र ऐतिहासिक घटनाका बारेमा प्रकाश पार्नु उपन्यास लेखनको उद्देश्य हो । उपन्यासकारका भिन्न भिन्न जीवन दर्शनले उपन्यासको उद्देश्यलाई सोही अनुरूप भिन्न भिन्न बनाउन सक्ने अवस्था हुन्छ ।

### २.२.७ दृष्टिबिन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५८:३९) । उपन्यासभित्र उपन्यासकारले पात्रका माध्यमबाट वा सोझै आफ्नै उपस्थितिमा कथा भनिरहेको हुन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले रोजेको समाख्याताको स्थान नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुका माध्यमले उपन्यासकार र पाठकवर्गबीचको सम्बन्ध जोडिन्छ । दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँदछ (श्रेष्ठ, २०६०: ११) । वास्तवमा दृष्टिबिन्दु कसरी कथा भन्दा प्रभावशाली हुन्छ भन्ने प्रविधिगत परिपाटी हो । यो उपन्यासको साध्य होइन, साधन हो (बराल, २०५६: ४५) ।

दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् : आन्तरिक वा प्रथम पुरुष र बाह्य वा तृतीय पुरुष । यदि उपन्यासकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई 'म' का रूपमा उपस्थित गराउँछ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ । आन्तरिक दृष्टिबिन्दु पनि दुई प्रकारका छन् : केन्द्रीय र परिधीय । केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दुमा कथयिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुराहरू निजी तवरले भनिरहेको हुन्छ (बराल र एटम, २०५८:४०) । परिधीय दृष्टिबिन्दुमा चाहिँ 'म' पात्र त रहन्छ तर त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ (श्रेष्ठ, २०६०: ११) । बाह्य दृष्टिबिन्दु भएको उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्दछ (बराल र एटम, २०५८ :३९) । बाह्य दृष्टिबिन्दु सर्वज्ञ र सीमित गरी दुई प्रकारका छन् । उपन्यासमा आएका पात्र र घटनाका कुरालाई सर्वज्ञ झैँ बनेर कथयिताले नै

वर्णन एवम् टिप्पणी गर्दै सबैकुरा आफ्नै नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्वज्ञ दृष्टिबिन्दु भनिन्छ । यदि उपन्यासको कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ भने त्यसलाई सीमित बाह्य दृष्टिबिन्दु भनिन्छ ।

## २.२.८ प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । त्यसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ (बराल र एटम, २०५८: ४३) । प्रतीकले लेखक र पाठकबीच सम्प्रेषणको काम पनि गर्दछ । प्रतीकका माध्यमले भाषामा रहेका शब्दशक्ति र अर्थशक्तिलाई प्रभावकारी बनाउँछ । बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाँया हो । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना, वा पात्रको यथार्थसदृश छाँया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले अमूर्तकै प्रयोग गर्दछ (बराल र एटम, २०५८: ४५) ।

## २.२.९ गति र लय

उपन्यास पढ्दा कथावस्तुको संरचनात्मक गति विनाअवरोध प्रवाहित हुने कलासित लय र गति सम्बद्ध छ । कुनै पनि काव्यकृतिको घटनाक्रम अगाडि बढ्दै जाने स्थितिलाई गति भनिन्छ । उपन्यासकारले आफ्नो कलाको क्षमताअनुसार उपन्यासमा कथा, उपकथा, मिथक तथा चरित्रहरूको आयोजना गरेको हुन्छ । क्रियाको हिँडाइ उपन्यासमा दुई प्रकारले निर्धारण गरिन्छ । दृश्यात्मकपद्धति र सङ्क्षेपपद्धति । उपन्यासमा गतिकै उतारचढावबाट तरङ्ग र तरङ्गबाट लयको सिर्जना हुन्छ (बराल र एटम, २०५८: ४६-४७) । उपन्यासको गद्यभाषालाई लयात्मक बनाउन कथानकमा रहेको द्वन्द्व तथा तनावले विशेष भूमिका खेल्दछ ।

## २.२.१० शीर्षकप्रयोग

कुनै पनि कृतिको नामकरण शीर्षक हो । शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । शीर्षक कृतिको शिरमा रहने पहिचानात्मक तत्व हो । विभिन्न तत्वहरूको आधारमा शरीरको संरचना भएपछि कृतिको भाव, पात्र, विषय तथा उद्देश्यका आधारमा शीर्षकीकरण गरिन्छ ।

## २.२.११ सारवस्तु

उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ (बराल र एटम, २०५८: ४१) । लेखकले उपन्यासमा दिन खोजेको जीवनदर्शन, भाव, विचार नै सारवस्तु हो । समग्र उपन्यासको अध्ययनपश्चात् पाठकले प्राप्त गर्ने भावार्थ वा अभिप्राय सारवस्तु हो । सारवस्तु कतै पात्रको मुखबाट त कतै उपन्यासकार स्वयम्ले विचारवाक्यको रूपमा प्रस्तुत गर्दछ । सारवस्तु स्थानीय र विश्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित रही सत्यको निरीक्षण गर्दछ । विश्वजनीन सारवस्तुमा जीवनको शाश्वत सत्यको खोजी गरिन्छ (बराल र एटम, २०५८: ४२) । उपन्यासको अन्त्यमा पाठकले जुन कुरा ग्रहण गर्छ त्यही नै उद्देश्य हो र यसको अभावमा उपन्यासको सिर्जना असम्भव छ ।

# परिच्छेद तीन

## आहुतिको औपन्यासिक यात्रा र प्रवृत्ति

### ३.१ परिचय

उपन्यासकार आहुतिको वास्तविक नाम विश्वभक्त दुलाल हो । उनको न्वारनको नाम भने रामभक्त दुलाल हो । उनको जन्म वि.सं. २०२३ चैत १ गते मङ्गलबारका दिन बागमती अञ्चल काठमाडौँको नयाँ नैकाप गा.वि.स. वडा नं. ९ भ्mोलेटोलमा भएको हो । उनी हर्षलालका नाति तथा राधाकृष्ण दुलाल र कान्छी दुलालका कान्छा छोरा हुन् । नेपाली साहित्यमा उनी  आहुति, अमलेख, अरूणकुमार सिंह, आयुष्मान श्रेष्ठ, अमर सिन्धुलीय, आकाश, आशा लामा आदि उपनामले चिनिन्छन् । उनका दुई दाजुहरू तथा दुई दिदीहरू रहेका छन् । अत्यन्त कमजोर आर्थिक अवस्था भएको दलित (सार्की) परिवारमा यिनको जन्म भएको कारण यिनको बाल्यकाल खासै सुखद् रहन सकेन । बाबुको असामयिक निधनका कारण हजुरबा र दिदीसँग छालाको जुत्ता बनाउने तथा सहरका सडकपेटीमा बसेर जुत्ता बेच्ने, दिदीसँग तानमा बसेर कपडा बुन्नेजस्ता कामहरू यिनले गर्नुपर्‍यो ।

वि.सं २०३१ सालदेखि मात्र उनको विद्यालयबाट औपचारिक शिक्षा आरम्भ भयो । विद्यालयमा मेधावी छात्रका रूपमा चिनिएका आहुतिले दलित भएकै कारण विद्यालयमा पनि विभिन्न समस्याहरू भोग्नुपर्‍यो । वि.सं २०४० सालको प्रवेशिका परीक्षा उत्तीर्ण गरेका आहुतिले चिकित्साशास्त्र पढ्ने रहरलाई गरिबीका कारण लत्याउनुपर्‍यो र दुई वर्षे सिभिल ओभरसियर पढ्न पुल्चोक इञ्जिनियरिङ क्याम्पसमा भर्ना भए तर राजनीतिक कारण पढाइ पूरा गर्न पाएनन् । वि.सं २०४६ साल पछिको राजनैतिक परिवर्तनपछि मात्र आई.ए. सम्मको पढाइ पूरा गरे ।

वि.सं २०४८ मा अञ्जना विशङ्खेसँग परम्परागत वैवाहिक जीवनमा बाँधिएका आहुतिले आन्तरिक मनमुटावका कारण वि.सं २०५९ मा सम्बन्धविच्छेद गरे र वि.सं. २०५९ मा बुद्धलक्ष्मी महर्जनसँग दोस्रो विवाह गरे । दुबै पत्नीका तर्फबाट दुई छोरीको जन्म भएको देखिन्छ ।

करिब तेह्र वर्षको उमेरदेखि नै साहित्य रचनामा कलम चलाएका आहुतिको सार्वजनिक साहित्यिक यात्रा भने वि.सं. २०४३ मा **शिलापत्रको हकदार** शीर्षकको एकाङ्की “दियो”

पत्रिका (काठमाडौँ) मा प्रकाशित भएपछि मात्र भएको हो । हालसम्म उनका प्रकाशित कृतिहरूमा **तपश्वीका गीतहरू** कवितासङ्ग्रह (२०४९), **नयाँ घर** उपन्यास (२०५०), **स्खलन** उपन्यास (२०५९), **हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न** समाजशास्त्रीय राजनीतिक लेख (२०६०), **धुवाँ, आगो र मानिस** अनुवाद उपन्यास (२०६१), **नेपालको वर्णव्यवस्था र वर्ग सङ्घर्ष** (२०६७) रहेका छन् । यसका अतिरिक्त विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा गीत, कविता, कथा, निबन्ध, एकाङ्की, भूमिका, समीक्षा आदि प्रकाशित छन् ।

उनी साहित्यकार मात्र नभई राजनीतिक दलका नेता, पत्रकार, सम्पादक, शिक्षक, अभिनेता पनि हुन् । तापनि मूलतः उनी उपन्यासकारका रूपमा नेपाली साहित्यमा परिचित छन् । आहुतिलाई स्रष्टा प्रकाशनद्वारा प्रदान गरिने **कृष्णमणि सिर्जनशील साहित्य पुरस्कार** (२०५०) **तपश्वीका गीतहरू** कवितासङ्ग्रह (२०४९) का लागि प्रदान गरिएको थियो । हालसम्म पनि उनी राजनीति र साहित्य दुबै क्षेत्रमा उत्तिकै सक्रिय छन् ।

## ३.२ नयाँ घर उपन्यासका आधारमा उपन्यासकार आहुतिको उपन्यासकारिता

मूलतः आहुति प्रगतिवादी उपन्यासकार हुन् । हालसम्म उनका राजनीतिक विषयवस्तुलाई उठाइएका दुई उपन्यासहरू **नयाँ घर** (२०५०) र **स्खलन** (२०५९) प्रकाशित छन् भने अनुवादतर्फ **धुवाँ, आगो र मानिस** (२०६१) प्रकाशित छन् । उनका उपन्यासहरूमा सामाजिक विकृति, आर्थिक शोषण, सामन्तीय शोषण, व्यवस्थाप्रतिको व्यङ्ग्यलाई उजागर गरी यसका विरुद्धमा वर्गीय चेतना तथा सामन्तवाद र विस्तारवाद विरोधी राजनीतिक चेतना अभिमुखीकरण गर्ने प्रयास गरिएको छ ।

आहुतिको जन्म दलित समुदायको एक निम्न वर्गीय परिवारमा भएकै कारण उनले बाँचेको परिवेश, भोगेको गरिबी, छुवाछुतको दर्दनाक पीडा, सामाजिक असमानता, सत्तामोही कम्युनिस्टहरूको चरित्र आदिलाई उपन्यासमा केलाउने प्रयास गरेका छन् । आदि, मध्य र अन्त्य गरी तीन श्रृङ्खलामा विशाल कायमा संरचित **नयाँ घर** उपन्यासको कथानक यथार्थमूलक नै देखिन्छ । बहुल पात्रको प्रयोग गरिएको यो उपन्यासमा सूर्यबहादुर थापा र सिलसिला महर्जन क्रमशः प्रमुख पुरुष पात्र तथा स्त्री पात्रका रूपमा आएका छन् भने किरण, लालसिंह, प्रकाश, शान्ति, बिन्तिदेवी आदि पात्रहरू सहायक पात्रका रूपमा अगाडि देखिएका छन् । स्वभाविक ढङ्गबाट उल्लेखित पात्रहरूको चरित्रचित्रण गरिएको यस

उपन्यासमा राजनीतिक परिवेशको चित्रण गरिएको छ । प्रमुखतः वि.सं २०३६-०४८ सम्मका घटनाक्रमहरूलाई मूल विषयवस्तु बनाइएको यस उपन्यासले काठमाडौँलगायत मकवानपुर, चितवन, सिन्धुपाल्चोक आदि स्थानलाई मुख्य स्थानिक परिवेशका रूपमा समेटेको छ । यही परिवेशका बासिन्दाहरूको साँस्कृतिक, सामाजिक तथा आर्थिक स्थितिको चित्रण पनि यस उपन्यासमा गरिएको छ ।

केन्द्रीय पात्र सूर्य आफैँले अनुभव गरेका घटनाक्रमहरूलाई नै उपन्यासको मूल कथावस्तु बनाइएको छ । यसर्थ यसमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । यस उपन्यासमा प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा सामाजिक सबै प्रकारका बिम्ब र प्रतीकहरूको यथोचित प्रयोग भएको छ । यसर्थ यो उपन्यास बिम्ब र प्रतीकका दष्टिले पनि सबल नै देखिन्छ । यस उपन्यासमा पात्रहरूअनुसार संवाद, तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक तथा झर्रा शब्दहरूको यथोचित प्रयोग गरिनुका साथै उखान र टुक्काहरूको प्रयोग पनि सन्दर्भ अनुरुप नै भएको देखिन्छ । वाक्य संरचनाका दृष्टिले सरल र जटिल दुबै प्रकारका वाक्यहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा सूर्यका जीवन घटनाहरूलाई परिच्छेदमा विभाजन गरेर परिच्छेदै पिच्छे फरक-फरक घटना, काल र क्रियाको प्रस्तुतीकरण गरिएको हुँदा घटनाक्रमको गतिले तीब्रता पाएको छ । साथै गतिमा आएको उतारचढावसँगै लयको सिर्जना भएको छ ।

**नयाँ घर** उपन्यासमा मुख्यतः २०३६ सालदेखि २०४८ सालबीचको समयावधिमा देखिएको नेपाली राजनीतिको उथलपुथल अवस्था, गरिब किसान, दलित तथा नारीले भोग्नुपरेको समस्या र पीडालाई यथार्थरूपमा देखाई सर्वहारा मात्रै सच्चा कम्युनिस्ट हुन सक्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । राजनीतिक शब्दावलीहरूको अधिक प्रयोग तथा लामा सम्भाषणहरूको प्रयोग भएको यो उपन्यासमा कतिपय स्थानमा अनावश्यक वर्णनसमेत भएकोले उपन्यासको शिल्पपक्षलाई केही फितलो बनाएको छ । गरिब, किसान, मजदुर, दलित, शोषित सबैले मुक्तिको अनुभव गरेपछि निर्माण हुने सर्वहारामयी समाजलाई नै **नयाँ घर**का रूपमा लिइएको हुनाले उपन्यासको नाम **नयाँ घर** र उपन्यासको विषयवस्तुका बीचमा सामाञ्जस्यता रहेको छ ।

यस उपन्यासमा आम नेपालीले भोगेको आम समस्यालाई उठाउँदै कम्युनिस्ट राजनीतिकै सेरोफेरोमा उपन्यास लेखिएकोले वामपन्थीहरूका लागि पनि यो उपन्यास बढी प्रभावकारी हुन्छ । साथै समाजका यथार्थ घटनाहरूलाई उपन्यासमा समेटिएकोले अन्य वर्गका

पाठकहरूका लागि पनि उपयुक्त हुन्छ । आहुतिको यस उपन्यासले सुधारवादी स्वरलाई गुञ्जायमान बनाउँदै अग्रगमनतर्फ बढिरहेको कारण यो उपन्यास भूत, वर्तमान र भविष्यमा समेत कालजयी रहने अनुमान सहजै गर्न सकिन्छ ।

समग्रमा हेर्दा आहुति मार्क्सवादी चिन्तनले निकै प्रभावित छन् । उनको यस उपन्यासमा शोषक र शोषित बीचको समस्या, वर्गसङ्घर्ष, थिचोमिचोको विरोध, द्वन्द्वात्मकता, श्रम र सङ्घर्षको समर्थन, नारीवादी स्वर, साम्राज्यवाद र विस्तारवादको विरोधी नीति, परम्परागत मानवतावाद, प्रेम र विवाहसम्बन्धी नवीन चेतना, साङ्गठनिक संलग्नता जस्ता विशेषताहरू पाउन सकिन्छ ।

## ३.३. नयाँ घर उपन्यासका आधारमा उपन्यासकार आहुतिका औपन्यासिक प्रवृत्तिहरू

**नयाँ घर** उपन्यास प्रगतिवादी चिन्तनमा आधारित उपन्यास हो । आहुति आफैं पनि मार्क्सवादी चिन्तनबाट प्रभावित साहित्यकार भएका कारण उनका रचनाहरूमा शोषक र शोषितको बीचमा हुने द्वन्द्वलाई यथार्थ रूपमा देखाइएको पाइन्छ । समाजमा व्याप्त थिचोमिचोको अवस्थाबाट स्वयम् उपन्यासकार गुज्रेकै कारण उनको यस उपन्यासमा त्यसको प्रभाव तीव्र रूपमा देखिन्छ । ग्रामीण परिवेशमा हुने महिला हिंसा, वर्गसङ्घर्ष, अन्धविश्वासजस्ता समाजका यथार्थ पक्षहरूमाथि भएको तीखो आलोचनालाई आहुतिले यस उपन्यासमा केलाएका छन् । समग्रमा उनका प्रवृत्तिहरूलाई नयाँ घर उपन्यासको आधारमा निम्नानुसार केलाउन सकिन्छ :

### ३.३.१ शोषक शोषितको चरम रूप देखाउने प्रवृत्ति

समाजमा जमिन्दार तथा पूँजीपति वर्गका मान्छेहरूले किसान तथा सोझा गरिबहरूमाथि शोषण गरिरहेका हुन्छन् । समाजमा शोषक र शोषितका बीचमा द्वन्द्व चलिरहन्छ । आर्थिक र भौतिक दुबै रूपमा समाजका पूँजीपति वर्गका मान्छेहरूले गरिब तथा दलित समुदायमाथि कब्जा जमाउन सफल हुन्छन् र त्यहाँबाट शोषणको समेत प्रारम्भ गर्दछन् । मनोविश्लेषणमा चेतन र अचेतन मनको बीचमाजस्तै मार्क्सवादमा शोषक र शोषितबीच द्वन्द्व चलिरहन्छ भन्ने सिद्धान्त मान्य छ (गौतम, २०५९: ४४) । समाजविकासको आदिकालदेखि नै शोषक र शोषितका बीचमा द्वन्द्व हुँदै आइरहेको पाउन सकिन्छ । आहुतिले

जतिबेला **नयाँ घर** उपन्यास लेखेका थिए त्यतिबेला पनि नेपालमा शोषक र शोषित दुई वर्ग रहेका थिए र तिनीहरू बीचमा द्वन्द्व चलि नै रहेको थियो । सुविधा भोगी वर्गमा शासक जो शोषक हो भने सुविधाभोगी वर्गलाई जग्गा कमाएर अन्न उपलब्ध गराउने किसानहरू शोषित वर्गअन्तर्गत पर्दछन् । पञ्चायती व्यवस्थाको क्रुर निरङ्कुश कालमा नेपाली जनतामाथि शासकहरूले एकदमै शोषण गरिरहेको परिप्रेक्ष्यमा यसको विरुद्धमा आर्थिक, राजनीतिक, क्रान्तिको चेतना नेपाली जनतामा पलाउँदै आएको देखिन्छ । यही पृ.ष्ठभूमिलाई समातेर आहुतिले **नयाँ घर** उपन्यासको लेखन गरेको देखिन्छ । **नयाँ घर** उपन्यासमा सूर्यबहादुर, हजुरबा, सिलसिला आदि पात्रहरू शोषित वर्गका पात्रहरू हुन् । यस्तै तत्कालीन शासनको पक्षधरहरू, मन्त्री, गाउँका प्रधानपञ्चहरू शोषक वर्गका पात्रहरू हुन् । शोषक वर्गका मान्छेहरू सामान्य किसान र मजदुरका छोराछोरीले पढेको पनि देखिसहन्नन् । रोगग्रस्त बृद्ध सूर्यको हजुरबा दालभातको समस्याले प्रधानपञ्च खिलराज गौतमको घर बनाउन ढुङ्गा फोड्न जाँदा खिलराजले बृद्ध हजुरबाको आर्थिक र श्रमशोषण गरेको छ । कामअनुसारको ज्यालासमेत दिन हिच्किचाउने खिलराज ढुङ्गा फोड्दा फोड्दै मरेको लाशलाई एकधरो कात्रो किनिदिन त कता हो कता उल्टै अपशकुन भयो भन्दछन् । यो शोषक वर्गका मान्छेहरूमा देखिने अमानवताको चरम रूप हो । आहुति आफू गरिब र दलित हुनुको प्रभाव उपन्यासमा परेको देखिन्छ । पञ्चायती व्यवस्थाप्रति जनता सचेत देखिएका छन् त्यसैले उनीहरू लालसिंह, किरण, सूर्य, सिलसिला, शान्ति भएर सिङ्गो शोषकवर्गप्रति आन्दोलन छेडिरहेका छन् । उपन्यासमा रामकृष्ण महर्जन र क्षितिजजस्ता व्यक्तिहरू नारीशोषणको पक्षमा देखिन्छन् । सिलसिलाले यी दुबैप्रति देखाएको विद्रोह शोषितवर्गमा पलाएको चेतना हो । शोषितवर्गका मान्छेहरूले चलाएको आन्दोलन अन्तमा सफल हुन्छ र शोषकवर्गलाई घुँडा टेक्न बाध्य तुल्याइन्छ, यो शोषितहरूको विजय हो ।

### ३.३.२ थिचोमिचोको विरोध

आहुतिले उपन्यासलेखन गरेको बेला नेपालमा थिचोमिचोको एकदमै बाहुल्यता थियो । सरकार स्वयम् र सरकारका भरौटेहरूबाट निमुखा जनताहरू जातको नाममा, धनीगरिबको नाममा, महिलापुरुषको नाममा थिचोमिचोमा परिरहेका थिए । पसिनाको भरमा बाँच्नुपर्ने किसानहरू दैव र भाग्यको खेलको आधारमा सधैँ सामन्तहरूको नोकरका लागि सन्तान जन्माइरहेका थिए भने शासकवर्गहरू आफूलाई साक्षात् विष्णुका अवतारको रूपमा ठानी

जत्रोसुकै थिचोमिचो गर्न पनि पछि नपर्ने यथार्थ आहुतिले भोगेको यथार्थ हो र यही यथार्थको चित्रण उनका उपन्यासहरूमा पाइन्छ । **नयाँ घर** उपन्यासमा सामन्तवर्गले किसान र मजदुरमाथि गरेको थिचोमिचोको यथार्थ प्रस्तुति गरिएको छ । पञ्चायतकालमा नेपाली जनताको न्यूनतम मानवीय मूल्य र स्वतन्त्रताको हनन् भएको थियो । सङ्घसङ्गठन खोल्नेदेखि स्वतन्त्ररूपमा बोल्ने र लेख्ने अधिकारसमेत नेपाली जनताले प्राप्त गर्न नसकेको स्थिति पञ्चायतकालमा देखिन्छ । आफ्नो वशमा पार्नका लागि शासकहरूले यति धेरै थिचोमिचो गरे कि धेरै नेपालीको बाँच्ने अधिकारसमेत खोसियो । यी र यस्ता यथार्थको चित्रण **नयाँ घर** उपन्यासमा छ । गाउँको प्रधानपञ्चको अन्यायको विरुद्धमा सचेत युवावर्गले गरेको पर्चा छर्ने काम थिचोमिचो विरुद्धको कदम हो । उपन्यासमा सूर्य र उसका सहयोद्धाहरूले खिलराज गौतमविरुद्ध रातभर पर्चा छरेका छन् । यसबाट सामन्त खिलराज निकै हदसम्म डराएको पाइए तापनि बदलामा सानो भाइ र सूर्यलाई प्रहरीको सहयोगमा पाशविक ढङ्गले यातना दिइन्छ । शासक र सामन्तहरू आफ्नो सत्ता र प्रभुत्व कायम गर्न जुनसुकै मूल्य चुकाउन पनि पछि पर्दैनन् । यसैको ज्वलन्त उदाहरण खिलराज गौतम सानुभाइको बाबुलाई छोरा आफ्नो विरुद्धमा लागेमा जग्गा कमाउनसमेत नदिने धम्की दिन पुग्दछ । एउटा सामान्य गरिब कामी परिवारको हरिमान बुढाले रामप्रसादजस्तो शोषकका अगाडि केही गरी खाएको देखेपछि पाषाणहृदयी रामप्रसाद हरिमान र बुहारी चमेलीका बीचमा यौनसम्पर्क भएको भ्रामक खबर फैलाएर हरिमानको सबै सम्पत्ति कब्जा गर्न सफल हुन्छन् । उपन्यासमा वर्णित यो घटना दमन र थिचोमिचोको पराकाष्ठा हो । यसरी दिनप्रतिदिन बढ्दै गएको थिचोमिचोका विरुद्धमा जनतामाझ चेतना पलाएको छ । यही चेतनाका कारण लालसिंह र सूर्यजस्ता सचेत युवाहरू रामप्रसादलाई कार्वाही गर्न सफल हुन्छन् । थिचोमिचोको परम्परा बहुदलीय प्रजातन्त्रको प्राप्तिपछि पनि नेपालमा देखिएको छ । गाँस, बास र कपाससमेत राम्ररी पुऱ्याउन नसक्ने सुकुम्बासी जनतालाई पनि शासकहरूले थिचोमिचो गरेका छन् । न्यूनतम मानवीय मुल्यको समेत ख्याल नगरी चितवनको एउटा सुकुम्बासी बस्तीमा सरकार पक्षधरले गरेको आगजनी यसको उदाहरण हो । क्षितिज रामकृष्ण महर्जनहरूले नारीप्रति थिचोमिचो गरेका छन् । यसरी **नयाँ घर** उपन्यासमा थिचोमिचो र यस विरुद्धको स्वर प्रशस्त पाउन सकिन्छ । साथै समसामयिक परिस्थिति र घटनाहरूलाई यथार्थ रूपमा उठाइएको आहुतिको उपन्यासका पात्रहरू थिचोमिचोको खुलेर विरोध गर्न सक्षम छन् ।

### ३.३.३ द्वन्द्वात्मकता

आहुतिका उपन्यासमा आएको द्वन्द्वात्मकपद्धतिले समकालीन वास्तविकतालाई इङ्गित गर्दछ । आहुतिका उपन्यासमा दुई वर्गका बीचमा द्वन्द्व देखिन आउँछ शासक (सामन्त) वर्ग र शोषित वर्ग । **नयाँ घर** उपन्यासमा आएका घटनाहरू तत्कालीन समयसन्दर्भमा भएका घटनाहरू हुन् । मार्क्सको परिवर्तनमात्र स्थिर रहने कुराको पुष्टि यस उपन्यासमा पनि हुन्छ । राजा महेन्द्रले वि.सं. २०१७ मा 'कु ' गरेर शासन हत्याए पछि जनता मौलिक अधिकारबाट समेत बञ्चित रहे । यो परिस्थिति सदैव रहन सकेन । फलस्वरूप नेपाली जनतामा आएको परिवर्तनको परिणामस्वरुप 'जनमत सङ्ग्रह', '२०४६ को आन्दोलन' जस्ता परिवर्तनहरू भए । यस्तै परिवेश र समस्या भोगेका **नयाँ घर** उपन्यासका पात्रहरू परिवर्तनको चाहना राख्छन् र सङ्गठित भएर आन्दोलन गर्छन् । उनीहरूले बहुदलीय प्रजातन्त्रको प्राप्तिसमेत गर्दछन् । फेरि परिवर्तन त भइ नै रहन्छ । यसको फलस्वरूप सूर्य, सिलसिलाहरू आन्दोलित छन् । यो क्रम निरन्तर चलिरहन्छ , यो सत्य पनि हो । **नयाँ घर** उपन्यासको सूर्य, किरण, सिलसिला, लालसिंह आदिले थालेको आन्दोलनले सुरुमा परिमाणात्मक उपलब्धि हातपारे पनि २०४६ को आन्दोलन गुणात्मक उपलब्धि हो । यो पनि मार्क्सको द्वन्द्वात्मकताकै परिमाणात्मक र गुणात्मक सिद्धान्त हो । अर्धसामन्ती युगमा बाँचेको सूर्यबहादुरहरूले जुन आन्दोलन गरेर शासकहरूलाई धक्का पुऱ्याई जनताको हातमा शासन ल्याएर अर्धसामन्ती युगबाट मुक्ति प्राप्त गरे यसमा पनि द्वन्द्वात्मकताकै सिद्धान्त देख्न सकिन्छ । यी परिवर्तनको लागि जुन आन्दोलन **नयाँ घर** का पात्रहरूले गरे यो त सहायक कारण मात्र हो, मुख्य कारण त समाजभित्रका विविधखाले अन्याय शोषणहरू हुन् । अर्थात् समाजमा आउने परिवर्तन र त्यसैको आन्तरिक गुणमा आधारित हुन्छ, द्वन्द्व । बाह्य कारण त निमित्त मात्र हो । समाज विकासका चरणले हेर्ने हो भने **नयाँ घर** उपन्यासका पात्रहरू सुरुमा सामन्ती युगमा बाँचिरहेका छन् । उनीहरू यो युगबाट मुक्ति चाहन्छन् र आन्दोलनपश्चात् पूँजीवादी युगमा प्रवेश गर्दछन् । उपन्यासमा क्षितिज, सुन्दर थपलिया जस्ता पात्रहरूले एन्.जी.ओ., आई.एन्.जी.ओ.को आधारमा घरव्यवहार चलाउनुजस्ता घटनाले मान्छेमा पूँजीवादी चिन्तनको विकास भएको देखिन्छ । यता पूँजीवादबाट पनि असन्तुष्ट सूर्य, सिलसिलाजस्ता पात्रहरू समाजवाद युगका निमित्त आन्दोलित छन् । उनीहरू एन्.जी.ओ. प्रति विरोध गर्दछन् । यसले के कुराको पुष्टि गर्छ भने समाज नित्य परिवर्तनशील छ । यसका लागि समाजमा हुने आन्तरिक भड्कावहरू नै काफी छन्,

आन्दोलन त मात्र निमित्त हो ।

## ३.३.४ वर्गसङ्घर्ष

आहुतिले समाजविकासको साम्यवादी चरणमा पुगेपछि समाजमा कुनै पनि किसिमको वर्ग नरहने र समाज शोषणरहित हुने आदर्श कल्पना गरेका छन् । आहुतिले उपन्यास लेख्दाको समय र आम नेपालीले भोगिरहेको समाज साम्यवादी चरणमा पुगिसकेको छैन त्यसैले यहाँ वर्गको कुरा आउँदछ र ती वर्गहरूमा सङ्घर्ष पनि चलि नै रहन्छ । नेपालमा पनि दुईओटा वर्गहरूका बीचमा सङ्घर्ष चलिरहेको देखिन्छ । आहुतिका उपन्यासहरूमा पनि यो वर्गसङ्घर्षले निरन्तरता पाएको छ । उनको **नयाँ घर** उपन्यासमा सामन्त र किसान दुई वर्ग देखापर्दछन् । वर्ग सङ्घर्षले सर्वहारा वर्गको अधिनायकत्वतर्फ लैजान्छ (शर्मा र लुइँटेल २०६१: १४५) । **नयाँ घर** उपन्यासले पञ्चायती व्यवस्थाको क्रुरताको चित्रण गरेको छ । यसमा शासक र उसका भरौटेहरू सामन्त वर्गको प्रतिनिधित्व गर्दछन् भने सूर्य, सिलसिला, हजुरबा, लालसिंह, हरिमानजस्ता पात्रहरू किसान र मजदुर वर्गको प्रतिनिधित्व गर्दछन् । उपन्यासको आरम्भ खण्डदेखि नै यी दुई वर्गका बीचमा सङ्घर्ष देखाइएको छ । देशभ्रमणका क्रममा सूर्य चितवन पुगेको बेला त्यहाँ हरिमान बुढाप्रति रामप्रसादजस्ता सामन्तले गरेको शोषणका विरुद्धमा त्यहाँका हुँदा खाने किसान र मजदुरवर्गले सङ्घर्ष गरेका छन् र सफल पनि भएका छन् । यता आफ्नै गाउँको प्रधानपञ्चको कुकृत्यका विरोधमा सूर्यलगायतका साथीहरूले पनि सङ्घर्ष प्रारम्भ गरेका छन् । सुरुमा सकारात्मक उपलब्धि हात नलागे तापनि सर्वहारा वर्गको नै जित भएको छ । **नयाँ घर** उपन्यासमा वर्गसङ्घर्षको चरम रूप अन्त्यमा पञ्चायती शासन व्यवस्थाको विरुद्धमा जनताले चलाएको आन्दोलनमा देख्न सकिन्छ । शासक वर्ग आफ्नो अभीष्ट पूरा गर्न जस्तोसुकै कदम चाल्न पनि पछि पर्दैनन् । यसको फलस्वरूप २०४६ सालको आन्दोलनमा धेरै मान्छेहरू सहिद भए र उपन्यासमा पनि प्रकाशजस्ता सर्वहारा वर्गका मान्छेले ज्यान गुमाएका छन् । शासक र शासितबीच भएको वर्गसङ्घर्षले अन्ततः जनताले अधिनायकत्व प्राप्त गरे । यसरी **नयाँ घर** उपन्यासमा शासकको पतन र शाषितको उदय देखाइएको छ ।

### ३.३.५ श्रम र सङ्घर्षको समर्थन

आहुति मार्क्सवादी विचारबाट प्रेरित लेखक भएकाले उनका उपन्यासहरूमा पनि श्रम र सङ्घर्षको समर्थन नै गरेको देखिन्छ । उनका उपन्यासमा सूर्य, सिलसिला, हरिमान, किरणजस्ता पात्रहरूले श्रमिकको प्रतिनिधित्व गर्दछन् । सूर्यको बुबाको मृत्युपछि घरव्यवहार चलाउनका निम्ति नाति खेलाएर बस्ने उमेर भएका हजुरबा ढुङ्गा फुटाउनेजस्तो कठोर श्रममूलक काममा गएको देखिन्छ । यता उपन्यासको नायक सूर्य र उसकी दिदी दालभातकै समस्या टार्न दिनरात तानमा बसेको देखिन्छ । हरिमान बुढाहरू पुर्ख्यौली पेसा र खेतबारीमा मेहनतका साथ श्रम गर्दछन् । कमलजस्ता पात्रहरू श्रम गरेर नै पेट भरिरहेका छन् । यसरी श्रमका पक्षमा देखिने आहुतिको आफ्नो विशेषता पनि हो । आहुतिका उपन्यासहरूमा सङ्घर्षको पनि समर्थन गरिएको छ । उपन्यासका पात्रहरू सङ्घर्षशील छन् र सङ्घर्षकै कारण उनीहरूले सफलता पनि पाएका छन् । सूर्य निम्नवित्तीय परिवारमा जन्मेर सङ्घर्ष गरेर नै सर्वहारा वर्गको नेतृत्व गर्न सफल भएको छ । सिलसिला बाबुदेखि लोग्नेसम्मका पात्रहरूसँग सङ्घर्ष गरेर नै आफ्नो स्वअस्तितत्वको पहिचान दिन सफल भएकी छिन् । लोग्नेले कुनै पनि कुराको अभाव हुन नदिने आश्वासन दिए पनि सौतासँग आफ्नो अस्तित्व नरहने निर्णय गरी लोग्नेविरुद्ध कदम चाल्न पुग्छिन् । लालसिंह आफूजन्मदादेखि नै सङ्घर्षरत् छन् । जन्माएर मन्दिरमा कसैले फालिदिएपछि भारतका विभिन्न प्रदेश, प्रान्त तथा नेपालमा पनि सङ्घर्षमय जीवन नै बिताइरहेका छन् ।

### ३.३.६ महिलामाथि शोषणको विरोध

मार्क्सवादी विचारकबाट प्रेरित लेखकहरू महिलामाथि हुने हिंसाप्रति सचेत देखिन्छन् । उनीहरू महिला र पुरुषका बीचमा फरक देख्दैनन् । उत्पादनदेखि हरेक कुरामा महिलाको समाज स्वामित्वको कुरा गर्दछन् । परम्परागत रूपमा दिइदै आएको महिलाको स्थानको परिवर्तनको चाहना मार्क्सवादी राख्दछन् । आहुतिले उपन्यास लेखेका बेलामा र अहिले पनि नेपाली समाजमा महिलालाई दोस्रो दर्जाका रूपमा हेर्ने गरिन्छ । आहुतिका उपन्यासले यो प्रवृत्तिको विरोध गर्दछ र महिलालाई पनि स्वअस्तित्व र आत्मनिर्णयको अधिकार प्रदान गर्दछ । **नयाँ घर** उपन्यासमा सूर्यकी आमा, दिदी, सिलसिलाकी आमाले परम्परागत नारीहरूको प्रतिनिधि गर्दछन् । उनीहरू आफ्नो सर्वस्व पुरुषहरूलाई ठान्छन् । त्यही समाजमा सिलसिला जस्ती पात्रले आमूल परिवर्तनको कदम बिहे गर्ने कुरादेखि नै प्रारम्भ

गर्छिन् । आफैले मन पराएको केटोसँग सिलसिलाको बिहे भए तापनि लोग्नेले अर्की केटीलाई माया गरेको थाहा पाएपछि आफ्नो अस्तित्वको रक्षाखातिर लोग्नेसँग विद्रोह गरेर हिँड्छिन् । स्वतन्त्र राजनीतिक जीवन बिताइरहेकी अवस्थामा सङ्गठनकै नेता क्षितिजसँग पुनर्विवाह गरे तापनि आफ्नो इच्छा र आकङ्क्षाविरुद्ध क्षितिजको घरव्यवहार र एन्.जी.ओ. सम्हाल्नु पर्ने भएपछि त्यहाँबाट पनि विद्रोह गरी सामान्य जीवन बिताउन थाल्छिन् । आहुतिले आफ्ना उपन्यासमा महिलालाई विशेष स्थान दिँदै आत्मनिर्णयको अधिकारसमेत प्रदान गरेका छन् ।

### ३.३.७ परम्परागत धार्मिक कुसंस्कार र अन्धविश्वासको विरोध

मार्क्सवादी विचारबाट प्रेरित लेखकहरू परम्परागत अन्धविश्वासको विरोधमा लेख्छन् । समाजको विकाससँगसँगै परम्परागत मूल्य र मान्यताहरूमा पनि परिवर्तन हुनु आवश्यक छ । आहुति हुर्केको समाज पनि रुढिग्रस्त समाज नै हो । उनले आफ्ना उपन्यासमा अन्धविश्वासप्रति वितृष्णा देखाएका छन् । **नयाँ घर** उपन्यासमा धामीझाँक्रीको प्रयोग तथा आगो खेलाउँदा ओच्छ्यानमा मुतिनेजस्ता परम्परागत रुढिहरूलाई समेटेका छन् । दिदी बिरामी हुँदा उपन्यासमा डाक्टरको सट्टामा बाहुन धामीको प्रयोग गरेका छन् । धामी आफूले पनि विविध प्रकारको रोग फुकेरै निको पारेको डिङ हाक्छन् । यता प्रधानपञ्च खिलराजको लठैत छोराबाट बलात्कृत भई मानसिक विक्षिप्तता भएकी रेणुको उपचारमा पनि धामीको प्रयोग गरिएको छ । धामीले भए नभएको मसान डाकेर फकाउने प्रयास गर्छन् । यी र यस्ता घटनाप्रति आम अशिक्षित जनता सचेत बन्न सकेका छैनन् तर सूर्यबहादुर, सिलसिला भने यो धामीको नाटकप्रति वाक्क छन् र विश्वासमेत गर्दैनन् । परिस्थिति प्रतिकूल भएका कारण रेणूको ज्यान बच्न सक्दैन । आहुतिको **नयाँ घर** उपन्यासमा प्रयुक्त समाजको केही पात्रहरूमा मात्र अन्धविश्वासप्रति चेतना विकास भएको पाउन सकिन्छ ।

### ३.३.८ साम्राज्यवाद तथा विस्तारवादी विरोधी चेतना

आफ्नो प्रभुत्व विश्वभर फैलाउन केही साम्राज्यवादी र विस्तारवादी मुलुकहरू धर्म, गरिबीनिवारण आदिजस्ता प्याकेजहरू लिएर अल्पविकसित राष्ट्रहरूमा प्रवेश गर्दछन् र विस्तारै ती राष्ट्रहरूलाई आफ्नो उपनिवेशको रूपमा स्वीकार्न तयार हुन्छन् । मार्क्सवादी विचारबाट प्रेरित लेखकहरू यसको खुलेर विरोध गर्दछन् । आहुतिको **नयाँ घर** उपन्यासमा

पूँजीवादप्रति वितृष्णा देखाइएको छ । नेपालमा अहिले विभिन्न नामबाट साम्राज्यवादी शक्तिहरू प्रवेश गरिरहेका छन् ।

आाहुतिको **नयाँ घर** उपन्यासमा एन्.जी.ओ. चलाएर पूँजीवादी चिन्तन र विस्तारवादी समर्थन गरेको पात्रप्रति विरोध देखाइएको छ । आफूलाई वामपन्थी नेता भन्न रुचाउने अनि पत्नीलाई एन्.जी.ओ. चलाएर घर धान्न लगाउने क्षितिज, सुन्दर थपलियाजस्ता पात्रको विरोध उपन्यासमा गरिएको छ । **नयाँ घर**की सिलसिलाले क्षितिजको पूँजीवादी मोहकै कारण सम्बन्धविच्छेद गरेर एकल जीवन बिताउने निर्णय गरेकी छिन् । यसबाट के कुरा प्रस्ट हुन्छ भने आहुतिका उपन्यासका पात्रहरूमा विस्तारवादी नीति र पूँजीवादी चिन्तनले राष्ट्र बिखण्डन अुन सक्ने दूरदृष्टि भएकाले उनीहरूले सतर्क भएर ती प्रवृत्तिको विरोध गरेका छन् ।

## ३.३.९ प्रेम, विवाह र यौनसम्बन्धी नवीन चेतना

परम्परागत मान्यता भन्दा भिन्न मार्क्सवादी विचारबाट प्रेरित व्यक्तिहरू प्रेम, विवाह र यौनका सम्बन्धमा फरक धारणा राख्दछन् । यिनीहरू फ्रायडको जस्तो हरपक्षलाई यौनसँग जोड्दैनन् । आहुतिको उपन्यासमा प्रेमविवाहलाई प्राथमिकता दिइएको छ । त्यसैले सूर्य बिन्तीदेवीलाई आत्मिक प्रेम गर्छन्, सिलसिला रामकृष्णलाई पनि आत्मिक प्रेम गर्छिन्, शान्ति कुनै मधेसी मूलको केटोलाई प्रेम गर्छिन्, तर भौतिक सुख र पूँजीवादी चिन्तनका कारण सबैको प्रेमले सार्थकता प्राप्त गर्न सकेको छैन । अतः यसबाट के पुष्टि हुन्छ भने उपन्यासकार आहुति पूँजीवादी र भौतिक सुविधाविहीन आत्मिक प्रेममा विश्वास गर्छन् । रामकृष्ण महर्जनले अर्की केटी मन पराएपछि सिलसिलातिर बढेका रामकृष्णलाई सिलसिला भन्छिन्-

> *पर्ख ! तिमी अब मलाई नछोऊ, आफ्नो हैसियतमा बस कुनै प्रेम बाँकी छैन अब । प्रेमविहीन स्पर्श वेश्यावृत्ति हो, म वेश्या होइन* (पृ.. २०१) ।

यसबाट पनि आत्मिक प्रेमबिनाको स्पर्श केवल वेश्यावृत्ति हुने कुराको पुष्टि हुन्छ । पूर्वप्रेमिका बिन्तीदेवीले सूर्यलाई विवाह गर्ने सल्लाह दिँदा सूर्य भन्छन् -

> *म पेट र यौनभन्दा अलिमथि उठेर जीवन बाँच्न चाहन्छु, कृपया तिमी मबाट थप घृणाको पात्र बन्ने कोशिस नगर । रछ्यानबाट कुनै फोहरी कुकुरले मलाई रछ्यानको फोहरमा लुट्पुटिन नबोलाओस् यही चाहन्छु* (पृ.. ३४५) ।

यसरी सूर्यका माध्यमबाट आहुति आफ्नो आत्मिक प्रेमप्रतिको आस्था प्रकट गर्दछन् ।

## ३.४ निष्कर्ष

आहुतिका उपन्यासहरूमा समाजलाई मार्क्सवादी दृष्टिबाट हेरिएको पाउन समिन्छ । उपन्यासमा समकालीन समाजका यथार्थ घटनाहरूको वर्णन गरिएको छ । **नयाँ घर**मा २०३६-२०४८ सालसम्मका राजनैतिक घटनाहरूलाई प्रस्तुत गरिएको छ । खासगरी निरङ्कुश तानाशाहविरुद्ध जनताले गरेको आन्दोलनलाई यसले अँगालेको छ । यस उपन्यासमा सामन्त तथा शोषक वर्गले गरिब किसान र मजदुरहरूलाई हदसम्म शोषण गरेका छन् । यसका विरुद्धमा आन्दोलित भई जनताले सफलता हासिल पनि गरेका छन् । यसमा गरिबीको चित्रण साह्रै दयनीय ढङ्गबाट गरिएको छ । उपन्यासका पात्रहरू सर्वहारा मुक्तिको निम्ति जुनसुकै मूल्य चुकाउन तयार देखिन्छन् । यसभित्र साम्राज्यवादी राज्यसंरचनाको विरोध, जातीय उत्पीडनको विरोध, महिलामाथि हुने शोषणको विरोध गरिएको छ । **नयाँ घर** भित्र वर्गसङ्घर्षको कुरा छ । यो उपन्यासले शोषितका पक्षमा विजय देखाएको छ ।

*वर्ग दुश्मनहरूको निम्ति यो सबैभन्दा हानिकारक रचना बन्न सकोस्*

(आहुति, २०६२: भूमिका)

भन्दै आफ्नो लेखन शोषक वर्गप्रतिको प्रहार हो भन्ने उनको आत्मस्वीकार रहेको छ । सर्वहारा वर्गका मान्छेहरूले यदि आन्दोलनको नेतृत्व नगर्ने हो भने राष्ट्रले कहिल्यै मुक्तिको सास फेर्न पाउने छैन भन्ने दृष्टिकोण **नयाँ घर**मा पाउन सकिन्छ । **नयाँ घर** उपन्यासमा सम्भाषणको अधिक प्रयोग भएकाले संरचनाशिल्प पक्ष केही खुकुलो देखिन्छ । यसका कतिपय ठाउँमा अनावश्यक वर्णन देखिन्छ । उपन्यासमा सपनाको पनि ठाउँठाउँमा उल्लेख छ । हप्तासम्म होस खुल्न नसक्ने गरी घाइते भएको एउटा योद्धा सूर्यले झण्डा चुमेको जस्ता घटनाहरू उपन्यासमा अतिशय कल्पना भन्दा अरू केही लाग्दैन । क्रान्तिकारी गीत, कविता र अन्तर्राष्ट्रिय कम्युनिस्ट गीतको प्रयोगले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

उपन्यासकारले आफू क्रान्तिकारी भनाउन मन पराउने र श्रीमतीलाई समान्य भोग्यवस्तु ठान्ने पूँजीवादी पुरुषचिन्तनको  विरोध गरेका छन् । आफू दलित समुदायको भएर पनि उपन्यासमा दलित समुदायका पात्रलाई प्रमुख भूमिका प्रदान गर्न नसक्नु उपन्यासकारको सीमाका रूपमा देखापर्दछ । केही सीमाहरू रहँदारहँदै पनि आहुतिको **नयाँ घर** उपन्यास जीवनदर्शन र भावपक्षका दृष्टिकोणबाट उत्कृष्ट देखा पर्दछ ।

# परिच्छेद चार

# नयाँ घर उपन्यासको पात्रविधान

## ४.१ परिचय

धेरै लामो समयसम्मको आन्दोलन पछि कयौं वीर योद्धाहरूले सहादत प्राप्त गरिसकेपछि पनि सच्चा कम्युनिस्ट क्रान्तिकारीको सर्वहारा सोचमा अगाडि बढ्न नसकेकै कारण सत्तामा पुगेपछि देश र जनतालाई बिर्सेर सत्तामोहमा लट्पटिन पुगे वामपन्थी नेताहरू । फलस्वरुप पंञ्चायतकालमा कष्टकर भूमिगत जीवन व्यतीत गरे तापनि सत्तालिप्साकै कारण देशमा जताततै भ्रष्ट व्यक्तिहरूको हावी भएको परिवेशलाई **नयाँ घर** उपन्यासले आफ्नो पृ.ष्ठभूमि बनाएको छ । यो उपन्यास नेपाली साहित्यको उपन्यास विधाको प्रगतिवादी धारलाई समेटेको जम्मा ४१६ पृ.ष्ठमा संरचित विशालकाय उपन्यास हो । भूमिका, उपसंहार र शीर्षकबद्ध तीन भागसमेत जम्मा ५ भागमा संरचित २०६४ फाल्गुणसम्ममा पाँचौ संस्करण सहितको उपन्यास हो **नयाँ घर** । **१.जीवनको एउटा खण्ड जहाँ म दोबाटोमा उभिएको थिएँ.** **२. जीवनमोर्चामा यातनामय दिनहरू** र **३. एउटा वेगवान् समय** गरी तीन भागमा विभाजित यस उपन्यासका प्रत्येक भाग वा खण्डमा १४-१४ परिच्छेदहरू गरी जम्मा ४२ परिच्छेद रहेका छन् । विभिन्न प्रसङ्ग चिन्हको सहायताले आवश्यकताअनुसार विभिन्न उप-परिच्छेदहरूमा विभाजन गरिएको छ । यसमा २०४६ साल आसपासका कतिपय घटनाहरूलाई चिठी र दैनिकीका माध्यमबाट समेत देखाइएको छ । यसमा व्यक्तिवाचक , जातिवाचक तथा समूहवाचक नामका आधारमा पात्रहरूको प्रयोग गरिएको छ । करिब ३५ जना विभिन्न वर्ग एवम् मनोभावका पात्रहरू रहेको उपन्यास **नयाँ घर** वास्तवमै धेरै पात्रहरू प्रयोग भएको उपन्यास हो । यसमा प्रयुक्त पात्रहरू निम्नानुसारका छन् :-

१) सूर्यबहादुर थापा

२) सिलसिला महर्जन

३) किरण

४) प्रकाश

५) लालसिंह

६) बिन्तीदेवी श्रेष्ठ

७) दिदी (शोभा)

८) मीत (रामकृष्ण महर्जन)

९) सन्देश

१०) क्षितिज

११) शान्ति शर्मा

१२) सुन्दर थपलिया

१३) लुमडीप्रसाद पौडेल

१४) आमा

१५) भरत

१६) कमल

१७) रेणु

१८) हजुर बा

१९) खिलराज गौतम

२०) राम प्रसाद  गौतम

२१) मन्त्री

२२) हरिमान

२३) सिलसिलाकी आमा

२४) भारतीय साहू

२५) कार्की काका

२६) अमोघ

२७) महादेव

२८) धनमुने

२९) बिन्तीको बुबा

३०) चमेली

३१) रामकुमार

३२) लुमडीकी श्रीमती

३३) इन्सपेक्टर

३४) सानुचा

३५) मनरुपा ।

माथि उल्लिखित पात्रहरूका अतिरिक्त डी.एस्.पी., प्रहरीहरू, भट्टीपसलका मान्छेहरू, प्रधानपञ्चको कारवाहीमा उत्रेका मान्छेहरू, धारामा आएका पँधेर्नीहरू, ढुङ्गा फुटाउने युवक, बाहुन (धामी), सेती मैचा, जयनन्द, बूढा बा आदि यस उपन्यासमा देखापरेका अन्य पात्रहरू हुन् । यी पात्रहरूमध्ये सूर्यबहादुर प्रमुख पात्र हो । उसकै सेरोफेरोमा घुमेको छ, उपन्यास ।

## ४.२. औपन्यासिक तत्वका आधारमा नयाँ घर उपन्यासका पात्रहरूको वर्गीकरण

**नयाँ घर** उपन्यास बहुपात्र प्रयोग भएको प्रगतिवादी उपन्यास हो । यसमा प्रयुक्त पात्रहरू हाम्रै समाजका कुनै कुनाबाट टपक्क टिपिएका झैँ प्रतीत हुन्छ । विभिन्न स्वभाव, चरित्रका पात्रहरू यस उपन्यासमा प्रयोग भएका छन् । यस उपन्यासमा उपस्थित पात्रहरूको चरित्रचित्रणलाई मोहनराज शर्माका अनुसार निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ : (शर्मा, २०५९: ११४)

### ४.२.१. लिङ्गका आधारमा:

**नयाँ घर** उपन्यासमा प्रयुक्त भएका पात्रहरूलाई लिङ्गका आधारमा पुरुष पात्र र स्त्री पात्र गरी दुई भागमा विभक्त गर्न सकिन्छ । उपन्यासका प्रमुख पात्र/नायक सूर्यबहादुर,उनका सहयोद्धा किरण, लालसिंह, प्रकाश, सन्देश, मीत रामकृष्ण, हजुरबा, सुन्दर थपलिया, लुमडीप्रसाद, क्षितिज, सहपाठी भरत, ग्यारेज चलाउने कमल, खिलराज गौतम, रामप्रसाद शर्मा, मन्त्री, हरिमान, सिलसिलाका बुबा, भारतीय साहु, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, बिन्तिको बुबा, रामकुमार लिम्बू, इन्स्पेक्टर, सानुचा आदि पुरुष पात्रका रूपमा अगाडि आएका छन् । यस्तै उपन्यासकी नायिका सिलसिला महर्जन, सिलसिलाकी आमा, सूर्यकी आमा, दिदी शोभा, प्रेमिका बिन्तिदेवी, पछिल्लो समयमा भेटेकी प्रेमिका शान्ति शर्मा, रेणु, चमेली, लुमडीकी श्रीमती, मनरुपा लगायतका पात्र स्त्री पात्रका रूपमा अगाडि आएका छन् । यस उपन्यासमा नारीपात्रको तुलनामा पुरुष पात्रकै अधिकता देखापरेको छ तापनि नारी हिंसा र नारी उत्थानको विषयलाई माथि उठाइएको छ । अधिकांश नारीपात्र विद्यमान् परम्पराका विरुद्धमा माथि उठ्ने प्रयास गरेको पाइँदैन तापनि सिलसिला, शान्ति र रेणुजस्ता पात्रहरू मानवमुक्तिका लागि होमिएका छन् ।

### ४.२.२. कार्यका आधारमा

**नयाँ घर** उपन्यासमा कथावस्तुलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र सूर्यबहादुर थापा र सिलसिला महर्जन नै यस उपन्यासका प्रमुख पुरुष तथा नारी पात्र हुन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म यी दुई पात्रहरू घटनाक्रमसँगै अगाडि बढेका छन् । प्रमुखतः सूर्यबहादुरले नै घटनाक्रमहरूलाई अगाडि बढाएको देखिन्छ । यसर्थ उनी उपन्यासका प्रमुख केन्द्रीय पात्र हुन् । सूर्यलाई साथदिने किरण, प्रकाश, लालसिंह, सन्देश, कमल, भरतजस्ता पात्रहरू सहायक पात्रका रूपमा अगाडि आएका छन् । साथै सूर्यकी प्रेमिका बिन्तिदेवी, शान्ति शर्मा, दिदी शोभा, लुमडीप्रसाद पौडेल, खिलराज गौतम लगायतका पात्रहरू सूर्यले बढाएको घटनाक्रममा देखापर्ने सहायक पात्र हुन् । त्यस्तै सूर्यकी आमा, हजुरबा, रेणु, रामप्रसाद, मन्त्री, हरिमान, सिलसिलाकी आमा, भारतीय साहू, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, बिन्तिदेवीका बुबा, चमेली, रामकुमार लिम्बू, लुमडीकी श्रीमती, इन्स्पेक्टर, सानुचा तथा मनरूपा गौण पात्रका रूपमा आएका छन् । अन्य गौण पात्रहरूमा जनकारवाहीका जनलहर, आन्दोलनका जनलहर, प्रहरीहरू आदि रहेका छन् । मानवमुक्तिका लागि होमिएका सूर्य, सिलसिला, किरण, प्रकाश, लालसिंहको भूमिकालाई हेर्दा सर्वहारा प्रवृत्तिका देखिन्छन् भने खिलराज, रामप्रसाद, मन्त्री, क्षितिज जस्ता पात्रहरूलाई नियाल्दा पूँजीवादी चिन्तनबाट ग्रस्त र भ्रष्ट देखिन्छन् । बिन्तिदेवी धोकेवाज प्रेमिका अनि पूँजीवादी सोचले ग्रस्त नारी पात्रका रूपमा देखिन्छिन् भने शान्ति र सिलसिला नवीन प्रेम अनि नारीमुक्तिका संवाहक झैँ देखिन्छन् ।

### ४.२.३. प्रवृत्तिका आधारमा

प्रवृत्तिगत आधारमा हेर्ने हो भने मुख्य पात्र सूर्य, सिलसिला, किरण, लालसिंह, प्रकाश, सन्देश, दिदी शोभा, शान्ति, आमा, भरत, कमल, रेणु, हजुरबा, हरिमान, सिलसिलाकी आमा, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, चमेली, रामकुमार लिम्बु, सानुचा र मनरुपा अनुकूल पात्रका रूपमा देखापरेका छन् । यी सबैजसो पात्रहरूले उपन्यासको सर्वहाराकरणको सिद्धान्तलाई अगाडि बढाउन, सूर्यलाई कुनै न कुनै रूपमा सहयोग पुऱ्याउन भूमिका खेलेको देखिन्छ । यसर्थ यी पात्रहरूलाई मूलभूत रूपमा अनुकूल पात्र मान्न सकिन्छ । यसको विपरीत पूँजीवादी चिन्तनले ग्रस्त र भ्रष्ट भएका बिन्तिदेवी, मीत रामकृष्ण, क्षितिज, सुन्दर थपलिया, लुमडीप्रसाद, खिलराज गौतम, रामप्रसाद शर्मा, मन्त्री,

भारतीय साहू, बिन्तिको बुबा, लुमडीकी श्रीमती, इन्स्पेक्टर लगायतका पात्र प्रतिकूल पात्रका रूपमा देखिएका छन् । शोषक सामन्त, नारी चेतना, वर्ग सङ्घर्षको अन्त्यका लागि लडेका सूर्य, सिलसिला, शान्ति लगायतका पात्रहरूको विरुद्धमा अगाडि आउने यी पात्रहरू सामाजिक रूपमा नै बहिष्कार गर्नुपर्ने पात्रहरू भएकैले प्रतिकूल पात्रहरूका रूपमा उपन्यासमा देखिएका छन् । तर सूर्य, प्रकाश, किरण, लालसिंह, शान्ति, सिलसिलाको सङ्घर्षले यी पात्रहरू परास्त प्रायः भएका छन् ।

### ४.२.४ आसन्नताको आधारमा

आसन्नताको आधारमा हेर्दा उपन्यासका केही गौण पात्रहरू बाहेक सबै नै मञ्चीय पात्रका रूपमा देखापरेका छन् । धनमुने घर्ती, बिन्तीको बुबा, चमेली, रामकुमार लिम्बू, इन्स्पेक्टर, सानुचा, मनरूपा आदि पात्रहरूलाई नेपथ्य पात्रका रूपमा अगाडि सार्न सकिन्छ । उपन्यासका प्रमुख पात्र सूर्य सबैभन्दा बढी मञ्चमा उपस्थित हुने पात्र हुन् । उनी लगायत सिलसिला, किरण, लालसिंह आदि पात्र पनि मञ्चमा बढी देखापर्दछन् ।

### ४.२.५. आबद्धताका आधारमा

आबद्धताका आधारमा सूर्य, किरण, लालसिंह, प्रकाश, दिदी, मीत, रामकृष्ण, लगायत अधिकांश चरित्र बद्ध पात्रका रूपमा आएका छन् । यी पात्रहरूले कथावस्तुलाई अगाडि बढाउने कार्य गरेकै कारण यी पात्रहरू बद्ध पात्र नै हुन् । केही पात्रहरू लुमडीप्रसाद, खिलराज, रामप्रसाद, मन्त्री, भारतीय साहू, महादेव, धनमुने घर्ती, बिन्तीको बुबा, चमेली, रामकुमार, लुमडीकी श्रीमती, इन्स्पेक्टर, सानुचा, मनरूपा आदि पात्रहरूलाई मुक्त पात्रमा राख्न सकिन्छ । यी पात्रहरू घटनाक्रममा जोडिन मात्र आएका पात्रहरू हुन् । सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने सूर्य, सिलसिल तथा शान्ति शर्मा आदि महत्वपूर्ण बद्ध पात्र हुन् ।

### ४.२.६. जीवनचेतनाका आधारमा

यस आधारमा यस उपन्यासका प्रमुख पात्र सूर्य, सिलसिला, किरण, प्रकाश, लालसिंह, सन्देश, शान्ति शर्मा, कमल, रेणु, खिलराज, रामप्रसाद, सिलसिलाकी आमा तथा इन्स्पेक्टरलाई वर्गीय चरित्रका रूपमा लिन सकिन्छ । सूर्य, किरण, सिलसिला, प्रकाश, लालसिंह, शान्ति शर्मा, जस्ता पात्रहरूले सर्वहारा वर्गको प्रतिनिधित्व गरेका छन् भने

खिलराज, रामप्रसादले सामन्ती वर्गको प्रतिनिधित्व गरेका छन् । साथै रेणुले अबला, बाध्यकारी नारीको प्रतिनिधित्व गरेकी छिन् । यस उपन्यासका बिन्तीदेवी श्रेष्ठ, दिदी शोभा, मीत रामकृष्ण, क्षितिज, सुन्दर थपलिया, लुमडीप्रसाद, सूर्यकी आमा, भरत, हजुरबा, मन्त्री, हरिमान, भारतीय साहू, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, बिन्तीको बुबा, चमेली, रामकुमार, लुमडीकी श्रीमती, सानुचा, मनरूपा जस्ता पात्रहरूले कुनै वर्गको प्रतिनिधित्व गर्न सकेका छैनन् । उनीहरू व्यक्तिगत चाहना, इच्छापूर्तिका लागि मात्र कार्य गरिरहेका छन् । यसर्थ यी पात्रहरू व्यक्तिगत पात्र हुन् ।

### ४.२.७ स्वभावका आधारमा

स्वभावका आधारमा नयाँ घर उपन्यासका पात्रहरू स्थिर (गतिहीन) र गतिशील गरी दुई प्रकारका छन् । जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो स्वभाव वा विचार परिवर्तन नगर्ने सूर्य, किरण, प्रकाश, लालसिंह, दिदी शोभा, सन्देश, सूर्यकी आमा, हरिमान, सिलसिलाकी आमा, भारतीय साहू, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, बिन्तिको बुबा, चमेली, राजकुमार, सानुचा, मनरुपा आदि पात्रहरू स्थिर (गतिहीन) स्वभावका पात्रहरू हुन् । दिदी, आमा, प्रेमिका, बिन्तिदेवी, इन्स्पेक्टर आदिले जस्तोसुकै अवस्था र परिस्थिति सृजना गरे तापनि सूर्यको स्वभाव बदलिएन । उनका इच्छा आकाङ्क्षाहरू परिवर्तन भएनन् । आमा, दिदी शोभाका स्वभावहरू, किरण, लालसिंह र प्रकाशका सोचाइहरू कहिल्यै परिवर्तन भएनन् ।

सिलसिलाको रामकृष्णसँग सम्बन्ध विच्छेद भइसकेपछि पनि पुनर्विवाह गर्नु उसको परिवर्तित स्वभाव नै हो । अन्ततः पुनः सम्बन्धविच्छेद गर्नुले उनलाई गतिशील चरित्रका रूपमा उपन्यासले देखाउँछ । त्यस्तै बिन्तिदेवी श्रेष्ठ सच्चा प्रेमिका भएर सूर्यलाई साथ दिन नसक्नु, मीत रामकृष्ण महर्जनमा पूँजीवादी चिन्तन हावी हुनु, नवयौवनासँग विवाह गर्नु जस्ता कारणले उनीहरूलाई गतिशील चरित्रका रूपमा उभ्याएको छ । क्षितिज, शान्ति शर्मा, सुन्दर, लुमडीप्रसाद, भरत, कमल, रेणु, हजुरबा, खिलराज, रामप्रसाद, मन्त्री, लुमडीकी श्रीमती, इन्स्पेक्टर लगायतका चरित्रहरू पनि स्वभावका दृष्टिले गतिशील चरित्र सावित भएका छन् ।

यसरी **नयाँ घर** उपन्यास संरचनाका दृष्टिले विशालकाय भएको बहुल पात्रहरूको प्रयोग भएको राजनीतिक परिवेशलाई समेटिएको उपन्यास हो । यसका अधिकांश पात्रहरू

मानवमुक्ति र सर्वहाराकरणको लागि पक्ष र विपक्षमा घुमेका छन् । यहाँ प्रस्तुत गरिएको वर्गीय सङ्घर्षले हरेक सामाजिक साँस्कृतिक परिवेशका पाठकहरूलाई आकर्षित गर्न सक्नु यसको मूल विशेषता हो ।

## ४.३ नयाँ घर उपन्यासका प्रमुख पात्रहरू

बहुल पात्रहरूको प्रयोग भएको **नयाँ घर** उपन्यासमा प्रमुखतः सूर्यबहादुर थापा र सिलसिला महर्जन प्रमुख पात्रका रूपमा उपस्थित छन्, जसलाई निम्नअनुसार चरित्रचित्रण गर्न सकिन्छ :

### ४.३.१ सूर्यबहादुर

कृतिगत कार्य वा भूमिकाका आधारमा सूर्यबहादुरको उपस्थिति अन्य पात्रको तुलनामा अधिक नै देखापर्छ । उनको भूमिका उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म कथानकको विकाससँगै जोडिएर आएको छ । यस उपन्यासमा उनले गरेका कार्यहरू अन्य पात्रहरूको भन्दा बढी महत्वपूर्ण र निर्णायक पनि छ । उनकै कार्यशृङ्खलासँग अन्य पात्रहरूको कृतिगत कार्य पनि जोडिएको हुँदा यस उपन्यासमा सूर्यबहादुर नै केन्द्रीय पात्रको रूपमा देखापरेको छ । उपन्यासकारले सूर्यकै माध्यमबाट आफूले प्रस्तुत गर्न खोजेको जीवनदर्शन र सर्वहाराकरणको सिद्धान्त व्यक्त गरेका छन् ।

लिङ्गका आधारमा सूर्यबहादुर पुरुष पात्र हो । हुन त नामैले पनि उनी पुरुष पात्र नै हुन् भन्ने कुरा प्रष्ट हुन्छ । यस उपन्यासमा उनी शोभाका भाइ, बिन्तिदेवी श्रेष्ठ र शान्ति शर्माका प्रेमीका रूपमा उपन्यासमा उपस्थित भएको तथ्यबाट उनलाई सहजै पुरुष पात्रका रूपमा लिन सकिन्छ । उनको बाहृय व्यक्तित्वको सम्बन्धमा शान्ति ठट्टा गर्दै भन्छिन् -

> *एकादेशमा एउटा गहुँगोरो युवक छ जसका आँखाहरू साना साना कुनै मङ्गोल पुरुषका जस्ता छन् । ऊ कम हाँस्छ तर जब हाँस्छ उसका दाँतहरू दाडिमका स्वेत गेडाहरू झैँ टल्कन्छन्, मोतीका दानासँग तुलना गरौँ भने ठूला ठूला भित्रका रौँ नै देख्न सकिने ! ओठहरू पातला छन् हेर्दा धेरै बोल्ला जस्तो तर ऊ धेरै बोल्दैन, जब बोल्छ तीर झैँ बेगवान् शब्दहरू छोड्छ । ऊ होचो छैन, अग्लो पनि छैन, ठीक्क कदको उचाई छ उसको । दाह्री जुँगा छन् तर राम्रा छैनन्, जुँगा पनि ठाडा ठाडा छन् । कुनै रिसाहा पुरुषको जस्तो ! ऊ प्रेममा धोका खाएको युवक तर पनि उसको हृदय प्रेमले भरिभराउ*

*छ जसले उसलाई पाउँछे उसलाई स्वर्ग व्यर्थ लाग्नेछ* (पृ.. ३९६) ।

चरित्रगत प्रवृत्तिका दृष्टिले सूर्यबहादुर अनुकुल पात्रकै रूपमा देखापरेका छन् । सानैउमेरदेखि गरिबी, अभाव र पीडासँगै सङ्घर्ष गर्न सिकेको सूर्यको जीवनमा सुखका दिनहरू खासै आएको देखिँदैन । सानै उमेरमा पितृवियोगको पीडा खेपेका सूर्यले हजुरबा, आमा र दिदी शोभाबाट प्रशस्त माया पाएका छन् । सूर्यकै उचित पालनपोषणका लागि हजुरबा समेत शारीरिक श्रम गर्ने क्रममा लडेर मृत्युवरण गर्न पुग्दा सूर्य केही हदसम्म विचलित बन्न पुगे । परिवारमा थप पीडा र अभावले शुन्यता छाउन पुग्छ । यही आर्थिक अभाव र पीडाबाट आमा, दिदी र सूर्य अत्यन्त पीडित हुन पुग्दछन् । आर्थिक गर्जो टार्न रातभरजसो दिदीसँगै तानमा बस्ने जस्ता श्रममुलक कार्यमा सूर्य देखिन्छन् । दस वर्ष लामो व्यथाले निम्त्याएको आफ्नो बाबुको मृत्यु हुनु, भएको खेत उपचारमा सकिनु, घरबारी बन्धकमा पर्नु, शोषण र अपमानका कठिन जीवन बाँच्दा बाँच्दै हजुरबाको मृत्यु हुनु, दिदी शोभाले सूर्यको जीवन र भविष्यको सुनिश्चितता प्रदान गर्न आफ्नो यौवन र जीवन नै अपर्ण गर्नु उपन्यासका प्रमुख पात्र सूर्यलाई नायक व्यक्तित्व प्रदान गर्ने प्रारम्भिक पृ.ष्ठभूमि हो ।

एस.एल.सी. परीक्षा उतीर्ण गरी मेडिकल साइन्स पढ्दै गरेको सूर्य विद्यालयदेखि नै बिन्तिदेवीसँग प्रेम गर्छन् । कयाम्पस जीवनसँगै सूर्यको राजनीतिक जीवन प्रारम्भ भएको देखिन्छ । उनी क्रमशः गाउँमा सङ्गठन विस्तार गर्नु, प्रधानपञ्चको विरुद्धमा पर्चा छर्नु जस्ता कार्यक्रमहरूमा सहभागी भएका छन् । यसका साथै चितवन भ्रमणमा जाँदा किरण, लालसिँहजस्ता साथीहरूको संसर्ग र प्रधानपञ्चजस्ता फटाहा सामन्तहरूले गरिब, दुःखी जनताहरूप्रति गरेको दुर्व्यवहार देखेर पढाइलाई तुच्छ ठानी काठमाडौँ फर्केर देश र जनताको मुक्तिका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गर्ने निश्चय गर्न पुग्दछन् । सङ्गठन विस्तार गर्दै जाने क्रममा उनले व्यक्त गरेका धारणाबाट उनी परम्परागत जीवनबाट फरक जीवन बाँच्नु पर्छ भन्ने कुरा थाहा पाउन सकिन्छ -

> *हामी युवाहरूले यो देश र जनताका लागि लड्नैपर्छ कुकुर बिरालो को भन्दा फरक जीवन बाँच्ने पर्छ* (पृ.. ६४) ।

घरपरिवार, साथीसँगी र प्रेमिकाको समेत अस्वीकृति हुँदाहुँदै पढाइ छाडेर राजनीतिमा लागेपछि बिन्तीसँगको प्रेम असफल हुन पुग्दछ । प्रेम विछोडले सूर्यलाई मानसिक रूपमा विचलित बनाउन पुग्यो र रक्सी अभिन्न मित्र बन्न पुग्यो । यसैले मनको पीडालाई शान्त बनाउन सहयोग गरेको कुरा समेत महसुस गरेका छन् -

*यस्तो मानसिक तनावग्रस्त अवस्थामा रक्सी एउटा परम मित्र बन्दछ । धरैले भन्दछन् रक्सीले पीर व्यथा बिर्साउँछ तर मलाई भने झनै सम्झाइदिन्थ्यो । त्यसरी सम्झाइदिँदा पनि झन् पिउन किन मन लाग्थ्यो भने जुन सम्झाउने घटना हो त्यसलाई बिर्सन मन लागेकै हुँदैनथ्यो । त्यो पीडामय क्षणमा रक्सी खान सिकेपछि मेरो हालत झनै खराब भयो र यो बानी एउटा लत झैँ विकास हुन थाल्यो । रक्सी खाएर छट्पटाउनु, ब्लेडले हातलाई चिर्नु र एकान्तमा बसेर रुनु मेरो सामान्य दिनचर्या झैँ हुनथाल्यो, यहाँसम्म कि एकदिन एउटा रक्स्याहाको चुरोट खोसेर मैले पिएँ अनि आफ्नै हातमा चुरोट निभाएँ। आफैँले आफैलाई शारीरिक यातना दिँदा सञ्चो अनुभव हुन्थ्यो । अझ यस्तो बेलामा आफ्नो क्रियाकलाप देखेर अरू छक्क भएको देख्दा झनै आनन्द पो आउँथ्यो । (पृ.. २१५)*

यसै क्रममा एकदिन रक्सीकै नशामा परेको बेला रेणु आफ्नो पीडा बिसाउन आइपुगेकी थिइन् तर उनको समस्यालाई समयमै समाधान गर्न नसक्दा उनी आत्महत्या गर्न पुग्दछिन् । यसबाट उनलाई ठूलो पश्चाताप गराउँदछ। आन्दोलनको क्रममा सूर्य जेल परेका बेला दिदी र आमा दुबै सिकिस्त बिरामी परी वीर अस्पतालमा उपचार गराउंदा -गराउँदै जेलमुक्त भएको केही दिनमै मृत्यु हुन पुग्दछ । यस्तो अवस्थामा किरणले समवेदना शब्दहरू चिठीमार्फत पुऱ्याउँछन् तर प्रत्युत्तरमा आफूलाई समाजवादका पक्षमा यसरी उभ्याउँछन् -

*मैले राजनीतिक जीवनको शुरु मात्र नगरेको भए वा पुरानै ढर्रामा जीवनलाई ढालेको भए आमा र दिदीको त्यो हालत हुँदैनथ्यो होला । हो यसरी पनि सोच्न सकिन्छ तर के तपाईँ ठान्नुहुन्छ म यसरी सोच्दछु ? हैन म यसरी सोच्दिन । उहाँहरूले त्यति धेरै दुःख पाउनु भएको छैन जति नेपाली भोका नाङ्गा आमा दिदीले दुःख भोगेका छन् । बरु समस्या त पुरानो र नयाँ विचार बीचको हो, निजी स्वार्थपूर्तिमूलक सोच र समाजवादी सोच बीचको हो । उहाँहरू जुन समाजमा हुर्कनु भयो, जुन समाजको गलत संस्कृतिले उहाँहरूको विचार तत्वको निर्माण भयो, उहाँहरूको पीडा मात्र तिनै कुराको प्रतिबिम्ब हो । अनि म उहाँहरूको वचनबाट जति घाइते भएँ त्यो पनि मेरो दिमागमा भरिएको पुरानो सडेगलेको संस्कृतिलाई फाल्न नसक्नुको प्रतिक्रिया हो । (* पृ.. २५२)

मई दिवसका अवसरमा पटक पटक जेल पर्नु र छुट्नु सूर्यका लागि सामान्य भइसकेको थियो । यसै क्रममा सूर्यको भेट प्रकाशसँग हुन पुग्दछ । यता आफ्ना मित्र लालसिंहको

आँखाको ज्योति गुमेपछि उपचारका लागि आफ्नो निजी सम्पत्तिका नाउँमा रहेको घरसमेत बेचेर सूर्य पूर्णतः सर्वहारा बन्दछ । सर्वहारा बन्नु एकप्रकारले ठूलो क्रान्ति नै हो र यो क्रान्तिको आवश्यकतालाई उनी यसरी केलाउँछन् -

> *यदि तिमीले अहिले रगत बगाउँदैनौ भने भोलि तिम्रा छोराछोरीले रगत बगाउन बाध्य हुनेछन् । भन तिमी कसको रगत बगोस् भन्ने चाहन्छौ ? तिम्रो या बच्चाहरूको ?* (पृ.. २९४)

समयको क्रमसँगै उनी आन्दोलनलाई गोप्य रूपमा सञ्चालन गर्न क्षितिजको सहयोगमा उनकै दाजु लुमडीप्रसादको घरमा पुग्दछन्, जहाँ शान्ति शर्मासँग उनको भेट हुन्छ, चिनजान बढ्दै जान्छ । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि सुन्दर थपलिया प्रवृत्तिहरू अगाडि आउँछन्, जसलाई सूर्यले पचाउन सक्दैनन् । आन्दोलनका क्रमहरू बढ्दै जान्छ र आन्दोलनकै क्रममा गोली लागेर घाइते भएको सूर्यको उपचारपछि एउटा खुट्टा गुमाउँछन् । अस्पतालमा शान्तिको राम्रो स्याहार पाउँछन् र अन्त्यमा सूर्य र शान्तिको बिहेको प्रसङ्गसँगै उपन्यासले विश्रान्ति पाउँछ ।

यसरी उपन्यासको आदिदेखि अन्तसम्म मूल रूपमा सूर्यबहादुरको जीवनसँग सम्बन्धित घटना रहेको छ । जस्तोसुकै दुःख सहेर पनि सर्वहाराको मुक्तिका खातिर लागिपरेको सूर्य उपन्यासको नायक हो । उनी जुझारु र क्रान्तिप्रति प्रतिबद्ध भएपनि असफल प्रेमी पात्र पनि हुन् । उनी समाजमा व्याप्त रेहेका खराब तत्वहरूको खुलेर विरोध गर्ने, गणतन्त्र र साम्यवादका निम्ति लड्ने, अन्तर्जातीय प्रेम गर्ने पात्र पनि हुन् । यसरी प्रवृत्तिका हिसाबले अनुकूल, स्वभावका हिसाबले स्थिर, जीवनचेतनाका हिसाबले वर्गीय, आसन्नताका हिसाबले मञ्चीय र आबद्धताका हिसाबले बद्ध प्रमुख पुरुष पात्र हुन् सूर्य ।

## ४.३.२ सिलसिला महर्जन

कृतिगत कार्य वा भूमिकाका आधारमा सिलसिला अन्य पात्रको तुलनामा उपन्यासमा महत्वपूर्ण नारी पात्रका रूपमा देखापरेकी छिन् । यसर्थ सिलसिला यस उपन्यासकी प्रमुख नारी पात्र हुन् । यस उपन्यासमा उनले अपनाएको बाटो अन्य पात्रहरूको तुलनामा बढी महत्वपूर्ण एवम् निर्णायक देखिन्छ । उनका कार्यश्रृंखला सँगसँगै अन्य पात्रहरूको कृतिगतकार्य जोडिएको प्रसङ्गले पनि सिलसिला यस उपन्यासकी प्रमुख नारी पात्र हुन् भन्ने कुरा स्पष्ट हुन्छ । उनका माध्यमबाट उपन्यासकारले प्रमुखतः नारी स्वतन्त्रता र

क्रान्तिकारी आवाजलाई बुलन्द बनाउने प्रयास गरेका छन् । लिङ्गका आधारमा सिलसिला नारी पात्र हुन् । हुनतः नामकै आधारमा पनि उनी नारी पात्र हुन् भन्ने कुरा स्पष्ट हुन्छ । यस उपन्यासमा रामकृष्ण महर्जनकी प्रेमिका र श्रीमतीका रूपमा उपस्थित भएको तथ्यले पनि उनी नारी पात्र नै हुन् भन्ने कुरा थाहा पाउन सकिन्छ । पछिल्लो समयमा रामकृष्णसँग सम्बन्ध विच्छेद भएपछि पुनः क्षितिजसँग बिहे गरेकी सिलसिला उपन्यासकी प्रमुख नारी पात्रको रूपमा अगाडि बढेकी पात्र हुन् ।

चरित्रगत प्रवृत्तिका दृष्टिले सिलसिला अनुकूल पात्रकै रूपमा देखापरेकी छिन् । अभाव, पीडा अनि पारिवारिक कठिनाइमा डुबेकी सिलसिला सङ्घर्ष गर्ने सङ्घर्षशील नारीका रूपमा देखापरेकी छिन् । रक्स्याहा बाबुकी छोरी सिलसिलाले आठ कक्षासम्मको मात्र शिक्षा हासिल गरेकी छिन् । औपचारिक शिक्षा आठ कक्षासम्म मात्र सीमित भएपनि उपन्यासमा गहन अध्ययनशील पात्रका रूपमा देखापरेकी छिन् । आफ्नी आमालाई बाबुले दिएको पीडालाई सहन नसकी साथीहरूको सहयोगले आफ्नै बुबालाई सिस्नुपानी लगाउन पछि नपर्ने सिलसिलामा सानै उमेरदेखि नै नारी उत्पीडनको विरुद्धमा अगाडि बढ्ने प्रवृत्ति देख्न सकिन्छ । सूर्यबहादुरसँग सङ्गठन विस्तारका क्रममा सधैँ साथ दिने सिलसिला गाउँमा आफ्नो हैकम जमाएर बसेका फटाहाहरूको विरुद्धमा समेत लागेकी पात्र हुन् । रामकृष्णलाई आत्मैदेखि प्रेम गर्ने सिलसिलाले अन्ततः उनैसँग बिहे गर्छिन् । रामकृष्णमा बढ्दै गएको पूँजीवादी चिन्तनले यी दुबैको बीचमा क्रमशः फाटो ल्याउने क्रम सुरु हुन्छ । यसरी आफ्नो लोग्नेले सम्पत्तिमा देखाएको मोह र अर्की केटीसँगको प्रेम सम्बन्धले सिलसिलालाई रामकृष्णसँग सम्बन्धविच्छेद गराउन पुग्छ । पुरुषप्रधान समाजमा आफ्नै लोग्नेसँग सम्बन्धविच्छेद गर्ने साहसलाई हेर्दा उनीभित्र जन्मिएको आत्मविश्वासलाई साँच्चिकै क्रान्तिकारी बनाउन सहयोग पुऱ्याएको देखिन्छ । यही क्रान्तिकारीतालाई उनी आफ्नो लोग्नेसँग यसरी व्यक्त गर्छिन -

> *अनि म नयाँ घरकी रखौटी बनेर तिम्रो निम्ति बाँच्ने छु हैन, त्यही त योजना छ तिम्रो । एउटा घरमा तिमी मेरो सम्पूर्ण जीवन खरिद गर्न चाहन्छौ- यही त हो जीवनको व्यापार भनेको । घृणा गर्छु म तिमीलाई, पागल कुकुरलाई जस्तै ।"* (पृ. २७२) ।

> *"सूर्य दाई ! तपाईँ भन्नोस् त के म एक्लै बाँच्न सक्तिन ?* - (पृ. २७९)

यो प्रश्नसँगै उनीभित्रको आत्मविश्वासलाई अझ नजिकबाट नियाल्न सकिन्छ । माइतमै

बसिरहेकी सिलसिलालाई सूर्यबहादुरले उनको सम्बन्धविच्छेद प्रतिको निर्णयलाई कसरी लिएकी छौ त भन्ने प्रश्नको उत्तरमा सिलसिला भन्छिन् -

> *यो एउटा सामान्य घटना हो अथवा मेरो जीवनमा घटेको यो तीतो घटना ; आजको संसारमा स्त्रीहरूले भोग्नु परेको क्रूर दमनको अगाडि यो एउटा सामान्य घटना हो । अनि उसको ममाथिको यो अपमान पनि कुनै अपवाद होइन बरु सामन्ती र पूँजीवादी पुरुषवादी चिन्तनको एउटा निरन्तरता हो । मैले धेरै कोशिस गरें उसलाई बदल्न तर ऊ बदलिएन, उसको चिन्तन र व्यवहार जुन गतिमा जुन दिशातिर अगाडि बढ्यो, त्यसको परिणाम यही हो । यहाँभन्दा बढी केही हुन सक्दैनथ्यो । मैले यो बितेको चार बर्षमा के महशुस गरें भने एउटा निश्चित चिन्तन एकै खाले घटनाबाट अभिव्यक्त हुँदैन बरु समय, परिस्थिति र व्यक्तिअनुसार फरक-फरक रूपमा व्यक्त हुन्छन् । ऊ पुरुष थियो र पुरुषवादी थियो, उसले कहिल्यै पनि मलाई ऊ सरहको मान्छेको दर्जामा राखेर हेर्नै सकेन । कहिले ऊ मलाई आमासरह ठान्थ्यो र कहिले स्वास्नी तर साथीको रूपमा, बराबरीका रूपमा उसले मलाई बुझ्नै सकेन* (पृ. २७६)

आफूले गरेको निर्णयलाई अत्यन्त ठीक निर्णय हो भन्ने कुरालाई उनी यसरी व्यक्त गर्छिन् र पुरुषवादी चिन्तनको विरोध गर्छिन् -

> *तपाईंलाई थाहा छ सूर्य दाई ? स्वास्नीले बढी कुरा सिक्नु भनेको लोग्नेको सबैभन्दा पीडाको कुरा हुँदोरहेछ । यो भन्दा बढी घातक कुरा अरू के हुनसक्छ ? जब कि स्वास्नी लगातार लोग्नेको प्रगति चाहन्छे अनि लोग्ने भने लगातार स्वास्नीको अवनति चाहन्छ । जब लोग्ने पराई स्त्रीसँग रमाउन थाल्दछ, त्यसको परिणात त यही नै हुन्छ कि सम्बन्ध विच्छेद । त्यहाँभन्दा अरु के उपाय छ ?* (पृ. २७७)

समाजमा व्याप्त पुरुषवादी सोचलाई हटाउन हरेक नारी सङ्घर्षमा होमिनुपर्ने चिन्तनलाई उनी यसरी व्यक्त गर्छिन् -

> *म धेरै कुरा बुझ्दिन तर मलाई लाग्छ संसारका हरेक स्त्रीले पुरुष तानाशाहीका विरुद्ध विद्रोह गर्नु जरुरी छ । यदि हामीहरू विद्रोहको आवश्यकता महसुस गर्दछौं भने विद्रोहबाट हुने क्षतिबाट आत्तिएर काम चल्दैन ।"* (पृ. २७९)

यसरी सिलसिलाबाट सूर्यबहादुरले नवचेतनाको झन्डै पराकाष्ठा नै भेट्टाए । उनीभित्रको यही क्रान्तिकारी परिपक्वतालाई सूर्यबहादुर यसरी केलाउँछन् -

*म सोच्दै थिएँ, तिमी बिलकुल नयाँ स्त्री बनेकीछ्यौ । मलाई थाहा थिएन तिमी यति उचाइमा छ्यौ । यो सिंगो पुरुषवादी समाजले स्त्री जातिमाथि अन्यायपूर्ण दमन लादेको छ र यो समाजको म एउटा पुरुष भएको नाताले त्यो दमनमा मेरो पनि केही न केही हिस्सा छ जस्तो लाग्छ - यो अर्थमा तिम्रो अगाडि सिंगो पुरुष जातिको तर्फबाट शिर झुकाउन मन लाग्छ तर यति मात्र अब पर्याप्त छैन । मुख्य कुरो पुरुषवाद पुरुषकै लागि पनि समस्याको विषय हो किनकि यसले समाजको प्रगतिलाई अवरुद्ध गरिरहेको छ । यस अर्थमा यो पुरुषवादको विरुद्धमा विद्रोहमा उभिएकी तिमीलाई शिर उठाएर अभिवादन गर्दछु । साँच्चै तिमीले प्रगति गरेकी छ्यौ सिलसिला ! (पृ.. २८०)*

सङ्गठनका अधिकांश कार्यक्रमहरूमा सहभागिता जनाउँदै आएकी सिलसिला २०४६ सालपछि क्षितिजसँग पुनर्विवाह गर्छिन् तर एन्.जी.ओ. चलाएर घरगृहस्थीमै जीवन चलाउनुपर्ने क्षितिजको सामन्तवादी सोचले उनलाई राजनीतिमा आउन दिएन । पुरुषवादी सामन्ती सोचबाट वाक्क भइसकेकी सिलसिला क्षितिजसँगको वैवाहिक जीवनबाट कहाँ सन्तुष्ट हुन सक्थिन् र ? फलस्वरूप नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय समितिलाई नारीवादको पक्षमा आफ्ना विचारहरूलाई अगाडि बढाउँदै पत्रमा लेख्छिन् -

*सामन्ती समाजको दाम्पत्य जीवनमा पनि पुरुष नारीलाई घरकै भान्सा र बच्चाको गुहुमुतमा सीमित राख्न चाहन्छ र आफू कमाउन बाहिर निस्कन्छ, अनि कम्युनिस्ट पार्टीमा चाहिँ पुरुष राजनीति गर्न निस्कन्छ र स्त्री घरको व्यवस्था गर्छे । आखिर रूपमा मात्रै त अन्तर भयो, सारमा त उही भयो हैन र ? वर्तमान समयमा यदि क्रान्तिमा स्त्री जातिलाई अघि बढाउनु छ भने सिरिफ पुरुषहरूले छुट दिएर मात्र पुग्दैन, जस्तो कि -कतिपय कमरेडहरू स्वतन्त्रता दिएको छु भनेर नाक फुलाउने गर्छन् । बरु महिलाको निम्ति संरक्षण जरुरी छ किनभने ऊ निकै ठूला साँङ्लाहरूले जेलिएकी छे । यस अर्थमा पुरुषको जति स्वतन्त्रता मात्र उसलाई अघि बढ्न यथेष्ट हुँदैन ।* (पृ.. ३९३,३९४)

अन्त्यमा आफ्नो छोरा अमोघलाई सूर्यबहादुरको जिम्मा लगाएर आफू आजीवन सङ्घर्षमा लाग्ने प्रण गर्छिन् ।

यसरी सिलसिला महर्जन प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा

बद्ध प्रमुख नारी पात्र हुन् । साथै आफ्नो अस्तित्व रक्षाका लागि पूँजीवादी-पुरुषवादी चिन्तनसँग लड्ने क्रान्तिकारी-विद्रोही नारी पात्र हुन् ।

## ४.४. नयाँ घर उपन्यासका सहायक पात्रहरू

**नयाँ घर** उपन्यासमा उपन्यासको कथानकसँगै अगाडि बढेका निम्न पात्रहरू सहायक पात्रका रूपमा उपस्थित भएका छन् :

१. किरण
२. लालसिंह
३. प्रकाश
४. बिन्तिदेवी श्रेष्ठ
५. दिदी शोभा
६. मीत रामकृष्ण
७. सन्देश
८. क्षितिज
९. शान्ति शर्मा
१०. लुमडीप्रसाद पौडेल
११. सुन्दर थपलिया
१२. खिलराज गौतम
१३. भरत
१४. कमल

माथि उल्लेखित सहायक पात्रहरूको चरित्रचित्रण निम्नानुसार गर्न सकिन्छ :

### ४.४.१ किरण

किरण **नयाँ घर** उपन्यासको एक महत्वपूर्ण सहायक पात्र हो । उपन्यासका प्रमुख पात्र सूर्यका सहयोद्धाका रूपमा प्रस्तुत भएका किरणको माध्यमबाट उपन्यासकार स्वयम्ले आफ्नो जीवनदर्शन प्रस्तुत गरेका छन् । सूर्यबहादुर चितवन भ्रमणमा गएका बेलामा उनले किरणलाई भेटेका हुन् । उपन्यासकारको जीवनदर्शनलाई किरण यसरी प्रस्तुत गर्दछन् -

*हुन त मलाई थाहा छैन तपाईंहरू कसरी आफ्नो समाजमा हुर्किनु भएको छ । तपाईंहरूको*

*हुर्काइले पनि धेरै हदसम्म काम गर्छ नै, तर यति चाहिँ भनि हालौँ, हामी सबै रछ्यानमा हुर्केका छौँ -गलत विचारको रछ्यानमा । तर जतिसुकै खराब समाजमा मान्छे हुर्किए पनि मान्छेभित्र कतै न कतै वा धेरै असल कुरा लुकेकै हुन्छ । त्यो असल कुरा सधैंभरि सत्यका पक्षमा जनताको पक्षमा उभिने प्रयास गर्छ । तपाईँहरूले आफू भित्रको त्यो असल कुरालाई खोज्न सक्नुभयो भने जनतालाई बुझ्न सक्नु हुनेछ । उनीहरूको संघर्षलाई माया गर्नु हुनेछ र यो पनि हुनसक्छ तपाईं पनि उनीहरूकै कित्तामा उभिनु हुनेछ । हैन भने तपाईँहरूले सिर्फ जनता भनेको केही नजानेका  गवारका रूपमा बुझ्नु हुनेछ र हाम्रो निम्ति त्यो भन्दा गलत कुरा केही पनि हुनेछैन* (पृ. ८५)

यस उपन्यासमा किरण एक आदर्श चरित्रका रूपमा पनि अगाडि बढेका छन् । जोगीसँग भेट भएको प्रसङ्ग उल्लेख गर्दै जीवनको सार्थकतालाई बुझाउने प्रयास गरेका छन् -

> *जीवन खोज । यो हाड र मासुको अस्थिपञ्जरलाई बिर्सेर जीवनलाई खोज, एक वर्ष होइन दुई वर्ष होइन, लगातार जीवनलाई खोज, म भन्न सक्तिन कि तिमी जीवन भेट्दछौ तर विश्वास गर जीवन भेटिन्छ । जीवनको अर्थ यो नसोच कि हाड, मासु र छालाको थुप्रो बरु जीवन भन्नाले यो बुझ कि यो मानवीय जीवनको सार्थकता ।* (पृ. ८५)

यसरी आदर्श जीवनको परिकल्पनालाई यथार्थतामा बदल्न चाहने किरण वास्तवमै सर्वहारा जनताको मुक्तिको लागि सदैव सङ्घर्ष गरिरहने कम्युनिस्ट पार्टीभित्रको एक प्रमुख बुद्धिजीवी, क्रान्तिकारी तथा आदर्श कम्युनिस्ट पात्र हो । सर्वहारा वर्गको मुक्तिका लागि सबैलाई लड्न आग्रह गर्दै आफ्ना भनाइहरू यसरी पोख्छन् -

> *यो नसोच्नुस् कि तपाईँको जीवन सिरिफ तपाईंका रक्त आफन्तकहरूको लागि मात्र हो बरु हाम्रो जीवन सम्पूर्ण भोकानाङ्गा जनताको लागि हो । अर्को कुरा आँट गर्नोस् हरेक निर्णय लिँदा र सत्य देखेपछि त्यसमा आँखा चिम्लेर हाम फाल्नोस् किनभने खुट्टा कमाएर कहिल्यै सत्यलाई पक्रन सकिन्न । फेला परेको रहेछ भने यही बाटो हामी विजयसम्म पुग्नेछौँ । यो बाटो यदि गलत रहेछ भने हामी अर्को मूल बाटो खन्नेछौँ किनकि यो दुनियाँ त हामीलाई मनपरेन,  पटक्कै मन परेन, साँच्चै मन परेन ।* (पृ. १०९)

उपन्यासका प्रमुख पात्र सूर्यसमेत किरणका भनाइहरूलाई आत्मसात् गर्दै अगाडि बढेको पाइन्छ । जतिसुकै अप्ठ्यारा परिस्थितिमा समेत सर्वहारा वर्गको मुक्तिका लागि उनी पछाडि

परेका छैनन् । यस्ता चरित्रका धनी किरणको व्यक्तित्वका बारेमा सूर्य यसरी निष्कर्ष निकाल्छन् -

*उसका खुट्टामा धेरै नखिइएको हवाईचप्पल थियो, उसका खुट्टाका नङ्हरू ठूल्ठूला थिए तर लामा भने थिएनन् । खुट्टाको हाडमा टाँसिएका नीला रक्त नलीहरू प्रष्ट देखिन्थे । उसले कालो रङ्गको पाइन्ट लगाएको थियो र कम्मरमा मिलिटरीले बाँध्ने खाकी रङको पुरानो पेटी बाँधेको थियो । उसका कमिज स्वीटर बाहिर निस्केको थियो किनभने खैरो रङ्गको अलि पुरानो स्वीटर छोटो थियो । उसका छाती मानौँ कुनै चौतारोको ठूलो ढुङ्गा हो, मजबुत चौडा देखिन्थ्यो र हातहरू लामालामा थिए । उसको घाँटी मोटो थियो र घाँटीको अगाडिपट्टि रुद्रघण्टी कुनै बाटोको माटोमा गाडिएर आधा निस्केको चोसे ढुंगा जस्तै देखिन्थ्यो । उसका ओठहरू पातला र नीला रङ्का थिए, जुँगा उम्रिन आँटे झै मात्र लाग्दथ्यो तर आँखीभौ भने अलि खैरा तर बाक्ला थिए । औंलाहरूको रङ्ग कालोभन्दा पनि कलेजी रङ्गको नजिक थियो । नाक ठूलो र पोरा ठूला ठूला, निधार सानो र जहिले पनि प्रष्ट देखिने तीन मुजा त्यो रातो निधारको विशेषता झैँ लाग्दथ्यो । उसको कपाल बाक्लो र छोटो थियो, अनुहार हँसिला थिएन बरु रिसाइरहे जस्तो नै बढी लाग्दथ्यो । अनुहार त्यस्तो लाग्नुमा उसको आँखाको रङ्ग र धारिला ओठहरू नै बढी जिम्मेवार थिए । अग्लो कदको, हेर्दा करीब तीस बत्तीसको देखिने त्यो रातो अनुहारका मान्छे साह्रै थोरै बोल्थ्यो र बोल्दा सुन्नेको अनुहारमा नहेरी बोल्दथ्यो ।* (पृ. १११,११२)

चितवनलाई मुख्य कार्यक्षेत्र बनाएर अघि बढेका किरण एक सङ्घर्षशील, क्रान्तिकारी तथा पार्टीको बौद्धिक व्यक्तित्व एवम् उपन्यासकारका मुखपात्र भएर अगाडि आएको सहायक पात्र हो । यसरी हेर्दा उनी प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध सहायक पुरुष पात्र हुन् ।

## ४.४.२ लालसिंह

लालसिंह पनि **नयाँ घर** उपन्यासको एक सहायक पुरुष पात्र हो । यस उपन्यासका प्रमुख पात्र सूर्यबहादुरका सहयोद्धाका रूपमा लालसिंह उपन्यासमा प्रस्तुत भएका छन् । उनको व्यक्तित्वलाई यसरी चित्रण गरिएको छ -

*एउटा कालो युवक जसले एउटा कट्टु र सेतो कमिज लगाएको थियो । उसको हातमा मुट्ठीभरिको पहेँलो लट्ठी थियो ।* (पृ. ९४)

चितवन भ्रमणका क्रममा सूर्यले प्रधानपञ्च रामप्रसादलाई गाउँलेले कारवाही गर्दा गाउँलेको नेतृत्व गरेका लालसिंहलाई भेटेका थिए । अन्याय, अत्याचारका विरुद्ध आवाज उठाउने क्रान्तिकारी स्वभावका लालसिंह निरन्तर मानव स्वतन्त्रताका लागि अगाडि बढेका देखिन्छन् । प्रधानपञ्च रामप्रसादलाई कारवाही गर्दा जनलहरलाई सम्बोधन गर्दै उनी भन्छन् -

*तपाईंहरू सधैँ काम गर्नुहुन्छ तर तपाईंहरूको ओदानमा किन एक पेट खोले राम्ररी पाक्दैन ? तपाईंहरू काम नगरी सुतेको कहिल्यै छ ? छैन, फेरि पनि तपाईंहरूलाई सधैँ खान र लाउन कै धौ धौ किन हुन्छ ? सोच्नुस्, भाग्यको खेल भए सधैँ अभागी बच्चाहरू हाम्रो कुलमा किन जन्मिन्छन्, किन साँढेसातको दशा लाग्दैन ठूलाबडालाई ? किन ? सोच्नुस् अब गरिबहरूले सोच्ने बेला आएको छ ।* (पृ. ९६,९७)

*कति वर्ष भयो रामप्रसाद यो गाउँमा आएको ? अनि कति वर्ष भयो तपाईंहरूले यो गाउँको हिलोमा आफ्नो जीउ डुबाएको ? तर किन रामप्रसादको छोराछोरी शहरमा पढ्छन् र किन तपाईंहरूका नानी स्कूल जान पाउँदैनन् ? यो कुरा नगम्ने हो भने हाम्रा बच्चाहरू दरसन्तान धेरै पुस्तासम्म रामप्रसाद जस्ता फटाहाको हली गोठालो बन्नु बाहेक केही पनि गर्न सक्ने छैनन् । के हामी अरुको निम्ति नोकर जन्माउने गाईवस्तुहरू हौँ ?* (पृ. ९७)

*अब गाउँ गाउँबाट कमिलाको ताँती जस्तै आफ्ना लागि, आफ्नो बच्चाहरूको भविष्यको लागि ज्यानको बाजी थापेर उठ्नु पर्छ, लड्नै पर्छ । परेलालाई आँसुले भिजाएर कसैले हत्केलामा सुख ल्याएर हालिदिँदैन, यो सबैले बुझ्नै पर्छ ।* (पृ. ९७)

यसरी सबैलाई  अन्याय अत्याचारका विरुद्ध जुट्नका लागि आग्रह गर्ने लालसिंह साँच्चै क्रान्तिकारी पात्रका रूपमा यस उपन्यासमा देखा परेका छन् ।

लालसिंह मन्दिरको पेटीमा छोडिएका अनाथ बालक हुन् । उनलाई ठकुरीको घरमा हली बसेको सार्कीले हुर्काएको हुन्छ । त्यही बालकलाई पढाउने प्रस्ताव राख्दा उक्त धर्मबाको समेत हत्या हुन्छ । यस्तो सामन्तवादी समाजमा हुर्केको बालक लालसिंह भारतका विभिन्न प्रान्तहरूमा घुम्दै २१ वर्षको उमेरमा बिहे गरी छोरीका पितासमेत बनेका देखिन्छन् तर

धर्मभिन्नताका कारण सम्बन्धविच्छेद हुन पुग्दछ । बनारसमा जोगीहरूको सम्पर्कमा आई गाँजा सेवनकै क्रममा बिरामी भई अस्पताल भर्ना हुन पुगेको अवस्थामा किरणसँग सम्पर्क हुन पुग्दछ र जीवनले कोल्टे फेर्छ र राजनीतिमा प्रवेश गर्छन् ।

जीवनको पछिल्लो समयमा आँखाको ज्योतिसमेत गुमाएका लालसिंहको सूर्यको सहयोगबाट उपचार भई पुन : ज्योति प्राप्त गर्दछन् । उत्तरार्धमा सङघर्षशील जीवनलाई निरन्तरता दिँदै अगाडि बढेका लालसिंह सच्चा क्रान्तिकारी योद्धा हुन् । निकै जुझारु प्रवृत्तिका लालसिंह गरिब किसान वर्गको मुक्तिका लागि सदैव लडिरहने एक सहायक पुरुष पात्र, अनुकुल प्रवृत्ति, स्थिर स्वभाव भएको, वर्गीय, मञ्चीय, बद्ध पात्रका रूपमा यस उपन्यासमा चित्रित छ ।

### ४.४.३ प्रकाश

**नयाँ घर** उपन्यासका क्रान्तिकारी स्वभावका प्रकाश सहायक पुरुष पात्र हो । चितवनका हरिमान बूढाका नाति प्रकाश निडर स्वभावका देखिन्छन् । भारतीय साहू विरुद्ध विद्रोह गर्ने प्रकाशका यी भनाइहरूबाट उनी क्रान्तिकारी पात्र हुन् भन्ने कुरा पुष्टि हुन्छ -

> *म उसकी स्वास्नीको कपडा धुन गएको हूँ त ! त्यो मारवाडी कति दुष्ट रहेछ भने आफ्ना सबै मजदुरलाई घरमा काम गर्न लैजान्छ । कसैलाई घरको ऐनाको धुलो पुछ्न लगाउँछ, कसैलाई लुगा धुन लगाउँछ । त्यो कारखानाका मजदूरहरू यति लाक्षी छन् कि एक शब्द विरोध गर्दैनन् । त्यो दिन मलाई उसले घरमा बोलाएको थियो, त्यो मैले मानिन किनभने पहिले पनि उसले मलाई घरमा बोलाएर लुगा धुन लगाउन खोजेको थियो । त्यसपछि एक्कासी मलाई गाली गर्‍यो, मैले तलब मागेँ तर झन् उल्टो बाउआमा छोएर गाली गर्‍यो अनि त सहन सक्ने कुरै थिएन । मैले सोचें त्यसलाई मेरो तलब त्यसै पचाउन दिनुभन्दा त्यसका सामान फुटाएर किन नउठाउने ? त्यसैले त्यो सब भयो, किन किन म यस्तो कुरा सहनै सक्दिन ।*
>
> (पृ. २५९)

उनको व्यक्तित्वको बारेमा यस उपन्यासमा सूर्यको माध्यमबाट उपन्यासकार लेख्छन् -

> *उसको लाम्चो गहुँगोरो अनुहारमा फाट्टफुट्ट राता डण्डीफोर थिए, उसको ठूलो निधारभरिको बाक्लो आँखी भौँले उसलाई अलि रिसाहा झैँ देखाउँथ्यो, उसको गोलो काला आँखाहरूमा ढकनी अलि बाक्दा थिए, त्यस ढकनीको बाक्लोपनले उसलाई*

*सधैँ निदाएर भर्खरै उठेको झैँ देखाउँथ्यो । उसको लामो नाकमुनिको भर्खरै पलाएका पातला जुँगाहरूले उसको ओठ माथिको खतलाई सुस्तरी छोपेको थियो । उसको शरीरमा विशेष अरु केही थिएन, तर उचाइ भने सरदर नेपालीको भन्दा अलि बढी नै थियो, शायद ऊ ६ फिटभन्दा केही माथि नै हुँदो हो ।* (पृ. २६०,२६१)

प्रधानपञ्च रामप्रसादले उठिबास लगाएपछि करिब ६ महिना छिमेकीको शरणमा बस्न बाध्य भएका प्रकाश बिहेपछि आमा र हजुरबाको जिम्मामा श्रीमतीलाई छोडी काठमाडौंमा कामको खोजीमा आउँछन् । आफ्नो स्वभाव र तत्कालीन परिवेशमा प्रकाशले कुनै पनि ठाउँमा स्थायी भएर काम गर्न सक्दैनन् । पारिवारिक विचल्लीलाई नजिकबाट नियालेका प्रकाश

*धैर्यभन्दा आँट गरेर मात्रै समाजमा बाँच्न सकिन्छ ।"* (पृ. २९१)

भन्ने कुरामा अधिक विश्वास गर्छन् । तापनि यो समाज एकदिन अवश्य परिवर्तन हुन्छ भन्ने कुरालाई यसरी व्यक्त गर्छन् -

*यो दुनियाँ- यो बेइमान अपराध दुनियाँ एक दिन फेरिन बाध्य हुनेछ साथी ।* (पृ. २६)

मई दिवसमा मजदुर एकताका लागि अग्रसर हुनु, तत्कालीन फासिष्ट सरकारको विरुद्धमा आवाज बुलन्द गर्दै मजदुरहरूको नेतृत्व गर्नु प्रकाशको क्रान्तिकारिताको महत्वपूर्ण पक्ष हुन् । २०४६ सालको जनआन्दोलनमा सक्रियतापूर्वक भाग लिएका प्रकाश घाइते भएका सूर्यलाई बोकेर दौडिरहेको अवस्थामा नै छातीमा गोली लागी ढल्न पुग्छन् । जीवनको अन्तिम क्षणसम्म पनि मानवमुक्तिका लागि लडेका प्रकाश युद्ध जितेको घोषणा गर्छन्-

*"सूर्य दाइ, आजको सङ्घर्ष हामीले जित्यौँ, निहत्था हातहरूले गर्न सक्ने यति त हो, बाँकी भविष्यले गर्छ ........... बाँच्नेहरूले गर्छन् । मैले आफ्नो कर्तव्य पूरा गरें, अब बाँच्नेहरूले कर्तव्य पूरा गरून्, संसार अब बाँच्नेहरूको जिम्मा भयो । म मृत्युदेखि डराउँदिन सूर्य दाइ, देख्नु भयो ? मैलै प्रमाणित गरेर देखाएँ ।* (पृ. ३३५)

जसले जीवनलाई प्रेम गर्छ उसले नै मृत्युलाई सजिलै पचाउन सक्छ भन्ने कुरा व्यक्त गर्छन् प्रकाश र सदाका लागि उज्यालो प्रकाश अँध्यारोमा समाहित हुन पुग्दछन् -

*सूर्य दाइ, म जीवनलाई कति प्रेम गर्छु, हगि ? त्यसैले त म यति सजिलै गोली थाप्ने साहस गर्छु । जीवनलाई प्रेम नगर्ने मान्छेले मृत्युलाई सजिलै पचाउन सक्तैन, सूर्य दाइ किरण कमरेडलाई भनिदिनु होला उहाँको शिक्षा मुताविक जनताको मुक्तिको लागि यो सुकुम्बासी अछुतको छोरो अन्तिम समयसम्म पनि लड्यो ।* ( पृ. ३३५)

यसरी उपन्यासको मध्यतिर उदाएको प्रकाश उत्तरार्ध नआइपुग्दै विलिन हुन पुग्छ एउटा अमीट छाप छोडेर ; २०४६ सालको जनआन्दोलनको सारा सहिदको प्रतिनिधि पात्र बनेर । यसरी **नयाँ घर** उपन्यासको सहायक पुरुष पात्र प्रकाश अनुकूल प्रवृत्तिका, स्थिर स्वभावका, वर्गीय, मञ्चीय एवम् बद्ध क्रान्तिपुत्र नै हुन् ।

## ४.४.४ बिन्तिदेवी श्रेष्ठ

बिन्तिदेवी श्रेष्ठ **नयाँ घर** उपन्यासका प्रमुख पात्र सूर्यकी प्रेमिकाका रूपमा उपस्थित पात्र हुन् । सम्पन्न परिवारमा जन्मेकी बिन्तिदेवी सुन्दर युवतीका रूपमा चित्रित सहायक पात्र हुन् । निलो मिडी लगाउने केटीको उपनाम पाएकी बिन्तिदेवी सूर्यकै कक्षामा पढ्ने गर्छिन् । बिन्तिदेवीकै पसलमा उसिना चामल किन्न जाँदा सूर्यले उनलाई भेटेका हुन् । विस्तारै दुबै जना प्रेम जालोमा फस्दै जान्छन् । प्रथम भेटमा सूर्य उनको बाह्य व्यक्तित्वको व्याख्या यसरी गर्छन् -

> *बोल्दा मुखमा सबै दाँत हाँसै झैँ लाग्ने उज्यालो अनुहार, अलि थेप्चो नाक, गोल गोल आँखाहरू र अलिकति सिँउदोनेरको हल्का रातो कपाल (जो साँझको रातो बादल झैँ देखिन्थ्यो) भएकी* (पृ. ३७)

दसौँ कक्षामा पढ्दा सूर्यसँग बिन्तिदेवीको प्रेमले झाँगिने अवसरले तीव्रता पाउँदै जान्छ तर बिन्तिदेवीका बुबाले यसको चाल पाएपछि भने प्रेममा केही तुषारापात हुन पुग्दछ । मनरूपाको सहयोगबाट सूर्यसँगको भेटमा गरिएको प्रश्न

> *तिमी मलाई धोका त दिँदैनौ, सूर्य ? (पृ. ४९)*

ले उनी सूर्यप्रति सशङ्कित देखिन्छिन् तर

> *तिमी मेरो दाइ र बुबाको अगाडि टिक्न सक्छौ ?उनीहरूले मार्छन् तिमीलाई ?*
> (पृ. ४९)

भन्दै सूर्यलाई आतङ्कित गराउँछिन् । जस्तोसुकै परिस्थितिमा पनि आफूले नछोड्ने प्रण गर्दै आकाश देवीको थानबाट अबिर लिई बिन्तिदेवीलाई टीका लगाइदिएर विश्वस्त बनाउने प्रयास सूर्यले गरेको देखिन्छ, तर पूँजीवादी सोचले ग्रस्त बिन्तिदेवीले चितवन भ्रमणबाट फर्केका सूर्यका नवचिन्तनवादी सोचसँग मेल खान सक्दैन । क्याम्पसको पढाइ छाडेका सूर्य राजनीतिमा लागेको बिन्तिदेवीलाई मन पर्दैन । व्यक्तिगत जीवनलाई तिलाञ्जली दिएर समग्र गरिब शोषित पीडितहरूको जीवनलाई नजिकबाट नियालेका सूर्य समग्र

मानवमुक्तिका लागि जीवन समर्पण गर्न चाहेको यथार्थतालाई बुझिसकेपछि बिन्तिदेवीले व्यक्तिगत सूर्यलाई मन पराए पनि राजनीतिक सूर्यलाई मन पराउन सक्दिनन् । अन्ततः

*तिमीले मलाई बुझ्न सकेनौ सूर्य ! तिमीलाई थाहा छैन तिमीलाई माया गर्दा मैले कति दुःख पाएकी छु, तिमीले मलाई बर्बाद गरिदियौ, साँच्चै तिमीले मलाई धोका दियौ, तिमी साँच्चै अपराधी हौ, बुझ्यौ ? अपराधी । (पृ.. २४२)*

भन्दै सूर्यलाई लत्याएर बिन्तिदेवी टाढा हुन्छिन् । सूर्यसँगको प्रेमसम्बन्धलाई लत्याएर बिन्तिदेवीले लन्डनबाट आएको केटासँग विवाह गर्छिन् । विवाहपछि लन्डनबाट घर फर्केकी बिन्तिदेवीको भेट पुनः सूर्यसँग हुन्छ र

*तिमी इन्कार नगर प्लीज, हाम्रो पवित्र प्रेमको खातिर यो पैसा राख, यो मेरो निम्ति ठूलो गुण हुनेछ ।* (पृ. ३४९)

भन्दै केही रकम सहयोग गर्न खोज्दा सूर्यले अस्विकार गरेपछि निकै दुःखित भएकी छिन् । पूँजीवादी चिन्तनबाट ग्रसित बिन्तिदेवी यस उपन्यासकी सहायक स्त्री प्रतिकुल चरित्रकी, गतिशील स्वभावकी व्यक्तिगत, मञ्चीय र बद्ध पात्र हुन् ।

### ४.४.५ दिदी (शोभा)

**नयाँ घर** उपन्यासका केन्द्रीय पात्र सूर्यकी दिदी शोभा यस उपन्यासकी सहायक स्त्री पात्र हुन् । घरको नाजुक अवस्थालाई नजिकबाट नियालेकी शोभाले आफ्नो भाइ सूर्यलाई त्यसको आभास नदिने हरदम प्रयास गरेकी छिन् । कयौं रात भोकै सुत्नुपरेको पीडाभन्दा आफ्नो भाइलाई भोक लागेको पीडा बढी असह्य भएको यथार्थलाई उपन्यासमा केलाइएको छ ।

*घरमा हजुरबा, आमा अनि दिदी कोही पनि खानेकुराको कुरा गर्दैनथे । कसैले पनि भोक लाग्यो भन्दैनथे । तर उहाँहरू मलाई पटक पटक “भोक लाग्यो ? ” भनेर सोध्नु हुन्थ्यो र मैले घरको हालत बुझिसकेको थिएँ, मैले त्यसबेला भन्नै पर्थ्यो, “छैन !” सम्झिँदा पटक-पटक मन बिझाउँछ, मैले भोक लागेको छैन भन्दा उहाँहरूको अनुहार एकदमै ननिको गरी बिग्रन्थ्यो र सकेसम्म मलाई नहेरी अन्तै हेर्ने कोशिश गर्नु हुन्थ्यो । साँझ पर्‍यो, दिदीले अँगेनोमा आगो बालिनन् बरू उनी अरूले नदेखिने गरी मटानको झ्यालमा बसेर रुन थालिन् ।* (पृ. १९)

सूर्यको यो स्मरणात्मक भनाइले दिदी शोभाको मनभित्रको पीडालाई सूर्य स्वयम्ले नजिकबाट बुझेको आभास हुन्छ । हजुरबाको ढुङ्गा फोर्ने काम गर्दा गर्दै लडेर मृत्यु

भएपछि दाहसंस्कारको लागि दाउराको बन्दोबस्त गर्न शोभा अगाडि बढेकी छिन् । एक्लैले रुख ढाल्नु कम सजिलो थिएन । आफूले जीवनकाल भरी हजुरबालाई बूढो हड्डी घोटिनबाट कहिल्यै रोक्न सकिनन्, आर्थिक विपन्नताका कारण । मरेपछि पनि हजुबालाई दिन आफूसँग केही नभएको कुरा कार्की काकासँग डाँको छोडेर रुँदै व्यक्त गर्छिन् -

*काका, हजुरबा जानु भयो । मसँग केही छैन कमसेकम म हजुरबालाई दाउरा चिरिदिन्छु ।* (पृ. २६)

दिदी शोभाको व्यक्तित्वलाई सूर्य यसरी केलाउँछन् -

*उनको अनुहार गहुँगोरो थियो पिठ्युँको भारी बिसाएर छरिएका कपाल पछाडितिर सोहोरेर मिलाउँदा उनको अनुहार रातो देखिन्थ्यो, उनको आँखामाथि एउटा घाउको तेर्सो खत थियो, शायद सानैदेखि थियो होला मलाई थाहा छैन । उनको ओठको दाहिनेतिर नाकको मुनि एउटा कालो कोठी थियो र मलाई भन्न मन लागिरहेको छैन तैपनि भनिहालौँ त्यो कालो कोठीले उनको अनुहारमा झनै सुन्दरता थपेको थियो । साधारण उचाइको उनको शरीर त्यस्तो विशेष खालको केही थिएन । उनको निधार अलि चौडा थियो, बुबाको जस्तै अलि घोप्टो परेको, नाक अलि पातलो चुच्चो, आँखाहरू हल्का कालो रंगका र अलि ठूला-ठूला, उनको परेला विशेष केही थिएन तर आँखी भौ भने निकै बाक्ला थिए पुरुषका जस्ता र उनको कपाल जो घना जंगल जस्तै काला र लामा थिए, कालो कपाल भन्दा कालो त उनको आँखी भौ नै थियो । उनका हातका पञ्जाहरू ज्यामी पुरुषहरूका जस्ता खस्रा र ठूला-ठूला छाँट नपरेका देखिन्थे र यो भनिरहन पर्दैन कि कठोर श्रममा होमिन बाध्य मानिसहरूको यस्तो हात हुने नै गर्दछ ।* (पृ. २८)

दिदी शोभाले नै सूर्यलाई पढाउने तथा पालनपोषणको सबै काम गरेकी छिन् । सूर्यकै लागि दिदी शोभाले जीवनका महत्वपूर्ण दिनहरूको तिलाञ्जली दिएकी छिन् । यही वास्तविकतालाई नजिकबाट अनुभव गरेका सूर्यले दिदीको समर्पणलाई हृदयदेखि यसरी केलाएका छन् -

*आजको समाजमा आफ्नो जीवनलाई अरू कसैको निम्ति सुम्पिदिनु के सामान्य कुरा हो ? तर मेरी दिदीले आफ्नो जीवनको महत्वपूर्ण उमेरका प्रिय दिनहरू अरूको निम्ति, अरू पनि को नै थियो र ? मेरो निम्ति, मात्र मेरो निम्ति, खर्च गरिन् ।* (पृ. २८)

आजीवन अविवाहित रही जीवन बिताउनु हाम्रा समाजमा कति कष्टपूर्ण हुन्छ भन्ने कुरा थोरैले मात्र आँकलन गर्न सक्छ । त्यसमाथि अल्लारे ठिटा र गुन्डाहरूको नजरबाट बच्न अझ कठिन हुन्छ तर आफ्नो अस्मितालाई बचाउँदै गुन्डाहरूसँग लड्दै अगाडि बढ्ने दिदी शोभा साँच्चिकै साहसी नारी पात्र हुन् । वैद्यकहाँ आफूलाई देखाएर भाइसँग घर फर्किने क्रममा बाटोमा केही फटाहा केटाहरूले जिस्काउँदा गरेको प्रतिकारलाई उपन्यासकारले उनको साहसीपनलाई शोभाकै माध्यमबाट यसरी व्यक्त गर्दछन् -

> *के गर्छस् तँ, फरिया तान्छस् ? तँलाई नचिन्या हो मैले ? बाउ नभएकी भनेर हेपेको ? ल छो त तेरो हुर्मत लिन सक्तिन भन्ठान्छस् ?* (पृ. ३२)

आफ्नो भाइको लागि गाउँका फटाहाहरूको तल्लास्तरका शब्दहरू सबै सहेकी शोभालाई रातभर तानमा बस्नुपरेकोमा कुनै पीडा छैन, केवल छ त भाइले पढाइ छोडेकोमा । यही दिदीको पीडालाई आमाको माध्यमबाट उपन्यासकार यसरी व्यक्त गर्छन -

> *कान्छा ! .... तैँले किन यसो गरिस् .... भन् त ? गाउँलेहरू ताली बजाउँछन् तैँले पढ्न छोडिस् भने । 'राँडी आमाको छोराको यही गति त हो' भन्छन् बाबु । तेरी दिदी किन नरोओस् विचरा .... तँलाई थाहा छैन, हाम्रो लागि उ कसरी काम गर्दैछे ?* (पृ. १९१)

भाइलाई अति प्रेम गर्ने दिदी शोभा भाइलाई भेट्न पुलिस चौकीमा जाँदा सूर्यको दयनीय अवस्था देखेर निकै रुन्छिन् । दिदी शोभा परम्परागत मान्यताले जकडिएकी सरल अर्धसहरिया पात्र हुन् । आफ्ना इच्छा, आकाङ्क्षालाई तिलाञ्जली दिई जीवनका महत्वपूर्ण समय आफ्ना भाइका लागि बिताएकी दिदी शोभाको अन्ततः टाउको दुख्ने रोगले ग्रसित भई मृत्यु हुन पुग्दछ । यसरी दिदी शोभा अनकूल प्रवृत्तिकी आधारमा अनुकुल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय तथा आबद्धताका आधारमा बद्ध सहायक नारी पात्र हुन् ।

### ४.४.६ मीत (रामकृष्ण महर्जन)

**नयाँ घर** उपन्यासका केन्द्रीय पात्र सूर्यका मीत रामकृष्ण यस उपन्यासका सहायक पुरुष पात्र हुन् । सिलसिलासँगको प्रेम सम्बन्धपछि विवाह गरेका रामकृष्ण सूर्यसँगसँगै राजनीतिमा प्रवेश गरेका सहयात्री पनि हुन् तर समयको अन्तरालसँगै राजनीतिबाट टाढिँदै गएका रामकृष्णमा क्रमश : पूँजीवादी सोचको विकास हुँदै गयो र उनको सम्पर्क गाउँको

प्रधानपञ्चका काका हरिप्रसादसँग बढ्दै गयो । जग्गा खरीदविक्रीको लगानीरहित व्यापारबाट लाखौँ रुपियाँ कमाउन थालेपछि नयाँ घर, बंगला, गाडी आदित्यादिले रामकृष्णको जीवनमा ठूलो बदलाब ल्यायो । क्रमश : नयाँ यौवना अनुराधाको समेत उनको जीवनमा प्रवेश भयो । अनुराधासँगको अनुचित सम्बन्ध बढ्दै गएपछि गर्भवती भइन् । यो कुरा थाहा पाएपछि रामकृष्ण र सिलसिलाको बीचमा कहिल्यै नपुरिने खाडल बन्न पुग्यो र दुबैको बीचमा सम्बन्ध विच्छेद हुन पुग्यो ।

रामकृष्ण आफू स्वयम्ले यति ठूलो गल्ती गरेपछि पनि आफूले गल्ती गरेको जस्तो महसुस भने गरेको देखिंदैन -

> *आईमाईहरू सुनचाँदीको गहना लगाउँछन्, हामी पुरुषहरू त परापूर्व कालदेखि आईमाईका गहना लगाउँछौ । तिमी बुझ्दछौ मेरो कुरा ? हो हामी आईमाईका गहना लगाउँछौ तर आज मेरो त्यही गहना मदेखि टाढा भयो । म उसलाई सम्पूर्ण सम्पत्ति दिन तयार छु तर ऊ घर फर्कियोस् । मैले कुनै अपराध गरे जस्तो लागेको छैन र यदि अपराधै हो भने पनि किन गरेँ त्यो त झनै मलाई थाहा छैन । (पृ. २७४)*

रक्सीको नशामा डुब्दै पूरै रात सूर्यलाई चिठीमा सिलसिलासँग विच्छेद भएको सम्बन्धलाई पुन : जोडिदिने आग्रह गर्दै रामकृष्णले सिलसिलाई माया गरेको र गरिरहने आश्वासन समेत दिन्छन् ।

रामकृष्णलाई एकातर्फ आफ्नो धनदौलतप्रति घमण्ड छ भने अर्कोतिर आफ्नो इज्जत प्रतिष्ठामा आँच आउला भन्ने चिन्ता पनि तर आफूले गरेको गल्तीलाई कुनै पनि प्रकारले स्विकार गर्न तयार छैनन् । अनुराधालाई घर भित्र्याउनै पर्ने कुरामा जोड दिने रामकृष्ण साँच्चै नै सूर्यले भनेझैँ "बदमास लोग्नेमान्छे !" (पृ. २७४) नै हो ।

> *म तिमीलाई सबै कुरा दिन्छु, सिलसिला । तिमी चाहन्छ्यौ भने अर्को घर, अझ योभन्दा पनि ठूलो घर बनाइदिन्छु ।* (पृ. २७२)

भन्दै पूँजीवादी सोचलाई स्पष्टतः अगाडि सार्छन् । सूर्यको मीत, प्रारम्भिक चरणमा सहयोगी सिलसिलाको प्रेम विवाह र विवाह पछि सम्बन्ध विच्छेदबाहेक कुनै उल्लेखनीय भूमिका रामकृष्णको नभए तापनि सिलसिलालाई राजनीतिमा अझ सक्रिय गराउन र सशक्त भूमिका खेल्ने आधारशीला तयार गर्न भने महत्वपूर्ण सहायक पात्रका रूपमा अगाडि आएको छ । यसर्थ रामकृष्ण सहायक तथा व्यक्तिगत पुरुष पात्र हुन् । उनले गतिशील तर प्रतिकुल चरित्र निर्वाह गरेका छन् । उनी मञ्चीय र बद्ध पात्र हुन् ।

### ४.४.७ सन्देश

**नयाँ घर** उपन्यासका एक सहायक पुरुष पात्र सन्देश एक इमान्दार राजनीतिक कार्यकर्ता हुन् । उनी सूर्यका सहयात्री एवम् सहयोद्धा पनि हुन् । विशेषत : सिन्धुपाल्चोकको यात्रामा निस्केका बेलामा सूर्यले सन्देशलाई नजिकबाट नियाल्ने अवसर पाएका हुन् । एक श्रीमती र दुई छोरीका पिता सन्देश राजनीतिमा लागेर परिवारले पाएको दुःखलाई सामान्यरूपमा लिन्छन् र भन्छन् -

*यस्तै हो यो बाटोमा लागेपछि परिवारले अलिकति दुःख त पाउँछन् नै ।* (पृ. २००)

भारतले नेपालमाथि युद्धस्तरको नाकाबन्दी गरेको केही दिनपछि नै जुलुसमा सहभागी हुने क्रममा सन्देश गिरफ्तारीमा पर्छन् । गिरफ्तारीपछि पुलिस कस्टडीमा धेरै यातना खपेका सन्देश सूर्य (रवि) लाई पत्रमा लेख्छन् -

*यहाँ कस्टडीभित्रको हालत बताइसक्नु छैन, यातनाका हरेक औजारहरू बन्दीहरूमाथि प्रयोग गरिरहेका छन् ।* (पृ. ३२६)

देशमा प्रजातन्त्र आएपछि सन्देश पुनः फुक्का भएर राजनीतिमा संलग्न भए । पार्टीभित्रको विसङ्गतिलाई नजिकबाट नियालिसकेका सन्देशमा पुनः डिग्री हासिल गर्ने चाहना बढ्दै जान्छ र प्राइभेट परीक्षा दिन सूर्यलाई समेत आग्रह गर्छन् -

*सूर्य साथी, म सोच्छै छु, यसपालिको बी.ए. को जाँच दिऊँ । तपाईंले पनि फोरि जाँच दिए बेस होला नि !* (पृ. ३४६)

सूर्यले यसको पूर्णतः विरोध गर्छन् तर पार्टीभित्रका नेताहरूमा बढ्दै गएको व्यक्तिगत स्वार्थलाई यसरी केलाउँछन् -

*तपाईंले भनेको कुरा ठीकै हुन् तर नेताहरू हामी जस्ता छैनन् । सबैले डिग्रीलाई महत्व दिएका छन् र डिग्री नहुनेहरूलाई पीडादायी हदसम्म होच्याउँछन् । मेरो नाममा नेताहरूप्रति जुन श्रद्धा थियो , बहुदलपछि एकएक गरी चकनाचुर भएको छ । तपाईंलाई थाहा छ ? क्षितिजको बानेश्वरमा दुई तल्लाको पक्की घर छ, उसका छोराछोरी राजाका छोराछोरी पढ्ने स्कूलमा पढ्छन् । तपाईं नै भन्नोस् त त्याग कार्यकर्तासँग मात्र माग गर्ने विषय हो ? मेरो पनि त बच्चाहरू छन् तपाईंलाई थाहा छ मेरो छोरी दश बर्षकी भैसक्दा पनि एक कक्षा पढ्न पाएकी छैन । (पृ. ३४८)*

*सर्वहाराकरण नेताहरूले शुरु गर्ने कि कार्यकर्ताले ? तपाईं नै सोच्नुस् त तपाईंले*

*घरवार बेचेर पार्टीको निम्ति दिनु पर्ने कि क्षितिजले ? यहाँ ठूलो जालसाँझी भएको छ, साथी यस्ता नेताहरूको तालमा लागेर त जीवन बर्बाद हुनेबाहेक कुनै उपलब्धि हुने छैन । (पृ. ३४८)*

यी कुराहरूबाट सन्देशलाई पार्टीभित्रको दुनियाँ र बाहिरको दुनियाँ बीचको असामञ्जस्यपूर्ण अवस्थाले विचलित बनाएको छ भन्ने कुरा प्रस्ट हुन्छ । प्रायः जसो राजनीतिक बहसहरूमा देखापर्ने सन्देश यस उपन्यासका सहायक पुरुष पात्र, अनुकुल चरित्रका, वर्गीय, मञ्चीय तथा बद्ध पात्रका रूपमा उपस्थित भएका छन् ।

## ४.४.८ क्षितिज

यस उपन्यासका सहायक पुरुष पात्र क्षितिज सूर्य, किरण, लालसिंह तथा सन्देशका सहकर्मी एवम् सहयोद्धा हुन् । उनी उपन्यासको प्रारम्भदेखि उत्तरार्धसम्म देखापर्ने प्रतिकूल चरित्रका पात्र हुन् । लुमडीप्रसादका भाइ, शान्ति शर्माका दाजु तथा सिलसिलाका पतिका रूपमा प्रस्तुत भएका पात्र क्षितिजमा पूँजीवादी चिन्तनको हावी भएको छ । उनी एकप्रकारले अवसरवादी चरित्रका नेता हुन् ।

*आज देशभरि हाम्रा क्रान्तिकारी साथीहरू लडिरहेका छन्, जनताको घर दैलोमा सङ्घर्षको थालनी गर्न पुगिरहेका छन् । यो स्थितिमा हामीले पनि आफ्नो गाउँमा सङ्गठन निर्माण गर्दै हरेक तहका जनतालाई सङ्गठित गर्ने काम थाल्नु पर्छ र आफ्नो निजी जिन्दगीलाई एकातिर पन्छाएर जनताको हकहितको लागि लड्नु पर्छ । जबसम्म यो देशमा एउटा नयाँ व्यवस्था स्थापना हुन सक्दैन तबसम्म हाम्रो व्यक्तिगत समस्या पनि समाधान हुन सक्दैन ।* (पृ. ६५)

भन्दै सूर्य, सुन्दर, सिलसिला, रामकृष्ण सबैलाई सङ्गठित गर्ने कार्य गरेका क्षितिज लालसिंहको आँखाको उपचारका लागि तीस हजार भा.रु. जुटाउनुको सट्टा फोस्रा आश्वासन मात्र दिन्छन् ।

*बानेश्वर हाइटको त्यो कलात्मक चिटिक्क परेको घर............* (पृ. ३६३)

का मालिक क्षितिज पूँजीवादी चिन्तनबाट गम्भीर रूपमा ग्रसित छ भन्ने कुरा सजिलै थाहा पाउन सकिन्छ । सिलसिलासँग विवाह गरिसकेपछि सिलसिलालाई राजनीतिमा सक्रिय हुनबाट क्रमशः अवरोध सृजना हुँदै जानु, एन्.जी.ओ. चलाएर घरगृहस्थीमा नै सीमित बनाउन खोज्नु उनको पूँजीवादी चिन्तनको गहिरो प्रभाव हो । उनका सहकर्मीहरूसँग

सर्वहाराकरणको सम्बन्धमा बहस हुँदा निजी सम्पत्तिका पक्षमा वकालत गर्छन् । आपसी मतभिन्नता बढ्दै गएपछि सिलसिलासँग पनि सम्बन्धविच्छेद हुनपुग्छ । राजनीतिमा देखिने फोहोरी स्वार्थी खेलमा क्षितिज पनि अछुतो रहन सक्दैन । उनी सुन्दर थपलिया जस्ता स्वार्थीप्रवृत्तिका पात्रहरूलाई नै चुनावमा उठ्न मद्दत गर्छन् । पार्टीमा सक्रिय रहेकी आफ्नी बहिनी शान्ति शर्मालाई थारु जातको एक युवकसँगको प्रेमसम्बन्धबाट छुटाउन काठमाडौँ ल्याउनु र गर्भपतन गराउनु मानवमुक्ति सङ्घर्षमा लाग्ने कार्यकर्ताका लागि सुहाउने कुरा होइन । साथै पार्टी कार्यकर्ताहरूको बीचमा भएको प्रेमसम्बन्ध र शारीरिक सम्बन्धलाई घर र पार्टी दुबैले स्विकार्न सकेन र समाधानको उपाय समेत खोजेन, जहाँ अद्यापि क्षितिजजस्ता नेताहरू स्वार्थसिद्धिका लागि राजनीति गरिरहेका छन् । समस्या समाधानको सट्टा उनीहरूको जीवन नै बर्बाद गरिदिए । यसरी हेर्दा क्षितिज यस उपन्यासका गतिशील स्वभावका प्रतिकूल चरित्रका व्यक्तिगत, मञ्चीय एवम् बद्ध सहायक पुरुष पात्र हुन् ।

## ४.४.९ शान्ति शर्मा

**नयाँ घर** उपन्यासमा अनुकूल, गतिशील, बद्ध एवम् मञ्चीय सहायक स्त्री पात्रका रूपमा शान्ति शर्मा उपस्थित भएकी छिन् । अवसरवादी नेताका रूपमा उपस्थित क्षितिज र पूँजीवादी चिन्तनबाट ग्रस्त लुमडीप्रसादकी बहिनी शान्ति शर्मा प्रेममा असफल प्रेमिकाका रूपमा उपन्यासमा देखा पर्छिन् । पारिवारिक असहमतिका कारण प्रेममा असफल भएपछि काठमाडौँ आएर आफ्नो दाजुको घरमा बस्न थालेकी शर्मा काठमाडौँमा शिक्षण पेशामा संलग्न हुन थालेकी देखिन्छिन् तर राजनीतिक कार्यका कारण लुमडीप्रसादको घरमा बस्न पुगेका सूर्यसँग यिनको भेट भएपछि यिनी राजनीतिमा प्रवेश गर्छिन् । पछिल्लो समयमा सूर्यकी प्रेमिकाका रूपमा देखापरेकी शान्ति राजनीतिक कार्यकर्ताका रूपमा देखिन्छिन् ।
सूर्यसँगको प्रथम भेटमा कुनै बोलचाल समेत नभएको अवस्थाले उनी अत्यन्त नीरस जीवन बाँचिरहेकी छिन् भन्ने कुरा अनुमान गर्न सकिन्छ । खाना खाने बेलामा सामान्य परिचय भए पनि सूर्यले उनलाई बुझ्न भने सकेनन् ।

> *ऊ कोठाबाट निस्की, त्यो युवतीको हाउभाउ र गम्भीरपनले मलाई अचम्मको अनुभूति भयो अझ यसो भनौँ उसलाई बुझ्न सकिएन ।* (पृ. २७९)

शान्ति शर्मामा पुरुष जातिप्रति नै एक प्रकारको घृणा वा आक्रोशले डेरा जमाएको कुरा सूर्यले उनलाई चुपचाप र गम्भीर हुनुको कारणको उत्तरमा लुकेको प्रतीत हुन्छ -

*तपाईं किन जान्न चाहनुहुन्छ? फेरि मलाई के भएको छ र ? पुरुषहरूको जातमा यही त खराबी छ सब कुरा हतारमा जान्न चाहने ।* (पृ. २९९)

राजनीतिलाई नजिकबाट नियाल्न खोजेको आभास उनले प्रकट गरेकी यी अभिव्यक्तिबाट थाहा पाउन सकिन्छ -

*कम्युनिस्टका कुराहरू मलाई मनपर्छ, धेरै वर्षपछि मैले आज कम्युनिस्टका ताजा कुरा सुनें, तर मात्र कुरा ........ मात्र कुरा .... ।* (पृ. ३०४)

उनको बाहिरी व्यक्तित्वको सम्बन्धमा सूर्यको माध्यमबाट उपन्यासकार यसरी केलाउँछन् -

*उसका चमकहीन झैं देखिने ठूला-ठूला सुन्दर आँखाहरू कुराकानीसँगै बन्द हुन्थे, खुल्थे, उसका पातला ओठहरूमा कहिले सुस्त मुस्कान छरिन्थ्यो, कहिले घोर अन्धकारपन । ऊ कुनै सुन्दरी थिई त नभनौं तर कुरुपताको कुनै अंश पनि उनको बदनमा थिएन ।* (पृ. ३०५)

सूर्य लुमडीको घर छोड्ने क्रममा बिदा माग्न जाँदा शान्तिले आफ्नो विगत सूर्यसामु पोखिन् । विराटनगरका सम्पन्न परिवारकी शान्तिको थारु केटासँग प्रेम हुनु, राजनीतिमा सक्रिय भएकै समयमा भएको उक्त प्रेमले राजनीतिक नेताहरूको बीचमा बेइज्जतीको कारण बन्नु तर राजनीतिक समाधान निस्कन नसक्नु, आफ्नो सान्दाजु क्षितिजले गर्भपात गराउनु जस्ता पीडा भोगेकी शान्ति साँच्चै नै नीरस जीवन बाँचिरहेकी थिइन् तर सूर्यसँगको वैचारिक सम्पर्कले पुनः राजनीतिमा फर्कने चाह यिनमा थियो । आफ्ना दाजुहरूको पूँजीवादी चिन्तनका घोर विरोधी शान्तिलाई सूर्यजस्ता सच्चा कम्युनिस्ट विचारका मानिसहरूको सम्पर्कको आवश्यकता थियो, जुन उनले प्राप्त गरेपछि उनी राजनीतिमा फर्किन् र आन्दोलनका क्रममा जेलजीवन पनि भोग्नुपर्‍यो । पछिल्लो समयमा सूर्यको उपचारको क्रममा निकै स्याहार गरेकी शान्ति निःस्वार्थी प्रेमिका बनी सूर्यसँग वैवाहिक जीवनमा बाँधिन पुगेकी छिन् । अन्ततः मानवमुक्तिका लागि सदैव लडिरहने प्रण गर्ने शान्ति **नयाँ घर** उपन्यासकी सहायक स्त्री पात्र हुन् ।

## ४.४.१० लुमडीप्रसाद पौडेल

लुमडीप्रसाद **नयाँ घर** उपन्यासका एक सहायक पुरुष पात्र हुन् । पूँजीवादी चिन्तनबाट ग्रसित लुमडीप्रसाद प्रारम्भिक चरणमा सक्रिय राजनीतिक कार्यकर्ताका रूपमा सङ्गठनभित्र आए तापनि पछिल्लो समयमा चरम आर्थिक समस्यामा जकडिएपछि राजनीतिलाई पर

सारेका एक गतिशील मञ्चीय पात्र हुन् । आलेशान बङ्गलाका धनी लुमडीप्रसादको महलको बयान सूर्यको माध्यमबाट उपन्यासकार यसरी गर्छन् -

*माथिल्लो तल्लामा ठीक बरण्डामाथिको ठूलो बैठक कोठा थियो । त्यस कोठाको सिलिङ्को बीच भागमा एउटा भव्य झुमर चमचमाउँदै बलिरहेको थियो, कोठाका भित्ताहरूका बडेमाका आधुनिक कलात्मक तस्वीरहरूले कोठाको सुन्दरता झनै बढाएको थियो । त्यो लुमडी निवास दक्षिणतिर फर्किएको थियो । चक्रपथतिर फर्किएको झ्यालको दायाँपट्टि एउटा हरियो रंगको फ्रिज राखिएको थियो र ठीक त्यही फ्रिजमाथि ठूलो गौतम बुद्धको तस्वीर टाँगिएको थियो । अर्को झ्याल जुन पश्चिमतिर फर्किएको थियो, त्यसको बगलमै काठको बडेमानको गारोसँगै टाँसेर बनाइएको दराज थियो र दराजको सफा सिसाबाट भित्र रहेको रक्सीको अनेक रंगका बोतलहरू प्रस्ट देखिन्थे । त्यही दराजको बाँयापट्टी ठीक कुनामा एउटा टेलिभिजन स्टिलको दराजमा राखिएको थियो जुन त्यसबेला चलेको थिएन । सोफाहरूको भव्य सजावट मैले पहिलो पल्ट जीवनमा त्यही घरमा देखें अनि साना साना झुत्रे नानीहरूले हात सडाउँदै बुनेका गलैंचाहरूलाई कसरी छाँट पारेर बिछ्याउँदो रहेछ वा त्यो गलैंचामाथि कसरी हिडिंदोरहेछ त्यही बेला थाहा पाएँ ।* (पृ. २९५,२९६)

आफू सक्रिय कार्यकर्ता नभए पनि कार्यकर्तालाई शरण दिन नहिच्काउने लुमडीप्रसाद भन्छन्

*यो घरमा तपाईंहरूलाई दुःख दिने कोही हुने छैन । बच्चाहरू छैनन्, स्कुलमै बस्छन्, श्रीमती र म अनि अरू कोही, हुन त कहिलेकाँही तपाईंहरूलाई मन नपर्ने मान्छेहरू पनि आउँछन् तर तपाईंको सुरक्षामा केही फरक पर्नेछैन ।* (पृ. २९६)

चेस र रक्सीका सौखिन दाह्रीवाल लुमडीप्रसादको पारिवारिक सम्बन्ध महलझैं सुन्दर र भव्य भने छैन, बरु पारिवारिक विखण्डनभित्र जकडिएको भान हुन्छ ।

*तिमी आफ्नो हैसियतमा बस, लुमडी, तिमी मेरो लोग्ने हौ, लोग्नेको स्थानमा बस । नैतिक जिम्मेवारी पूरा गर्ने जिम्मा मेरो हो, तिम्रो हैन । तिमी ममाथि प्रश्न उठाउँछौ भने प्रश्नहरू मसँग पनि छन् र यो नबिर्स कि कतिपय प्रश्नले हाम्रो सम्बन्धलाई ध्वस्त पनि पार्न सक्छ । म कमाउने स्त्री हुँ । त्यसैले सबैसँग मेरो उठबस हुन्छ, तिमी आफ्नो कमाइमा बाँचेका छौ र म मेरो कमाइमा । कमाउने आइमाईले पनि नकमाउने आइमाई जस्तै दब्बु भएर बस्नु पर्छ भन्ने केही छैन ।* (पृ. ३०८)

जस्ता श्रीमतीका कुराहरूले विक्षिप्त प्रायः भइसकेका लुमडी अस्तित्वविहीन देखिन्छन् । यस्ता घटनाबाट परिचित लुमडीकी बहिनी शान्ति शर्माले व्यक्त गरेको यो भनाइबाट लुमडीप्रसाद एक पत्नीपीडित अधिकार र हैसियतविहीन पात्रका रूपमा अगाडि आएको प्रतीत हुन्छ -

> *तिमी बन्द गर यो बिलाप ! ठूल्दाइ तिमी बन्द गर रुवाबासी ! तिम्रो यो हातल देख्दा त मलाई यस्तो लाग्छ कि तिमीलाई छुरी रोपेर मारिदिउँ या आफैँ आत्महत्या गरुँ !* (पृ. ३०९)

यसबाट शान्ति शर्मा स्वयम् पनि यसबाट नराम्ररी प्रभावित छ भन्ने कुरा प्रस्ट हुन्छ । चेस खेलमा समेत मन्त्री र लुमडीप्रसाद बीचमा "बामे" र "महाराजधिराज" जस्ता शब्दहरूको प्रयोगबाट राजनीति एक प्रकारको फोहोरी खेलझैँ भान हुन्छ । लुमडीप्रसादको घरमा मन्त्रीको राम्रैसँग सत्कार भएको दृश्यले लुमडीप्रसादमा तत्कालीन मानवमुक्ति सङ्घर्षमा भन्दा चाकडी र पूँजीवादप्रतिको झुकाव बढी देखिन्छ । हुन त मन्त्रीजस्ता व्यक्तिसँगको घनिष्ठताको कारण नै आजको लुमडीप्रसादको जन्म भएको हो ।

कुनै समय राजनीतिमा सक्रिय लुमडी स्वास्नीको कारण राजनीति कम पूँजीवादी सोचले बढी आफूलाई पिरोल्दै ल्याएको कुरा गर्छन् -

> *तर म टिक्न सकिँन .... यही आईमाईको कारणले म टिक्न सकिन । म टिक्ने थिएँ रवि भाइ, हो म टिक्ने थिएँ तर पार्टीले मलाई टिकाउन सकेन । घरसँग विद्रोह गरेर मैले योसँग बिहे गरेको थिएँ किनभने यो नेवार हो र म बाहुन हुँ । घरसँगको नाता टुटेपछि मसँग पार्टीबाहेक अरू केही थिएन । ०३८ सालको हिउँदको समय थियो त्यो । जुनबेला भर्खरै ठूलो छोरा जन्मिएको थियो, मलाई टाइफाइडले समात्यो र म एक महिना थला परें । त्यो बेला नेताहरूले भने, तपाईँ घर जानोस् । के यो ममाथि अन्याय थिएन ? कहाँ जाने घर ? घरसँग त मैले विद्रोह गरेको थिएँ । सुत्केरी स्वास्नीलाई समेत ससुरालीको भरमा छाडेर हिँडेको थिएँ । त्यहीबेला मैले सोचें यस्तै ताल हो भने नेताहरूले मार्छन्, अनि म रोगी जिउ लिएर ससुरालीमा स्वास्नीसँग पसारो पर्न आएँ । जब ससुरालीले मेरो उपचार गऱ्यो अनि मलाई लाग्यो - सबै कुरा त्यागेर मात्र केही हुँदैन, आफ्नै निजी बन्दोबस्त पनि हुनुपर्छ । तपाईँलाई थाहा छ रवि भाइ, यो आइमाईले त्यसबेला मलाई के भनी ? हो, यसले भनी - कि मलाई छोड कि राजनीति छोड ।* (पृ. ३०९)

यसरी लुमडीप्रसाद बाह्य रूपमा वामसमर्थक देखिए पनि कुनै पनि अर्थमा वामसमर्थक होइन भन्ने कुरा स्विकार गर्न बाध्य छन् र लुमडीप्रसाद आफूले खनेको खाल्डोमा दिनप्रतिदिन भाँसिदै गएको एक चरित्रको रूपमा उपन्यासमा चित्रित छ ।
यसर्थ लुमडीप्रसाद प्रतिकूल चरित्रका गतिशील सहायक पुरुष पात्र हुन् । उनलाई व्यक्तिगत, मञ्चीय र मुक्त पात्रका रूपमा चित्रण गर्न सकिन्छ ।

### ४.४.११ अन्य सहायक पात्रहरू :

**नयाँ घर** उपन्यासका अन्य सहायक पात्रहरूमा सुन्दर थपलिया, खिलराज गौतम, भरत र कमल रहेका छन् । उपन्यासमा सुन्दर थपलिया र खिलराज गौतमजस्ता चरित्र खलपात्रका रूपमा आएका छन् । सुन्दर थपलिया सूर्यलाई राजनीतिमा लाग्न अभिप्रेरित गर्ने पात्र भए पनि पछिल्लो समयमा पूँजीवादी चिन्तनप्रति झुकाव राख्ने पात्र हुन् । राजनीतिक क्रियाकलापमा खासै उल्लेख्य भूमिका नरहे तापनि क्षितिजजस्ता स्वार्थी नेताहरूले उनलाई नै चुनावको टिकट दिन प्रेरित गर्छन् र उनकै विजय हुन्छ । यस अर्थमा उनी अवसरवादी नेता हुन् ।
खिलराज गौतम तत्कालीन राज्यव्यवस्थाको एक क्रुर पञ्चहरूको प्रतिनिधि पात्र हुन् । आफ्नो स्वार्थका लागि जस्तोसुकै नीच काम गर्न पनि पछि नपर्ने क्रुर, फटाहा र निरङ्कुश पात्र हुन् । गाउँमा आफूविरूद्ध पर्चा छरेपछि सूर्य र सानुभाइलाई पुलिस हिरासतमै दर्दनाक यातना दिने काम समेत गरेका खिलराज शोषक सामन्त नै हुन् ।
भरत यस उपन्यासमा देखापर्ने पूँजीवादी चिन्तनबाट ग्रसित एक सहायक पुरुष पात्र हुन् । सूर्यको सहपाठी भरत वैचारिक रूपमा प्रगतिशील देखिए तापनि व्यवहारमा उतार्न सक्दैनन् । उनी परम्परावादी सोच र पूँजीवादी चिन्तनबाट टाढा रहन सकेका छैनन् । सूर्यसँगै चितवन भ्रमणमा जाँदा त्यहाँको अवस्थाबाट डराई सञ्चो नभएको बहाना बनाई केही दिनमै फर्केका भरत उपन्यासको उत्तरार्धमा सूर्यको खुट्टाको उपचार गर्ने डाक्टरको रूपमा देखापर्दछन् । सूर्यको उपचारमा डाक्टरको कर्तव्य राम्रैसँग निर्वाह गरेका भरत गतिशील स्वभावका अनुकूल चरित्रका रूपमा व्यक्तिगत मञ्चीय बद्ध सहायक पुरुष पात्र हुन् ।
नारायणगढमा ग्यारेज चलाएर बसेको कलम शारीरिक रूपमा अग्लो, छिटोछिटो बोल्ने स्वभावका अनुकूल सहायक पुरुष पात्र हुन् ।

*देश बोक्नु पर्ने मान्छेले कहाँ झोला गह्रुँगो भयो भन्न मिल्ला र गाँठे ! (पृ.. ७७)*

भन्ने उनको भनाइबाट उनी हँसिमजाक गर्दै मानवमुक्तिका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने मानसिकता बोकेका चरित्र हुन् भन्ने कुरा थाहा हुन्छ । चितवन भ्रमणमा जाँदा सूर्यले भेटेको कमल नयाँ ठाउँमा कुनै काम कुरा गर्नुभन्दा अगाडि सतर्क हुनुपर्ने सन्देश दिने कमल उनका सहयोगी झैँ देखापरेको छ । वैवाहिक बन्धनमा बाँधिएका कारण सक्रियरूपमा राजनीतिमा लाग्न नपाएको दुखेसो कमलले पोखेका छन् । वास्तविक नाम श्याम भए पनि कमल नै यिनको परिचय बनेको छ, उपन्यासमा । राप्ती नदी हुँदै किरणसँग भेट गराउन कमलको महत्वपूर्ण भूमिका छ । प्रधानपञ्च रामप्रसाद शर्मालाई जनकारवाही गर्ने महत्वपूर्ण कार्यमा सूर्यसँगै सहभागी भएका कमलमा क्रान्तिकारी चेतना पाउन सकिन्छ । उनी यस उपन्यासका अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध सहायक पुरुष पात्र हुन् ।

## ४.५ नयाँ घर उपन्यासका गौण पात्रहरू

**नयाँ घर** उपन्यास बहुल पात्रहरू भएको उपन्यास हो । यसर्थ उपन्यासमा थुप्रै गौण पात्रहरू रहेका छन् । यसलाई निम्नानुसार हेर्न सकिन्छ :

१. सूर्यकी आमा
२. हजुरबा
३. रेणु
४. रामप्रसाद शर्मा (प्रधानपञ्च)
५. मन्त्री
६. लुमडीकी श्रीमती
७. हरिमान
८. सिलसिलाकी आमा
९. भारतीय साहु
१०. कार्की काका
११. अमोघ
१२. महादेव
१३. धनमुने घर्ती
१४. बिन्तिको बुबा
१५. चमेली

१६. रामकुमार लिम्बु

१७. इन्स्पेक्टर

१८. सानुचा

१८. मनरूपा

सूर्यकी आमा सूर्यको पालनपोषण र पढाइका लागि मरिमेट्ने एक गौण स्त्री पात्र हुन् । सूर्य सानै छँदा  नै पतिवियोगको पीडा खपेकी सूर्यकी आमा छोरा ठूलो भएपछि डाक्टर बन्नेछ र सुखका दिन आउनेछ भन्ने आशाकासाथ कठिन जीवन बाँचिरहेकी छिन् तर उनको इच्छा पूरा हुन पाउँदैन । जीवनमा सुखको अनुभूति कहिल्यै गर्न नपाएकी आमाले आफ्नो छोरो राजनीतिमा लागेर आफ्नो परिवारलाई नै रुवाएको महसुस गरेकी छिन् । उपन्यासका अधिकांश दृश्यमा उनको आँखामा आँसु मात्र देखिन्छ, हाँसोको एकै पल भेट्न पनि मुश्किल छ । सूर्य आन्दोलनकै क्रममा जेल परेर छुटेको केही दिनपछि नै लामो समयदेखि रोगबाट ग्रसित आमाको वीर अस्पतालमा मृत्यु हुन पुग्दछ । आमामा पूँजीवादी चिन्तन तथा परम्परावादी चिन्तन तथा परम्परावादी सोच विकसित भएको पाइन्छ । उनी यस उपन्यासमा स्थिर स्वभावकी अनुकूल तथा व्यक्तिगत, मञ्चीय र बद्ध गौण स्त्री पात्रका रूपमा उपस्थित भएकी छिन् ।

सूर्यका हजुरबा छोरोको मृत्युको दुःखद क्षणलाई नजिकबाट नियालेका, पारिवारिक कठिनाइलाई आफ्नो काँधमा बोकेर बूढो हड्डी घोट्न बाध्य एक गौण पुरुष पात्र हुन् । घरमा चुल्हो नबल्नाले परिवारले भोग्नुपरेको अभाव र पीडाका कारण ज्यामी काम गर्न हजुरबा बाध्य भएका छन् । नाति सूर्यको भोकलाई शान्त पार्न रातको झरीमा पनि सूर्यसँग छिमेकी घरको बारीमा रहेको नास्पाती झार्न पुगेका हजुरबाको दर्दमय चित्रण यस उपन्यासमा गरिएको छ । खोक्दा खोक्दा रगत छाद्न पुगेका हजुरबा आफ्नो रोगलाई लुकाउन बाध्य छन् । विरामीबाट राम्रोसँग तङ्ग्रिनसमेत नपाउँदै प्रधानपञ्चको घर बनाउन ढुङ्गा खन्ने काम गर्दागर्दै लडेर हजुरबाको मृत्यु हुन पुग्दछ । जीवनमा कहिल्यै सुखको सास फेर्न नपाएका हजुरबाको नाति सूर्यप्रतिको अगाढ प्रेम, पारिवारिक जिम्मेवारीलाई शरीरले सकुञ्जेल वहन गर्ने एक अनुकूल, गतिशील, व्यक्तिगत मञ्चीय र बद्ध गौण पुरुष पात्र हुन् ।
राजनीतिक सङ्गठनमा आबद्ध रेणु **नयाँ घर** उपन्यासकी गौण स्त्री पात्र हुन् । साह्रै चञ्चले स्वभावकी रेणु शिवलालकी प्रेमिका हुन् । सङ्गठनको पहिलो भेलामा साह्रै लजालु देखिएकी

रेणु सङ्गठनमा लागिरहने प्रण पनि गर्छिन् तर समयको अन्तरालसँगै रेणुमा मानसिक विक्षिप्तता बढ्दै जान्छ र बिरामी हुँदै जान्छिन् । एकदिन सबै कुरा पोख्ने मनसायले सूर्यको घरमा त आउँछिन् तर वातावरण अनुकूल नभएर केही नभनी घर फर्किन्छिन् । हाम्रो समाजमा व्याप्त अन्धविश्वासलाई रेणुमार्फत देखाउन खोजिएको छ, उपन्यासमा । बिरामी रेणुको उपचार झाँक्रीबाट हुन्छ तर रोग पत्ता नलाग्दै रेणुको मानसिक विक्षिप्तताले उनलाई आत्महत्या गराउन पुग्दछ । आखिरमा प्रधानपञ्चको छोरोबाट बलात्कृत हुन पुगेकी रेणुको उपचार झाँक्रीबाट कहाँ सम्भव थियो र ? रेणुजस्ता ग्रामीण युवतीहरू प्रधानपञ्च र उसका सह-सम्बन्धीहरूको यौन शिकार हुन पुग्ने अवस्थाको चित्रण यस उपन्यासमा गरिएको छ । यसको विरुद्धमा आवाज उठाउने हिम्मत साधारण गाउँलेहरू गर्न सक्दैनन् भन्ने यथार्थतालाई यहाँ प्रस्तुत गरिएको छ । रेणु यस उपन्यासकी अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध गौण पात्र हुन् ।

रामप्रसाद शर्मा चितवनका शोषक, सामन्त र त्यहाँका हरिमानजस्ता गरीब र दलितलाई आफ्नो मुट्ठीमा पार्न जस्तोसुकै नीच काम गर्न पनि पछि नहट्ने स्वभावको एक गौण, प्रतिकूल पुरुष पात्र हुन् । यस्ता स्वभावका मानिसहरूको एकदिन अवश्य अन्त्य हुन्छ भन्ने कुरालाई किरण, लालसिंह जस्ता क्रान्तिकारी व्यक्तिहरूले गरेको जनकारवाहीबाट प्रस्ट हुन्छ । उनी यस उपन्यासका गतिशील स्वभावका वर्गीय, मञ्चीय र बद्ध गौण पुरुष पात्र हुन् ।

यस उपन्यासमा मन्त्री, भारतीय साहु, बिन्तिका बाबु, लुमडीप्रसादकी श्रीमती, इन्स्पेक्टर जस्ता पात्रहरू प्रतिकूल स्वभावका चरित्रहरू हुन् भने हरिमान, सिलसिलाकी आमा, कार्की काका, अमोघ, महादेव, धनमुने घर्ती, चमेली, रामकुमार लिम्बु, सानुचा, मनरुपा जस्ता पात्रहरू अनुकूल चरित्रका देखिन्छन् । यस्ता अन्य थुप्रै गौण पात्रहरू यस उपन्यासमा उल्लेख छन् ।

माथि उल्लेखित प्रमुख, सहायक तथा गौण पात्रहरूलाई पात्रविधानगत तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

| क्र.सं | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्यबहादुर थापा | पु. | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| २ | सिलसिला महर्जन | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ३ | किरण | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रकाश | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ५ | लालसिंह | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ६ | बिन्तीदेवी श्रेष्ठ | स्त्री | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७ | दिदी (शोभा) | स्त्री | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८ | मीत (रामकृष्ण महर्जन) | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ९ | सन्देश | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| १० | क्षितिज | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ११ | शान्ति शर्मा | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १२ | सुन्दर थपलिया | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १३ | लुमडीप्रसाद पौडेल | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १४ | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १५ | भरत | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १६ | कमल | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १७ | रेणु | स्त्री | गौण | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १८ | हजुरबा | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १९ | खिलराज गौतम | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| २० | रामप्रसाद | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| २१ | मन्त्री | पुरुष | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २२ | हरिमान | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २३ | सिलसिलाकी आमा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| २४ | भारतीय साहू | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २५ | कार्की काका | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २६ | अमोघ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २७ | महादेव | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २८ | धनमुने घर्ती | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| २९ | बिन्तीको बुबा | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३० | चमेली | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३१ | रामकुमार लिम्बू | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३२ | लुमडीकी श्रीमती | स्त्री | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३३ | इन्स्पेक्टर | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गीय | नेपथ्य | मुक्त |
| ३४ | सानुचा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३५ | मनरूपा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |

यसरी **नयाँ घर** उपन्यास बहुल पात्रहरू प्रयोग भएको विशालकायसहितको उपन्यास हो । तापनि सूर्य नै यस उपन्यासको मुख्य पात्र हुन् । सूर्यको भूमिका सुरुदेखि अन्त्यसम्म नै रहेको छ । यसर्थ यो एकनायकत्व भएको, क्रान्तिकारी चिन्तन भएका सर्वहारावादी पात्रहरूको यथोचित चित्रण गरिएको उपन्यास हो ।

# परिच्छेद पाँच

## उपसंहार तथा निष्कर्ष

**नयाँ घर** उपन्यासका घटनाक्रमहरू सूर्यले अस्पतालको शैयामा बसेर स्मरण गरेका घटनामा आधारित देखिन्छ । काठमाडौंको निम्न वर्गीय परिवारमा जन्मेका सूर्यले सानै उमेरमा पितृवियोग सहनुपरेको थियो । त्यसपछि आफ्ना हजुरबालाई आफ्नो अभिभावकको रूपमा ग्रहण गर्न पुगेका सूर्यले अत्यन्त पीडायुक्त अभावको जीवनसँगै हजुरबालाई पनि गुमाउन पुग्दछ । दिदीको तान बुनाइ अनि शारीरिक श्रमले असक्त बन्दै गएकी आमा र सूर्यको जीवन क्रमश : पीडा र अभावसँग अगाडि बढ्दै जान्छ । स्कुलको मेहनती अनि लगनशील छात्रको रूपमा सूर्य क्रमश : कक्षाको तह पार गर्दै बिन्तीको प्रेमसँगै एस्.एल्.सी. परीक्षा समेत उत्तीर्ण गरेपछि मेडिकल कलेजको छात्रको रूपमा अगाडि बढ्दै जान्छ तर एस्.एल्.सी.पछि भेट भएको सुन्दरको संसर्गबाट उनी राजनीतितर्फ होमिन पुग्दछन् र पढाइ समेत बीचमै छोड्छन् । सङ्गठनमार्फत भरतसँगै देश भ्रमणमा निस्केका सूर्य चितवन पुग्दछन् । त्यही समयमा पानीमा रुझ्दै घाँस काटिरहेकी एउटी बूढी घाँसे हिलोको धापमा फसेर मृत्युवरण गर्न पुग्दछिन् । यस घटनाले नितान्त विक्षिप्त बन्न पुगेका सूर्यको भेट कमलसँग हुन्छ र उसकै माध्यमबाट उनीहरू गन्तव्यतिर प्रस्थान गर्दछन् ।

यसै सिलसिलामा किरणसँग भेट हुन्छ र बेलुकी बास बसेको घरमा **उत्पीडन** शीर्षकको कथा पढेपछि हरिमान, उसकी बुहारी र नातिनातिनाले भोग्नु परेको दर्दमय कहानीबाट विक्षिप्त हुँदै किरण, लालसिंह, भरत, कमल, सूर्य तथा अन्य थुप्रै गाउँलेहरूले प्रधानपञ्च खिलराज गौतमलाई कारवाही गर्दछन् । कारवाही पछि सूर्यले लालसिंहसँग परिचय गर्दछन् तर भरत भने काठमाडौं फर्कन्छन् । सूर्य र लालसिंह सुकुम्बासी बस्तीमा धनबहादुरलाई भेटेपछि माईलाकी श्रीमती उपचार नपाएर मरेको यथार्थ थाहा पाउँछन् । यसरी देशभ्रमणको क्रममा सूर्यले सामन्ती अत्याचारलाई नजिकबाट नियाल्ने मौका पाए । यसबाट प्रभावित भई सूर्यले पढाइ छोडेर सर्वहारावर्गको मुक्तिको लागि जीवनपर्यन्त लागिरहने प्रण गर्दछन् । घर, साथीभाइ तथा प्रेमिकाबाट समेत साथ नपाए पनि ऊ आफ्नो निर्णय बदल्दैनन् । सधै जाँड-रक्सी खाएर घरमा आतङ्क मच्चाउने आफ्ना बाबुलाई सिस्नुपानी लगाउँदै गरेका सिलसिला र उनका साथीहरूलाई भेट्दछन्, त्यतिवेला ऊ आफ्ना मीत रामकृष्ण र सिलसिलाको सम्बन्धलाई बुझ्न गएका हुन्छन् । केही समयपछि नै मीत र सिलसिलाको बीचमा सम्बन्धविच्छेद हुन पुग्दछ । समयको क्रमसँगसँगै क्षितिज र सन्देशको

सहयोगमा सङ्गठन विस्तार हुँदै जान्छ र गाउँमा प्रधानपञ्चको विरुद्धमा रातभर पर्चा छर्दछन् । केही दिनपछि नै सानुभाइ र सूर्यलाई प्रहरीले पक्राउ गर्न पुग्दछ र पाशविक यातना दिइन्छ । अन्तत : सूर्य प्रहरी-मुक्त भएपछि एकदिन सूर्य र बिन्तीको क्याम्पसमा भेट हुन्छ र प्रेमालाप हुन्छ । फेरि साङ्गठनिक विस्तारकै क्रममा सन्देशसँगै सूर्य सिन्धुपाल्चोक पुग्दछन् तर आफ्नो लक्ष्य पूरा नहुँदै उनी फर्कन्छन् । त्यसपछि बिन्तीसँगको भेट र कुराकानी पछि सूर्यले रक्सीको सहारामा रात काट्ने प्रयासमा रहँदा अचानक रेणु केही कुरा लिएर घरमा आइपुग्छिन् तर केही नभनी फर्किन्छिन् । निकै बिरामी भएकी रेणुको उपचारमा धामी झाँक्री असफल हुन्छन् । अन्तत : प्रधानपञ्चको छोरालगायतबाट बलात्कृत भएको पीडालाई खप्न नसकी पीपलको रुखमा झुण्डिएर आत्महत्या गर्न पुग्छिन्, जुनकुरा सूर्यले समयमै थाहा पाउन सक्दैनन् ।

एकदिन कक्षा १० को बिदाई समारोहमा भेटिएकी बिन्ती र सूर्यको बीचमा निकै बेर वार्तालाप हुन्छ तर यसै प्रसङ्गबाट उनीहरूको प्रेममा तुषारपात हुन पुग्दछ । वि.सं.०४४ ताका मई दिवसको कार्यक्रमबाट गिरफ्तारमा पर्छन् र जेल चलान गरिन्छ, सूर्य । यही समयको बिचमा दिदी र आमा दुबैको उपचार भएर पनि निको हुन सक्दैन र मृत्यु हुन्छ । जेलबाट छुटेको करिब ३ महिनापछि फेरि मई दिवसको कार्यक्रमको तयारीको सिलसिलामा भारतीय साहुसँग झगडा गर्दागर्दैको अवस्थामा उनको भेट प्रकाशसँग हुन पुग्दछ । मई दिवसको सफलतासँगै धेरै जना गिरफ्तारीमा पर्छन् । अर्कोतर्फ केही समयको अन्तरालमा प्रधानपञ्चका भाइको सङ्गतमा अनेक प्रयासबाट प्रशस्त धन-सम्पत्ति कमाउन रामकृष्ण सफल हुन्छन् र उनी अर्कै नयाँ केटीको प्रेममा फस्दछ । यो प्रवृत्तिलाई सहन नसकी सिलसिला सम्बन्धबिच्छेद गरी माइतमै बस्न पुग्छिन् ।

संगठनको विस्तार, बहस कार्ययोजना निर्माण हुँदै गरेको अवस्थामा सूर्यले आफ्नो प्रिय साथी लालसिंहको आँखाको ज्योति गुमेको थाहा पाउँछन् । उपचारका लागि कतैबाट सहयोग नपाएपछि आफ्नो निजी सम्पत्तिको नाममा रहेको घर समेत बेचिदिन्छन् र उनी पूर्णतः सर्वहारा बन्न पुग्दछन् । समयले नयाँ गति लिइरहेको हुन्छ । भारतले नेपाललाई नाकाबन्दी गरिदिन्छ । आन्दोलनका कार्यक्रमहरू सञ्चालनका लागि सूर्यलाई क्षितिजले आफ्नो दाजु लुमडीको घरमा लुकाउन लान्छन् । त्यहाँ शान्तिसँग भेट हुन्छ । लुमडीको घरमा मन्त्री आइरहने गर्दछन् र वातावरण असहज भएपछि सूर्य त्यहाँबाट निस्कन्छन् । आन्दोलनले उग्ररुप लिँदै गईरहेको हुन्छ । धेरैले सहादत प्राप्त गरिसकेको हुन्छन्, थुप्रै घाइते भएका

हुन्छन् र यसै क्रममा प्रकाशको छातीमा गोली लागी मृत्यु हुन पुग्छ । २०४६ साल चैत्र २६ गते जताततै उल्लासमय वातावारण छाउँछ, प्रजातन्त्रको घोषणा हुन्छ, संसदीय चुनावमा सुन्दर थपलियाजस्ताले टिकट पाई सांसद हुन्छ, क्षितिज र सिलसिलाको बिहे हुन्छ, आन्दोलनका दोषी उपर कुनै कारवाही हुँदैन, सच्चा राजनीतिक कार्यकर्ता आहत हुन्छन् र सामन्ती प्रवृत्तिको अन्त्य नभईसकेको प्रमाणित हुन्छ । धेरै समयको अन्तरालपछि सूर्यको भेट बिन्तीसँग हुन्छ र बिन्तीबाट सहयोग स्वरुप एक मुठो रुपैंया दिइन्छ तर सूर्यले अस्विकार गरी हिड्ँछन् । त्यसै वर्षको माघतिर सूर्य चितवनमा प्रकाशको घरमा परिवारलाई भेट्न पुग्दछन् तर त्यहाँ सत्तासीन व्यक्तिहरूले सुकुम्वासी बस्तीमा आगो लगाइदिन्छन्, धेरैको विचल्ली हुन्छ । सूर्य त्यहाँबाट काठमाडौं फर्केपछि फेरि आन्दोलन हुन्छ । सिलसिलाले पूँजीवादी प्रवृति र एन्.जी.ओ. चलाएर घरमै सीमित हुनुपर्ने बाध्यात्मक स्थितिको विरोध गर्छिन् र क्षितिजसँग सम्वन्धविच्छेद गर्न पुग्छिन् । आन्दोलनकै क्रममा सूर्यले आफ्नो खुट्टा गुमाउन पुग्छन् । शान्तिको प्रेमपूर्ण रेखदेखमा सञ्चो भएपछि सूर्य र शान्तिको बिहेको प्रसङ्ग उपन्यासमा उठाइएको छ । सिलसिला आफ्नो छोरो अमोघलाई सूर्यको जिम्मामा छोडेर सङ्गठन विस्तारमा लाग्छिन् । अमोघले तानाशाहहरूप्रति देखाएको घृणा र देशको लागि जीवन समर्पण गर्नेहरूप्रति देखाएको सम्मान सँगै **नयाँ घर** उपन्यासलाई विश्रान्ति दिइएको छ ।

**नयाँ घर** उपन्यासमा वि.सं. २०३६-२०४८ सम्मका राजनैतिक उथलपुथललाई प्रस्तुत गरिएको छ । उपन्यासमा निम्नवर्गीय जनताहरूले शोषक र सामन्तहरूबाट सताइनुको पीडा व्यक्त भएको छ । **नयाँ घर** उपन्यासको वैचारिकता प्रगतिवाद हो त्यसैले यो मार्क्सवादी सिद्धान्तअनुसार निर्देशित छ । एउटा गरिब परिवारमा जन्मिएको सूर्यको जीवनवृत्तलाई समातेर उपन्यासकारले पञ्चायती शासनव्यवस्थामा सत्ताका हिमायतीबाट भएको दमन, नेपाली जनताले आन्दोलनमा देखाएको समर्पण, वामपन्थी नेताहरूमा देखिएको सैद्धान्तिक स्खलन र पूँजीवादी चिन्तनको हावीजस्ता तथ्यहरूलाई देखाएका छन् । तत्कालीन सामाजिक राजनैतिक परिवेशलाई पनि यथोचित विश्लेषण गरेका छन् । सङ्घर्षपछि जनतालाई छोडेर भाग्ने नेताहरू, पार्टीभित्रै रातारात पैसा कमाएर धनाढ्य बन्ने मानिसहरू, चुनावमा उम्मेदवार बन्न हुरुक्कै हुनेहरू, गाउँको दु:खकष्टको जिन्दगी त्यागेर सहरमा घर-घडेरीको बन्दोबस्त गर्ने तथा छोराछोरीहरूलाई बोर्डिङ्गमा पढाउन तम्सनेहरू, एन्.जी.ओ. मा फँसेर साम्राज्यवादका गोटी बन्नेहरू, किसान ठग्नेहरू, डिग्री प्राप्त गर्नुलाई

सबकुछ ठान्नेहरू, सङ्कटको घडीमा भाग्ने र सजिलो परिस्थितिमा क्रान्तिकारी देखिन खोज्नेहरू, महिलाहरूमाथि पुरुष सत्तावादी हैकम जमाउन चाहनेहरू यी सबका विरुद्ध उपन्यासकारले जेहाद छेडेका छन् । आहुतिले प्रस्तुत उपन्यासमा नेपाली जनताले इतिहासको कालखण्डदेखि मानवजातिले भोग्नुपरेको पीडाको उद्घाटन गरेका छन् । त्यस्तै मानवमुक्तिका लागि सम्पूर्ण सर्वहारावर्गले दिलोज्यान दिएर क्रान्ति गर्नुपर्ने उनको विचार छ । नारीलाई सामान्य भोग्या वस्तुको रूपमा ठान्ने पुरुषवादी चिन्तनको विपक्षमा मत जाहेर गर्दै नारीलाई स्वअस्तित्त्व र आत्मनिर्णयको अधिकारको निम्ति लड्नसमेत आह्वान गरेका छन् ।

निम्नवर्गीय समाजको उपज सर्वहाराकरणको अभियान एकातिर उपन्यासको उद्देश्य रहेको छ भने नेपालको कम्युनिस्ट पार्टीको स्वरूप, संस्कार र संरचनामा दिन प्रतिदिन बढ्दै आएको पूँजीवादी, नवआधुनिकवादी विकृतियुक्त संस्कारलाई सचेततापूर्वक स्थापित गरेको तथ्य फेला पार्न सकिन्छ । उपन्यासकारले सूर्यलगायतका पात्रको माध्यमबाट आर्थिक शोषण र यसविरुद्ध वर्गीय चेतना, सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतना, परम्परागत धार्मिक कुसंस्कार र अन्धविश्वासविरुद्ध चेतना, प्रेम विवाह र यौनसम्बन्धी नवीन चेतनालाई उपन्यासमा देखाउन खोजेका छन् । वास्तवमा आज परिवार पूर्णतयाः पुरानो प्रतिक्रियावादी मान्यतामाथि टिकेको छ र त्यो मान्यतालाई नतोडिकन कोही क्रान्तिकारी आन्दोलनमा अगाडि बढ्न सक्दैन, त्यसको अर्थ पारिवारिक सम्बन्ध, माया प्रेम आदिको पूर्णतामा निषेध होइन बरु त्यस्तो सम्बन्धलाई उच्च क्रान्तिकारी आधारमा स्थापित गर्नु हो । उपन्यासले त्यो आर्दशलाई प्रस्तुत गर्न खोजेको छ ।

**नयाँ घर** उपन्यास प्रगतिवादी धारमा लेखिएको हो । सामान्य किसान, मजदुर, दलित, उत्पीडितप्रति जमिन्दार, पूँजीपतिवर्गद्वारा गरिएको दमन, शोषण, जातीय विभेदलाई उपन्यासले देखाएको छ । अवसरवादी वामपन्थी नेताहरूको स्खलित चरित्र, नारीको आत्मनिर्णयको माग तथा सर्वहारावादी मात्र कम्युनिस्ट आन्दोलनको नेता हुन सक्छ भन्ने देखाउनु यो उपन्यासको अभीष्ट हो । इतिहासप्रति जिम्मेवार नभइकन लेख्नु भन्दा कुनै चुरा पसल खोलेर बस्नु बेस हुन्छ (आहुति, २०५० : भूमिका) भन्दै इतिहासप्रति सचेत लेखकले इतिहासको कालखण्डदेखि मानवजातिले भोग्नुपरेको पीडालाई उपन्यासमा उजागर गरेका छन् । ठूलो सङ्ख्यामा रहेका शोषित, पीडित र दमित वर्गका जनताले नयाँ राजनीतिक प्रणाली र त्यसको विविध विधानलाई एउटा नयाँ र सुविधायुक्त घरका रूपमा स्विकारेको

र त्यस घरले अझ बहुजनहिताय र सुखायको उद्देश्य परिपूर्ति गरिनुपर्ने सन्देश दिएको छ । **नयाँ घर** उपन्यासमा शोषक र शोषितवर्ग बीचको आन्तरिक तथा वाह्य द्वन्द्वलाई स्पष्ट देखाइएको छ । पञ्चायती शासन व्यवस्थामा जनताले भोग्नुपरेको पीडा, सामन्तहरूको गरिब र निर्धनहरूप्रतिको शोषण, पुरुषले महिलाप्रति गरेको दमन, नेपाली जनताले गरेको क्रान्ति र प्रजातन्त्रको पुन : स्थापना, प्रजातन्त्रको पुन : स्थापनापछि नेताहरूमा देखिएको खिचातानी प्रवृति, राजनीतिमा देखिएको कुप्रवृतिका साथै क्रान्तिकारी कार्यकर्ताहरूको प्रेम जीवनको नीरसतालाई समेत यसमा देखाइएको छ । यसर्थ यसमा समकालीन यथार्थलाई देखाउने प्रयास गरिएको छ र मुख्यतः उपन्यासको मूल विषय वस्तु सामाजिक यथार्थ नै रहेको देख्न सकिन्छ ।

# सन्दर्भसूची


अधिकारी, डी.पी. (२०६०), **'सिर्जना एक : मूल्याङ्कन अनेक',** जनएकता, वर्ष ८ अंक, ३४, पृ.. ४ ।

अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

आहुति (२०४९), **तपस्वीका गीतहरू,** काठमाडौं : प्रगति पुस्तक सदन ।

आहुति (२०५०), **नयाँ घर,** काठमाडौ : प्रगति पुस्तक सदन ।

आहुति (२०५९), **स्खलन**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

आहुति (२०६१), **धुवाँ, आगो र मानिस,** ललितपुर : सहस्राब्दी प्रकाशन प्रा.लि.।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, ललितपुर : साझा प्रकाशन ।

चैतन्य, (२०६२), 'नयाँ घर : एक नयाँ आयाम', **नयाँ घर,** लेखक आहुति, बुटवल : विश्व नेपाली पुस्तक सदन ।

न्यायिक मञ्च प्रकाशन प्रा.लि. (२०५०), नयाँ घर उपन्यासको प्रकाशकीय भूमिका, **नयाँ घर,** लेखक आहुति, बुटवल : विश्व नेपाली पुस्तक सदन ।

न्यौपाने, टंकप्रसाद (२०४९), **साहित्यको रूपरेखा (दो.सं.),** ललितपुर : साझा प्रकाशन

पौड्याल, गोपीन्द्र (२०५९), **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौं : उर्मिला पौडेल ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौथो सं.ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्य शास्त्र,** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन ।

........(२०५८), **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो सं, ललितपुर साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५९), **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

.......... र खगेन्द्रप्रसाद लुइटेल (२०६२), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र (२०५१), **आहुतिको नयाँ घर एक पाठकको दृष्टिमा,** वेदना पत्रिका

सिंह, मोहनविक्रम (२०६२), 'एउटा नयाँ र साहसिलो प्रयोग' **नयाँ घर,** लेखक आहुति, बुटवल : विश्व नेपाली पुस्तक सदन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, : ललितपुर : साझा प्रकाशन

................. (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, : वाराणसी : भूमिका प्रकाशन